




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» मंगलबार, भदौ २०, २०७४ » Tuesday, September 5, 2017 » www.newsofnepal.com » नेसं ११३७ ञला थ्व: १४ » वर्ष २३, अंक २३८ » पृष्ठ १२ » मूल्य रू. १०/–


# अहिलेसम्मकै ठूलो परिमाणको सुन बरामद

## नेपाल सुन तस्करीको अन्तर्राष्ट्रिय ट्रान्जिट बन्दै

ईश्वरराज ढकाल, काठमाडौं

प्रहरीले राजधानीबाट ८८ किलो सुन बरामद गरेको छ। बरामद भएको अवैध सुन तस्करीमा चिनियाँ नागरिकको संलग्नता रहेको प्रहरीले दाबी गरेको छ।

तीन दिनदेखि सुराकीमा खटिएको महानगरीय प्रहरी अपराध महाशाखाको टोलीले सोमबार बिहान २ बजे क्षेत्रपाटीमा पार्किङ गरिरहेको एक सवारीसाधनबाट उक्त परिमाण सुन बरामद गरेको हो।

प्रहरीले गाडीमा सुन रहेको आशंकामा राति ९ बजेदेखि नै उक्त गाडीलाई निगरानी गरिरहेको थियो। बिहान गाडी स्टार्ट गर्नासाथ प्रहरीले चालकलाई सुनसहित पक्राउ गरेको थियो।

केरुङ नाकाबाट ठूलो परिणाममा सुन आउँदै गरेको सुराकीका आधारमा महानगरीय प्रहरी अपराध महाशाखाका एसपी नरेन्द्रप्रसाद उप्रेतीको नेतृत्वमा खटिएको टोलीले उक्त सुन बरामद गरेको हो। बा१७च ६४२७ नम्बरको टाटा स्ट्रोमको विभिन्न पार्टपूर्जामा लुकाइराखेको अवस्थामा सो सवारीसाधनका मकवानपुरका



चालक मनोज अधिकारीलाई सुनसहित पक्राउ गरेको हो।

चालक अधिकारी सुन तस्करसँग संलग्न रहेको प्रहरीको प्रारम्भिक अनुमान गरेको छ। गाडीमा सुनौलो रङको भीआईपीको लोगो राखेर उक्त सुन काठमाडौं ल्याइएको थियो। उक्त सुन गाडीको चक्का, सिट, साइडलाइट, डिक्कीलगायतका स्थानमा लुकाइएको थियो।

गाडी चालक अधिकारीले सुन कहाँबाट कसरी राजधानी भित्रिएको हो भन्ने विषयमा केही पनि जानकारी दिएका छैनन्। 'उनी भरियामात्रै नभई संलग्न नै देखिएको छ।' -महाशाखाका प्रमुख एसएसपी दिवेश लोहनीले भन्नुभयो।

पछिल्लो करिब एक महिनादेखि सो नाकाबाट अवैध सुन राजधानी भित्रिने गरेको प्रहरीको अनुमान छ। चीनको केरुङ नाकाबाट नेपालमा सुन भित्र्याएर भारत लैजाने गरेको प्रहरीको अनुमान छ। चिनियाँ व्यापारीले नेपालमा ल्याएको सुन नेपाली व्यापारीलाई नै बेच्ने गरेको प्रहरीको आशंका छ।

प्रहरीले सुन बरामद गरेलगत्तै अनुसन्धान शुरू गरेको छ। नेपाललाई ट्रान्जिट बनाई भारतलगायतका मुलुकमा सुन तस्करी बढ्न थालेको आशंका गर्दै प्रहरीले अनुसन्धान शुरू गरेको छ।

महाशाखाका प्रमुख लोहनीले सोमबार बरामद गरिएको सुन चाइनिज व्यापारीले ल्याएको हुनसक्ने जानकारी दिनुभयो। बरामद भएको सुनको बजारमूल्य करिब ४३ करोड रुपियाँ रहेको छ। नेपालमा यति धेरै परिमाणमा सुन बरामद गरिएको यो पहिलो घटना हो।

यसअघि गत पुसमा दुबईबाट काठमाडौं ल्याउँदै गरेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब ३४ किलो सुन बरामद गरिएको थियो। प्रहरीले ५ दिनअघि राजधानीबाटै १५ किलो र साउन २८ गते ८ किलो सुन बरामद गरिसक्केको छ। प्रहरीले अवैध सुन कुनै व्यापारीको हुनसक्ने आशंका गरेको छ।

एसएसपी लोहनीले संगठित गिरोहले सुन भित्र्याएको जानकारी गराउँदै संगठित अपराधअन्तर्गत मुद्दा दायर हुने बताउनुभयो। घटनामा कसको संलग्नता रहेको छ भन्ने विषयमा छानबिन भइरहेको जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## सुरक्षा निकायकै स्कर्टिङमा ८८ किलो सुन तस्करी ?

दीपक रिजाल, काठमाडौं

नेपालको भूमि प्रयोग गरी तिब्बतबाट नेपाल हुँदै भारततर्फ तस्करी हुन लागेको ८८ केजी सुन सुरक्षा निकायको स्कर्टिङमा काठमाडौं आइपुगेको नयाँ रहस्य पत्ता लागेको छ।

तिब्बतको नाका रसुवागढीबाट नेपाल प्रवेश गरेको उक्त सुन कहीं पनि चेकजाँच नभई काठमाडौं आइपुगेको तथ्य फेला परेको छ। राजधानीको पर्यटकीयस्थल ठमेलमा होटल सञ्चालन गर्दै आएका चिनियाँ नागरिक याङवेन विङ र पान विङ मिडले मगाएको उक्त सुन प्रहरीले सुराकीको आधारमा सोमबार क्षेत्रपाटीबाट पक्राउ गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)



रसुवागढी नाकामा चेक जाँच गर्दा सुन फेला नपरेको सोही गाडी राजधानीको क्षेत्रपाटीमा चेक गर्दा ८८ किलो सुन बरामद भएको थियो।





हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


### प्रदेश नम्बर २ को स्थानीय निर्वाचन

## पहिलो शक्ति बन्ने दौड

मधुसूदन रायमाझी, काठमाडौं

आगामी असोज २ गते प्रदेश नम्बर २ मा हुने स्थानीय तहको निर्वाचनका लागि राजनीतिक दलले चुनावी अभियानलाई तीव्रता दिएका छन्। निर्वाचनका लागि राजनीतिक दलले अभियान नै सञ्चालन गरेका छन्। स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय जनता पार्टीले दुई नम्बर प्रदेशमा पहिलो शक्ति बन्ने दाबी गरेका छन्।

सत्तारूढ दल कांग्रेसले यसअघि ६ वटा प्रदेशमा भएको निर्वाचनमा अपेक्षाकृत रूपमा परिणाम ल्याउन नसके पनि असोज २ गते हुने स्थानीय तहको निर्वाचनमार्फत पहिलो शक्ति बन्ने दाबी गरेको छ।

प्रमुख प्रतिपक्ष दलले अहिलेको अग्रता कायमै राख्दै असोज २ गतेको निर्वाचनपछि पहिलो स्थान कायमै राख्ने योजना बनाएको छ। सत्तारूढ दल माओवादी केन्द्रले पनि २ नम्बर प्रदेशमा आफ्नो पार्टी पहिलो शक्ति बन्ने दाबीसहित पार्टीको केन्द्रीय कार्यालयको बैठक नै दुई नम्बर प्रदेशमा स्थापना गरेको छ। यसअघिको स्थानीय तहको निर्वाचनमा भाग नलिएको राजपा पनि निर्वाचनमा पहिलो शक्ति हुने दौडमा रहेको छ।

असोज २ गते तेस्रो चरणमा हुने स्थानीय तहको निर्वाचमा ८ जिल्लाअन्तरगत १ सय २७ स्थानीय तहमा निर्वाचन हुँदै छ। यसअघि वैशाख ३१ र असार १४ गते गरी ६ वटा प्रदेशअन्तरगत पहिलो चरणमा २ सय ८३ र दोस्रो चरणमा ३ सय ३४ स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ।

निर्वाचनका लागि राजनीतिक दलले आफ्नो पक्षमा भोट तान्ने अभियान शुरू गरिसकेका छन्। राजपा पनि स्थानीय तहको निर्वाचनबाट प्रदेश नम्बर २ मा पहिलो शक्तिका रूपमा स्थापित हुने रणनीतिमा लागेको छ। पार्टीका शीर्ष नेताहरू सबै निर्वाचनमा खटिएका छन्। निर्वाचनमा पहिलो शक्ति हुने दाबीसहित पार्टीभित्र टिकट लिने पनि हानाथाप शुरू भएको छ।

राजनीतिक दलले मुख्य गरी दुई नम्बर प्रदेशमा हुने स्थानीय तहको निर्वाचनमा संसद्बाट फेल भएको संविधान संशोधन विधेयकलाई नै एजेन्डा बनाउने देखिएको छ। सत्तारूढ दल कांग्रेस, माओवादी केन्द्र र राजपा संविधान संशोधन विधेयक फेल हुनुको मुख्य दोषी प्रमुख प्रतिपक्ष दल एमालेलाई देखाउँदै आफ्नो पक्षमा भोट तान्ने तयारीमा छन् भने एमालेले संविधान संशोधन विधेयक फेल गराएर राष्ट्रियतलाई बलियो बनाएको एजेन्डा बनाउने भएको छ।

राजनीतिक दलका शीर्ष नेताहरू चुनाव केन्द्रित अभियानमा जुटेका छन्। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एक साता २ नम्बर प्रदेशको निर्वाचनको अभियानमा सहभागी भएर काठमाडौं फर्किनुभएको छ। माओवादीले सिंगो पार्टी कमिटीलाई २ नम्बरमा केन्द्रित गरेको छ। प्रचण्डका प्रेस संयोजक मनहरि तिम्सिनाका अनुसार केही दिनमा नै पुनः दुई नम्बर प्रदेशको निर्वाचनको क्रममा हुने कार्यक्रममा प्रचण्ड सहभागी हुनुहुनेछ। माओवादीका शीर्ष नेताहरू सबै चुनावी अभियानमा जुटेका छन्।

सत्तारूढ दल कांग्रेसले पनि दुई नम्बर प्रदेशमा हुने स्थानीय तहको निर्वाचनमा पहिलो शक्ति बन्ने दाबीसहित चुनावी अभियानलाई तीव्र पारेको छ। पार्टी सभापतिसमेत रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवा चुनावी अभियानमा जाने कार्यक्रम तयार भइरहेको सचिवालयले बताएको छ।



### कांग्रेस, एमाले माओवादी केन्द्र र राजपाको आ-आफ्नै दाबी

प्रमुख प्रतिपक्ष दल एमालेले पनि पार्टी संगठनलाई दुई नम्बर प्रदेशमा केन्द्रित हुन निर्देशन दिँदै चुनावी अभियानलाई तीव्रता दिएको छ। भदौ ३० गते बर्दिवासमा हुने चुनावीसभामा सहभागी हुने कार्यक्रम तय भएको एमालेका अध्यक्ष केपी शर्मा ओलीका स्वकीय सचिव अनिश दाहालले बताउनुभयो।

राजपाका शीर्ष नेताहरू पनि पहिलो शक्ति हुने दाबीसहित चुनावी दौडमा लागेका छन्। राजपाका अध्यक्ष मण्डलका सदस्य राजकिशोर यादवले सिंगो पार्टी निर्वाचनमा होमिएको बताउनुभयो।

२ नम्बर प्रदेशका ८ जिल्लामा २६ लाख ६४ हजार ९ सय ५० मतदाता रहेका छन्। एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १ सय ३६ स्थानीय तह रहेको छ।

### पछि हट्यो कांग्रेस

## भ्रष्टाचारीले चुनाब लड्न नपाउने

बीपी साह, काठमाडौं

भ्रष्टाचारसहित फौजदारी अपराधमा सजाय पाइसकेकाले चुनाब लड्न पाउने मागबाट कांग्रेस पछाडि हटेपछि प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्य निर्वाचन विधेयक पारित भएको छ।

व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिमा कांग्रेसका सांसदको संशोधन प्रस्तावका कारण लामो समयदेखि विवादित बन्दै आएको विधेयक सोमबार नै समिति र संसद्बाट पारित भएको हो।

पारित भएको प्रतिनिधिसभा विधेयकअनुसार भ्रष्टाचार, बलात्कारसहितको नौवटा मुद्दामा सजाय पाएका व्यक्ति उम्मेदवार बन्न पाउनेछैनन्। विधेयकको दफा १३ को (ङ) मा भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री-वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै पनि कसुरमा जन्मकैद वा २० वर्ष वा सोभन्दा बढी कैद सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति उम्मेदवार बन्न नपाउने प्रावधान राखिएको छ।

कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा निकट सांसदले यस प्रावधानमा संशोधनको माग गर्दै सजाय पाइसकेको तीन वर्षपछि निर्वाचनमा उम्मेदवार बन्न पाउने व्यवस्था राख्न माग गरेका थिए। यस विधेयकका कारण प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन नै ओझेलमा पर्ने भएपछि कांग्रेस पछि हटेको हो।

समितिका सदस्य आनन्दप्रसाद ढुंगानाले गृहमन्त्री जनार्दन शर्माले विधेयक पारित नगरे निर्वाचनमा नै असर पर्ने भन्दै संशोधन फिर्ता लिन आग्रह गरेअनुसार सबै संशोधन फिर्ता लिएको *नेपाल समाचारपत्र*लाई बताउनुभयो।

राज्य व्यवस्था समितिमा संशोधनकर्ता सदस्यले सबै संशोधन फिर्ता लिएपछि सरकारले प्रस्ताव गरेको 'नो भोट'को व्यवस्था पनि फिर्ता भएको छ। संशोधन फिर्तासँगै महिला उम्मेदवार मात्र प्रतिस्पर्धा गर्न पाउने चक्रीय प्रणालीको व्यवस्था पनि विधेयकमा

- कुन कुन मुद्दाका दोषीले चुनाब लड्न नपाउने ?
- 'नो भोट'को व्यवस्था हट्यो ।
- समानुपातिक सिट पाउन प्रत्यक्षमा जित्नुपर्ने प्रावधान हट्यो ।

सामेल नहुनुको साथै जनप्रतिनिधि फिर्ता बोलाउने 'राइट टु रिकल'सम्बन्धी व्यवस्था पनि विधेयकमा पर्न सकेन।

यसैगरी पारित विधेयकअनुसार अब समानुपातिकतर्फको सिट पाउन प्रत्यक्षमा एक सिट जित्नुपर्ने बाध्यता हटेको छ। समानुपातिकतर्फ सिट सुरक्षित गर्न प्रत्यक्षतर्फ कम्तीमा एक सिट र समानुपातिकतर्फ कम्तीमा तीन प्रतिशत मत ल्याउनुपर्ने प्रावधान हटेको छ।

(क्रमशः पृष्ठ ९ मा)

समय-समयमा नियमित स्वास्थ्य परीक्षण गराउने चलन बिस्तारै सुरू हुन थालेको छ। आम नागरिकको आबश्यकता बुझ्रेर निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षणका विभिन्न प्याकेज उपलब्ध गराउने गरेका छन्। तीनै मध्येको प्याकेज हो, होलबडी चेकअप अर्थात शारीरिक परीक्षण। होलबडी चेकजाँचवारे धेरैले सुनेका त हुन्छन्, तर, त्यसभित्र के-के जाँच गरिन्छ, के-के कुरामा ध्यान दिनुपर्छ भन्ने वारे चाहिँ जानकारी राखेको पाईंदैन।

# ‘होलवडी’ चेकअप कहाँ कति ?



प्रशान्त वली

प्याकेज भन्दै अस्पताल पिच्छे शरीरको पुर्ण स्वास्थ्य परिक्षणका लागी बिरामीहरूले फरक-फरक शुल्क लिने गरेका छन्। फरक-फरक मुल्य हुँदा विरामीहरू अलमलमा पर्ने गरेका छन्। हरेक व्यक्ति स्वस्थ रहन स्वास्थ्य परिक्षणको नितान्त आवश्यक पर्छ। विरामीलाई उपचार गर्नु भन्दा अघि स्वाथ्य अवस्था कस्तो रहेछ भनी पत्ता लगाउन स्वास्थ्य परिक्षण आवश्यक हुन्छ। अझैपनि बिरामी नभई स्वास्थ्य जाँच गर्दैनन। तर हिजोआज जनमानसमा स्वास्थ्यप्रतिको सजगता दिन प्रतिदिन बढ्दै गएको छ।

समय-समयमा नियमित स्वास्थ्य परीक्षण गराउने चलन बिस्तारै सुरु हुन थालेको छ। आम नागरिकको आबश्यकता बुझेर निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षणका विभिन्न प्याकेज उपलब्ध गराउने गरेका छन्। तीनै मध्येको प्याकेज हो, ‘होलबडी चेकअप’ अर्थात शारीरिक परीक्षण। होलबडी चेकजाँचवारे धेरैले सुनेका त हुन्छन्, तर, त्यसभित्र के-के जाँच गरिन्छ, के-के कुरामा ध्यान दिनुपर्छ भन्ने वारे चाहिँ जानकारी राखेको पाईंदैन।

## के हो ‘होलबडी चेकअप’ ?

व्यक्तीले आफ्नो शरीरको स्वास्थ्य अबस्था कस्तो छ भनेर चेकजाँच गर्नु/गराउनुनै होल बडी चेकअप हो। ‘होलबडी चेक’ गर्दा सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा पूर्व जानकारी गराउँछ। होलबडीमा मुख्यत: मानिसको मुटु, कलेजो, फोक्सो, मृगौला, छाती लगायत शरिरको अंगको अबस्थाका बारेमा जानकारी दिने गरिन्छ।

दुवै मृगौलाले सहज तरिकाले काम गरे नगरेको, मुटु, फोक्सो र कलेजोको अवस्था पत्ता शारीरीक परिक्षणबाट जानकारी हुन्छ। परीक्षणपछि के के कुरामा सावधानी अपनाउने भनेर चिकित्सकहरूले सुझाव दिने गर्छन्। ति सुझावहरू अवलम्वन गर्न सकेमा लाखौं खर्चेर निको नहुने रोगहरूबाट सजिलै वच्न सकिन्छ।

होलबडी चेक अपबाट भिडियो एक्सरे, मुत्रथैलीको अबस्था, इसिजी, अल्ट्रासाउण्ड, ईको, थाईराईड परीक्षण गरी शरिरका बिभीन्न भागहरूको पूर्व जानकारी लिने गरिन्छ। अहिलेको सामान्य खर्चले, भोलिको संभावित लाखौं खर्च जोगाउन होलबडी चेकअपले अग्रणि भूमिका निर्वाह गर्ने चिकित्सकहरूको भनाई छ।



होलबडी चेकअपलाई अस्पतालहरूले प्याकेज शिर्षक राखि महिला, पुरुष, उमेर समुह लगायतका हकमा फरक-फरक शुल्क तोकिएको छ। महिलामा स्तन, पाठेघरसहित केही थप अंगहरू परीक्षण गर्नुपर्ने भएकाले शुल्क फरक पर्न गएको अस्पतालहरूले जनाएका छन्। प्रारम्भिक चरणमा परीक्षण गर्दा कुनै अंगमा डाक्टरहरूलाई केही शंका लागेमा थप परीक्षण भने गर्नुपर्छ। त्यसैले केही अस्पतालहरूले प्रारम्भिक चरण र दोस्रो चरण गरी होलबडि प्याकेज बनाएका छन्।

## के-के जाँच गरिन्छ ?

बिशेषत: आफ्नो स्वास्थ्यको अबस्था कस्तो छ भनेर गरीने स्वास्थ्य परीक्षणलाई ‘होलबडी’ चेकअप भन्ने गरिन्छ। साधारणतया यसमा उमेर र लिङ्ग अनुसार जाँच गरिन्छ।

## होलबडी चेकअप पुर्व अपनाईने तयारी

कुनै पनि स्वास्थ्य प्रयोगशाला (ल्याब) मा गरिएको जाँचको रिपोर्टको गुणस्तर तपाईंले नमूना दिनुभन्दा अगाडि तपाईंको दिनचर्या, खानपान, सेवन गर्ने औषधि, शारीरिक अवस्था, निन्द्रा आदि कुरासँग निर्भर हुन्छ। त्यसकारण जाँच गर्न जानुभन्दा अगाडि निम्न पूर्वतयारी आवश्यक छ।

- जाँच गर्न जानुभन्दा अघिल्लो रात कम्तिमा ८-१० घन्टा सुत्नुपर्छ।
- जाँच गर्नुभन्दा अगाडि कम्तिमा तीन दिन साधारण खाना खानु पर्छ। धेरै बोसोयुक्त खाना खानाले टिजी (रगतमा ट्राइग्लिसराइड) रगतमा हुने वोसोको मात्रा) बढाउँछ। प्रोटिनयुक्त खानाले युरिक एसिड बढाउँछ। व्रत बसेको व्यक्तिमा एसिटोन बढ्छ।
- विशेषगरी सुगर, कोलेस्टेरोल र भिडियो एक्सरे जाँचका लागि कम्तिमा ८ देखि १० घन्टा खाली पेट हुनु अनिवार्य हुन्छ।
- कमसेकम २४ घन्टा अघिदेखि धूमपान, मद्यपान गर्नु हुँदैन। मद्यपान गरेको केही घन्टामै जाँच गरेमा सुगर कम देखिने, युरिक एसिड बढ्ने हुन्छ भने कलेजोको इन्जाइममा पनि गडबड आउँछ। भर्खरै चुरोट सेवन गरेको व्यक्तिमा सुगर सामान्यभन्दा बढी देखिन्छ भने रक्तकण गणना पनि बढी आउँछ।
- जाँच गर्ने व्यक्तिले आफ्नो पुरानो रोग, पहिले गरेका जाँचका रिपोर्ट, आफूले सेवन गर्ने औषधिको पूर्ण जानकारी प्रयोगशालामा गराउनुपर्छ।
- जाँच गराउने महिलाले आफू गर्भवती भएको अथवा महिनाबारी चलिरहेको बारे जानकारी गराउनुपर्छ।
- पाखुरासम्म सार्न मिल्ने सजिलो कपडा लगाउनुपर्छ।



## रगतबाट गरिने जाँच

- रक्त कण गणना (कम्प्लिट ब्लड काउन्ट)
- युरिक एसिड
- थाइराइड (थाइराइड फङसन टेस्ट)
- भिटामिन डी
- हेपाटाइटिस बी र सी र एचआइभी र भिडिआरएल र टिपिएचए
- रक्त समूह (ब्लड ग्रुप)
- सुगर (फास्टिङ र पोस्टप्रान्डियलररेन्डम)
- कलेजो (लिभर फङसन टेस्ट)
- मिर्गौला (रिनल फङसन टेस्ट)
- कोलेस्टेरोल (लिपिड प्रोफाइल)

## पिसाबको जाँच



- पिसाबमा इन्फेक्सन, सुगर, प्रोटिन (अल्बुमिन) को मात्रा
- दिसाको जाँच
- दिसामा इन्फेक्सन, जुका, रगत (ओकल्ट ब्लड) भएको र नभएको



## फोक्सोको जाँच

- भिडियो एक्सरे (पेट) (युएसजी एब्डोमेनरपेल्भिस)
- इको (इकोकार्डियोग्राफी)
- (पल्मोनरी फङसन टेस्ट)
- छातीको एक्सरे
- (सिएक्सआर(पिए)
- पाठेघरको मुखको क्यान्सरका लागि प्याप स्मेयर
- ४० वर्षभन्दा माथिका महिलाका लागि म्यामोग्राफी
- ४५ वर्षभन्दा माथिका पुरूषका लागि प्रोस्टेट जाँच (पिएसए)

## कुन अस्पतालको शुल्क कति ?

### बिर अस्पताल




अस्पतालले बिरामी आईसकेपछि रोगको पहिचान गरेर स्वास्थ्य जाँच गर्दै आएको छ। आधारभुत स्वास्थ्य चेकअपका लागी दुई हजार पाँच सय रूपैंया शुल्क तिर्नुपर्ने अस्पतालका प्रमुख डा. भुपेन्द्र बस्नेतले बताउनुभयो। यद्यपि प्राबिधीक समस्या र भौतिक संरचनाको अभाबका कारण छुट्टै प्याकेज दिन नसकिएको अस्पताल प्रशासनले बताएको छ।

### टिचिङ अस्पताल



काठमाडौंस्थित महाराजगंजमा रहेको टिचिङ सरकारी अस्पताल हो। होलबडी स्वास्थ्य परीक्षण गर्दा जम्मा २ हजार ४ सय ५० रूपैयाँ शुल्क तोकिएको अस्पतालले जनाएको छ।

### सिभिल अस्पताल




नया बानेश्वरको सिभील अस्पतालले होलबडी चेकजाँचका लागी दुई हजार ७ सय रूपैंया देखि ४ हजार तिन सय ४५ रूपैंया सम्म तोकेको छ। चार समुहमा बिभाजन गरि प्याकेजका रूपमा होलबडि चेकजाँच गर्दै आएको अस्पतालले बताएको छ।

### नर्भिक इन्टरनेशनल अस्पताल




काठमाडौं थापाथलीमा रहेको नर्भिक अस्पताल निजी तवरबाट संचालित छ। नर्भिकमा ४ हजार ४ सय रूपैंया देखि ३० हजार रूपैंया सम्म होलबडि चकजाँचको लागी लाग्ने गर्छ। उमेर प्रकृति र लीङग अनुसार १० समुहमा प्याकेज बिभाजन गरिएको अस्पतालका नायव महाप्रबन्धक आर.पी मैनालीले जानकारी दिनुभयो। अस्पतालले सदैब बिरामीमैत्रि सेवा प्रबाह गरिरहेको अस्पताल प्रशासनले बताएको छ।

### अल्का अस्पताल




निजी तवरमा संचालित ललितपुर जाउलाखेल स्थित अल्का अस्पतालमा होलबडी स्वास्थ्य परीक्षणलाई तीन समूहबाट गर्ने गरिएको छ। समूह अनुसार तिन हजार देखि ७ हजार रूपैंया सम्म शुल्क लिने गरेको अस्पतालका प्रशासन प्रमुख रोजिका प्रधानले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

### ग्रान्डी इन्टरनेशनल अस्पताल



अस्पतालले सामान्य देखि बिशीष्ट प्रकृतिका जाँचहरु गर्दै आएको छ। १० भागमा प्याकेजका रूपमा स्वास्थ्य परिक्षण गरिने भन्दै दुई हजार देखि ३० हजार रूपैंया सम्म खर्च लाग्ने अस्पतालका वजार व्यवस्थापन प्रमुख प्रतिक तिवारीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। दुई हजारमा रगतको परीक्षण गरिने र मुटु किड्नीको पनि सामान्य चेकजाँच हुने गर्छ।

# एउटै गीतमा ३ सय ६५ को स्वर

विश्वमै पहिलोपटक ३ सय ६५ जना गायक गायिकाले संयुक्त रूपमा गाएको गीत शनिबार सार्वजनिक गरिएको छ। राजधानीको आर्मी अफिसर क्लबमा आयोजित एक कार्यक्रममा *मिलनकोली* शीर्षक दिइएको उक्त गीत सार्वजनिक गरिएको हो।

सो गीत राष्ट्रपति विद्यादेवी भण्डारी, राष्ट्रकवि माधवप्रसाद घिमिरेलगायतले सार्वजनिक गरेका हुन्। गीतमा राष्ट्रकवि घिमिरेदेखि नेपालका ख्याति प्राप्त गायकगायिका एवम् संगीतकर्मी कलाकारहरूको स्वर रहेको छ। जसमा ५ वर्षीय गायकलगायतको स्वर समावेश गरिएको छ। वातावरणसम्बन्धी चेतनामूलक *मिलानकोली* बोलको गीत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७३ जेठ ०६ गते बिहीबार रेडियो नेपालको स्टुडियो सिंहदरबारमा एकै दिनमा रेकर्ड गरिएको थियो।




वातावरण संरक्षणको विषय उठान गरी तयार पारिएको गीतमा शब्द तथा संगीत निपेश ढकालको रहेको छ। एउटै गीतमा ३ सय ६५ जना गायकगायिकाले स्वरांकन गरेको पहिलो गीत भएको र अहिलेसम्म विश्वमा कतै पनि यो प्रयास नगरिएकाले यो गीत गिनिज बुक अफ द वर्ल्डमा दर्ता गरिने गीतकार निपेश ढाकाले बताए। कार्यक्रममा बोल्दै राष्ट्रपति भण्डारीले वातवरण सम्बर्द्धन र संरक्षणका लागि शुरू गरिएको यो अभियान उत्कृष्ट भएको चर्चा गरेकी थिइन्।

# फिदिममा फक्ताङलुङ आइडल



फिदिम, पाँचथर, (नेस)। लोप हुन लागेका लिम्बू जातिको संस्कृतिमा आधारित लिम्बू भाषाका मौलिक गीतसंगीतको संरक्षण गर्ने उद्देश्यले पाँचथरको फिदिममा *फक्ताङलुङ आइडल*को पहिलो चरण शुरू भएको छ।

फक्ताङलुङ सयङ केन्द्रीय समितीको आयोजनामा शुरू भएको पहिलो चरणको आइडलमा पाँचथरबाट सहभागी भएका २८ मध्ये १९ जना दोस्रो चरण्मा प्रवेश गरेका छन्। दोस्रो चरणको अडिसन आगामी असोज ३ गते सुनसरीको धरानमा हुने समितिका अध्यक्ष भवानी सम्बाहाम्फेले बताए।

लिम्बू जातिहरूको बाहुल्यता रहेको पूर्वका ९ जिल्ला र काठमाडौं उपत्यकामा गरी १० स्थानमा हुने प्रतियोगितामा प्रथम हुनेले नगद १ लाख रुपियाँसहित ३ वटा गीत रेकर्ड र विदेश यात्राको अवसर प्रदान गरिने महासचिव कञ्चन थुलङले बताए।

प्रतियोगितामा द्वितीय हुनेलाई ५० हजार नगद पुरस्कार प्रदान गरिने उनले बताए। लिम्बू जातिभित्र पाइने संस्कृतिको धरोहरका रूपमा रहेको पालाम, ख्याली, हाक्पारे, केसाम, तुहा र ताम्केजस्ता लिम्बू संस्कृतिका धरोहरहरूलाई बचाउन यो प्रतियोगिताले सघाउ पुऱ्याउने लिम्बू संस्कृतिका अभियान्ता यासेली योङहाङ बताउँछन्।

यसअघि गत भाद्र १३ गते ताप्लेजुङको फुङलिङमा सम्पन्न अडिसनबाट ८ जना छनोट भएका थिए भने गत भाद्र ३ गते उपत्यकामा भएको छनोटमा १२ प्रतिस्पर्धीहरू छनोट भएका थिए। जिल्ला र उपत्यकाबाट छनोट भएकाहरूको दोस्रो चरण धरानमा र फाइनल प्रतियोगिता केही महिनापछि काठमाडौंमा हुने अध्यक्ष सम्बाहम्फेले बताए।

## भूकम्पपछिको
# सिन्धुपाल्चोक कला प्रदर्शनीमा

गत २०७२ साल वैशाख १२ गतेको भूकम्पबाट निकै क्षति ब्योहोरेको सिन्धुपाल्चोकको सिपापोखरेलाई २० जना कलाकार, कवि, मानवशास्त्री तथा कला अभियन्ताले र फरक-फरक ढंगबाट बुझेका र हेरेका छन्। उनीहरूको हेराइ र बुझाइलाई बखुन्डोलको लसना नेक्सस कल्चर सेन्टरमा प्रदर्शनी गरिएको छ।

गत भदौ ६ गतेबाट शुरू भई सोमबार सम्पन्न कला प्रदर्शनीमा फोटोग्राफर अभिषेक शाहले सो स्थानको दैनिक जीवनलाई कलात्मक रूपमा फोटोमा कैद गरेका थिए भने अस्मिना रञ्जित र श्रवण महर्जनको प्रतिस्थापन कलाले सो स्थानको कष्ट र मानिसको उत्तरदायित्वलाई प्रस्ट्यायो। यज्जु मानन्धरले प्रतिस्थापन कलाबाट सो स्थानको ध्वनिलाई प्रस्तुत गरे भने कुन्जन तामाङले पानी र ध्वनिको मिश्रित रूप कलामा प्रस्तुत गरे। केशवराज खनालको दृश्यचित्र र डिजिटल फोटो म्यानुपुलेसनले सो स्थानको बदलिएको स्वरूपलाई उजागर गरेको थियो।

यसै गरी सहभागीहरूले आफ्ना भोगाइ र बुझाइलाई पुस्तकका रूपमा पनि प्रकाशन गरेका छन्। ४ जनाको समूहले सोही स्थानको कथालाई सुन्दर बाल पुस्तकका रूपमा प्रस्तुत गरेका छन् भने सबै कलाकारको कलाकृति समेटेर कलाकृति संगालो पुस्तिका पनि प्रकाशन गरिएको छ। सो पुस्तिका स्लिक स्क्रिनमा बनाइएकाले अकलाका रूपमा रहेको र यसको बिक्रीबाट आउने रकम सिपापोखरेका बालबालिकाको शिक्षा र कला अभियानमै खर्च गरिने आयोजक अस्मिना रञ्जितले जानकारी गराइन्।

४ महिनाअघि शुरू भएको *रिबिल्डिङ रिक्याप्चर* कार्यशालाको अन्तिम रूप यो प्रदर्शनीमा देखियो। बंगलादेश, भारत, नेपाल र नेदरल्यान्डका २० जना कलाकारले तयार पारेका कलामा आर्थिक र भौतिक रूपले विक्षिप्त बनेको सिपापोखरेलाई कलात्मक रूपले पुनर्निर्माण गर्ने आकांक्षा राखेको छ।





# १७ वर्षपछि ऐश्वर्या र अनिलको केमेस्ट्री

बलिउड स्टारद्वय ऐश्वर्या राय बच्चन र अनिल कपूर झन्डै १७ वर्षपछि एउटै फिल्ममा देखिने भएका छन्। आगामी फिल्म *फन्ने खान*मा फेरि एकपटक यी दुईको केमेस्ट्री देखिने भएको हो।

अनिल कपूरले आफ्नै ट्विटर खातामार्फत् जानकारी दिँदै ट्विट गरेका छन्। 'यो एउटा नयाँ शुरुआत हो, जुन निकै खास पनि छ।' सन् २००० को फिल्म *हमारा दिल आपके पास हे* र १९९९ को फिल्म *ताल*मा यो जोडीलाई निकै रुचाइएको थियो।

यद्दपि यसअघि ऐश्वर्यासँगको प्रमुख भूमिकामा माधवन अथवा राजकुमार रावको नाम पनि नआएको होइन। अन्ततः अनिल कपूर नै रोजाइमा परेको भारतीय सञ्चार माध्यमले जनाएको छ। अतुल मन्ज्रेकारले निर्देशन गर्ने फिल्मलाई राकिश ओमप्रकाश मेहरा, क्रिअर्ज इन्टरटेनमेन्ट र टिसिरिजले संयुक्त रूपमा निर्माण गर्दै छन्।

*फन्ने खान* सन् २००० मा *ओस्कार अवार्ड*को मनोनयनमा परेको फिल्म *एभ्रिवडिज् फेमश*को पुनर्निर्माण हो। आगामी २०१८ अप्रिल १३ मा रिलिजको मिति तोकिएको फिल्ममा ऐश्वर्या र अनिलको केमेस्ट्री दर्शकले कत्तिको रुचाउलान्, त्यो भने फिल्म रिलिजपछि नै थाहा हुनेछ।





# विचार

मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख हो। किनभने मूर्खले आफ्नो अहंकारको कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।

–तिरुवल्लुवर

मानिसको गौरव कहिल्यै नलड्नुमा होइन, जति पटक लडे पनि उठ्नुमा हुन्छ।

– लियो टाल्सटाय

## सम्पादकीय

नेपाल समाचारपत्र

# कारबाही प्रक्रिया नरोकियोस्

संसद्को सार्वजनिक लेखा समितिले नेपाल आयल निगमको जग्गा खरिद गर्दा भएको अनियमितताको बारेमा छानबिन गर्न सरोकारवाला निकायलाई निर्देशन दिएको भए पनि उक्त निर्देशन अझै कार्यान्वयन हुन सकेको छैन। समितिले जग्गा खरिदमा भएको गोलमालका बारेमा आपूर्ति मन्त्रालयलाई दोहोऱ्याएर कारबाहीको प्रक्रिया अगाडि बढाउन निर्देशन दिए पनि मन्त्रलयले खासै चासो नदेखाएको भन्दै सर्वत्र आलोचना भएको छ। आपूर्तिमन्त्री शिवकुमार मण्डलले आयल निगमका पदाधिकारीलाई कारबाही गर्ने चेतावनी दिनुभएको थियो । तर उहाँले पछिल्लो पटक अनियमितता भएको भए पनि कारबाही गर्ने कानुनी आधार नभएको भनी दोषीलाई उम्कने मौका दिएको भन्दै सार्वजनिक रुपमा आलोचना खेप्नुपरेको छ ।

यसरी सबैतिरबाट आलोचना हुँदा पनि मन्त्रालयले कारबाही प्रक्रिया अगाडि नबढाउनु पक्कै राम्रो पक्ष होइन। आमचासोको रुपमा हेरिएको नेपाल आयल निगमको जग्गा खरिद प्रकरणलाई राज्यले कारबाहीको दायरामा नल्याउने हो भने मुलुकका सरकार नियन्त्रित अन्य संस्थामा पनि पुनः यस्ता घटना नहोलान् भन्न सकिन्न । राज्यकोषको दुरुपयोग गर्नेमाथि कारबाही गर्न मन्त्रालय वा मन्त्री पछि पर्नु भनेको लज्जास्पद कुरा हो ।

निगमको भण्डारण क्षमता बढाउन जग्गा किन्ने निर्णयसँगै यसको अधिकार कार्यकारी निर्देशक गोपाल खड्कालाई दिइएको थियो। कार्यकारी निर्देशक खड्काको एकल निर्णयको जग्गा खरिद प्रकरणमा अनुगमन गर्न गठित उपसमितिले अनियमितता भएको निष्कर्ष निकाल्दासमेत मन्त्रालयले कारबाहीको प्रक्रिया अगाडि नबढाउनुलाई सन्देहको रुपमा लिइएको छ । कार्यकारी निकायले दिएको निर्देशनलाई राज्यले मान्दै कार्यान्वयनमा लैजानुपर्नेमा सरकारी निकाय चुपचाप बस्नु पक्कै पनि राम्रो होइन। एउटा निकायले कारबाहीका लागि निर्देशन दिने तर अर्को निकायले त्यसलाई कार्यान्वयन नगर्ने हो भने मुलुकमा यस प्रकारका अन्य घटना नदोहोरिएलान् भन्न सकिन्न ।

आर्थिक पारदर्शिता र कानुनी राज्य स्थापना गर्ने हो भने यस्ता घटनामा संलग्न रहेकाहरुलाई कारबाहीको दायरामा ल्याइनुपर्छ, होइन भने राज्य असफल हुन जान्छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ । आर्थिक अपराधमा संलग्न रहेकाहरुलाई कानुनी दायरामा ल्याउनु राज्यको प्रमुख दयित्व पनि हो । यसमा राज्य चुक्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राज्यका निकायभन्दा भ्रष्टाचारी शक्तिशाली !



बद्री तिवारी

सरकारले प्रदेश र संसद्को आगामी निर्वाचनमा लागू हुने गरी निर्वाचनसम्बन्धी कानुनमा भ्रष्टाचारीलाई आजीवन चुनाव लड्न नदिने व्यवस्थाको प्रस्ताव अगाडि सारेपछि प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसभित्र उत्पन्न भएको विवाद तत्कालका लागि स्थगित भएको छ। आफ्नै दलको नेतृत्वमा बनेको सरकारले अघि सारेको प्रस्तावविरुद्ध कांग्रेसका १९ जना सांसदले भ्रष्टाचारको आरोप लागेर सजायँ पाएको तीन वा छ वर्षपछि त्यस्ता नेतालाई चुनाव लड्न दिनुपर्ने माग गर्दै दर्ता गराएको संशोधन प्रस्ताव गृहमन्त्रीको आग्रहमा फिर्ता लिएपछि निर्वाचन विधेयक पनि पारित भएको छ।

निर्वाचनसम्बन्धी विधेयकको दफा १३ (ङ) मा भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा २० वर्षभन्दा बढीको सजाय पाई त्यस्तो फैसला भएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिने व्यवस्था उल्लेख छ। यही विषयलाई लिएर कांग्रेसका नेता-कार्यकर्ताबीच ध्रुवीकरण बढ्दो रुपमा छ। कुनै पनि विषयलाई लिएर एउटा प्रजातान्त्रिक दलमा पक्ष-विपक्ष हुनु वा सानोतिनो विवाद उत्पन्न हुनुलाई अस्वाभाविक नै मान्नुपर्दैन तर भ्रष्टाचारजस्तो असामान्य तथा अनुशासनहीन, एक किसिमको अपराधजस्तो सवालमा राजनीतिक दलभित्र एकै खाले दृष्टिकोण बन्नुपर्नेमा मत विभाजित हुनु तथा दलको आधिकारिक धारणा पनि सार्वजनिक नहुँदा सर्वसामान्य नागरिकहरुले त्यस्ता राजनीतिक दललाई हेर्ने दृष्टिकोण कस्तो बनाउने ? एउटा सभ्य समाजका लागि यो गम्भीर प्रश्नले घोचिरहेको छ। वास्तवमा के भ्रष्टाचारीलाई दूधले धुँदैमा उनीहरु चोखा बन्न सक्लान् ? निश्चय नै यस प्रश्नको जवाफ सहज नहोला तर पनि जनतालाई जवाफ नदिई सम्बद्ध दल र सरकारलाई सुखै छैन। किनकि २१ औं शताब्दीका सचेत नागरिकको समाजलाई सन्तोषजनक जवाफ दिन नसके अब कोही पनि टुलुटुलु हेरेर बस्नेवाला छैनन्।

> गम्भीरतापूर्वक विश्लेषण गर्ने हो भने, राज्यका आशा लाग्दा निकायहरुप्रति जनताको दृष्टिकोण तथा विश्वासमा धमिरा लाग्ने अवस्था सिर्जना भएकोलेभ्रष्टाचारीलाई कारबाही गर्ने आँट सरकारलगायत सम्बद्धनिकायहरुले गर्ने पर्दछ, ताकि भ्रष्टाचार नियन्त्रणका साथै ती निकायहरुप्रति जनताको विश्वास कायमै रहन सकोस्।

संशोधन विधेयक पारित गरी संसदीय प्रक्रियाबाट चोखिएर भविष्यमा पुनः विगतमा जस्तै राजनीतिमा रमाउने इच्छाका साथ आफ्नै मित्रहरुबाट पहल गराउने पूर्वभ्रष्टाचारीहरुको आँटलाई पनि कम आँक्न सकिन्न। यद्यपि चोखिने-चोख्याउने प्रक्रिया भने त्यस दलकै नेताहरुबाट अवरुद्ध हुन पुगेको छ। हुन पनि निष्ठाको राजनीतिमा विश्वास गर्ने र समग्र पार्टीको हितलाई सर्वोपरि ठान्ने नेता तथा कार्यकर्तालाई त्यस्तो कुरा कहाँ सह्य बन्न सक्थ्यो र ? समाचारअनुसार राज्य व्यवस्था समितिको सोमबारको बैठकमा कांग्रेस सांसद आनन्दप्रसाद ढुंगानाले संशोधन प्रस्ताव फिर्ता लिएपछि अब भ्रष्टहरुले चुनाव लड्न पाउने सम्भावना टरेको छ। सांसद ढुंगानाले आफू पनि भ्रष्टहरुलाई चुनाव लड्न दिनुपर्छ भन्ने पक्षमा नरहेको स्पष्टोक्ति दिँदै सोही प्रस्तावका कारण निर्वाचन ऐन पारित गर्न ढिला भएमा निर्वाचन नै प्रभावित हुने भन्दै संशोधन प्रस्ताव फिर्ता लिन गृहमन्त्रीले नै आग्रह गरेपछि एकमुष्ट संशोधन फिर्ता लिइएको बताउनुले कांग्रेसका लागि पनि यो कदम सकारात्मकरुपमै लिन सकिन्छ। यदि त्यस्तो संशोधन प्रस्ताव पारित गर्ने नाममा ढिलाइ गर्ने वा पारित नै भए पनि भ्रष्टाचारीहरुलाई संरक्षण दिएको आरोप दलले नै सहनुपर्ने तथा समग्रमा स्वच्छ र निष्ठावान् नेता तथा कार्यकर्तालाई निरुत्साहित गरेको ठहरिने थियो। त्यसो त दलभित्रैबाट संशोधन प्रस्ताव फिर्ता लिन व्यापक दबाब परेपछि यो अवस्था आएको हो भन्न कुनै हिच्किचाहट हुनुपर्ने ठाउँ देखिँदैन।

अघिल्लो हप्ता चितवनको नारायणगढमा आयोजित एउटा सभालाई सम्बोधन गर्ने क्रममा पूर्वस्वास्थ्यमन्त्री एवम् नेपाली कांग्रेसका युवा नेता गगन थापाले भ्रष्टाचारको आरोपमा अदालतले तोकेको समय भुक्तान गरिसकेका नेताहरु आगामी निर्वाचनहरुमा उम्मेदवार बन्न पाउनुपर्छ भन्ने आफ्नो पार्टीको धारणा नरहेको स्पष्ट पार्नुभएको थियो। मुलुकमा शिक्षा र स्वास्थ्य क्षेत्रमा चरम अनियमितता तथा भ्रष्टाचार बढेको धारणा व्यक्त गर्दै नेता थापाले भ्रष्टाचारीलाई उम्मेदवार बन्न बाटो खुलाउने गरी विधेयक संशोधन हुन नदिने र त्यस्तो भएमा आफू कुनै पनि हालतमा चुप लागेर नबस्ने अठोट व्यक्त गरेपछि अरु दबाब पनि बढ्दै गएको थियो।

संशोधन प्रस्तावका पक्षधरको धारणा पनि बुझ्नु यस अवस्थामा आवश्यक छ। राजधानीमा हालै आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा कांग्रेसकै अर्का सांसद राधेश्याम अधिकारीले जनप्रतिनिधिमूलक संस्था स्वार्थको द्वन्द्वमा फस्दै गएको भन्दै चिन्ता व्यक्त गर्नुभएको थियो। उहाँले पछिल्ला घटनाक्रम र प्रवृत्तिले संसद्ले आफ्नो स्वरुप गुमाइरहेको औंल्याउदै मुहानबाटै रोकथामको प्रयास हुनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो। संसद्को राज्य व्यवस्था समितिमा पुगेको राजनीतिक दलसम्बन्धी विधेयकमा आफूले भ्रष्टाचारका आरोपितको राजनीतिक भविष्य रोक्न नखोजेको भनाइ राख्दै त्यस्ता नेताहरुलाई जीवनभर प्रतिबन्ध लगाउनुहुँदैन भन्ने आफ्नो धारणा राख्नुभएको थियो। तर त्यो धारणा सर्वसम्मत बन्न नसक्नु नै समस्याको जड हो भन्दा फरक नपर्ला।

एकै सवालमा एकै दलका दुई नेताले फरक प्रकारका अवधारणा प्रस्तुत गर्नुले उहाँहरुमा कुनै पनि सवालमा दलको साझा अवधारणा नबनेको प्रस्ट हुन्छ। दलमा यस किसिमको अवस्था रहिरहेमा भविष्यमा आइपर्न सक्ने कुनै पनि खालका समस्याको समाधान पनि अवरुद्ध हुन पुग्छ भन्ने सम्भावनालाई दलको नेतृत्ववर्गले बुझ्नु आवश्यक छ।

त्यसो त गत आइतबार कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहको सानेपास्थित दलको कार्यालयमा बसेको एक बैठकले यो संशोधन विधेयकको पक्षमा उभिन नसक्ने ठहर गर्दै यो देश र पार्टीको हितमा नभएको तथा अमूक व्यक्तिको हितमा संशोधन हालिएको भन्दै विरोध जनाएको थियो। यसबाट के देखिन्छ भने, विनासहमति, विनासुझबुझ ल्याइएका प्रस्तावहरु सर्वस्वीकार्य हुँदैनन् र दलीय राजनीतिमा त्यस्ता तत्वहरुलाई ठाउँ दिइरहियो भने दलकै विश्वसनीयतामा प्रश्न उठिरहनेछ। वास्तवमा समाजमा नैतिकताको खडेरी लाग्दै गएपछि बढ्दै जाने भ्रष्टाचाररुपी रोगले कहीँ कसैलाई पनि छोड्ने अवस्था आउनेछैन। संशोधन प्रस्ताव फिर्ताबाट मुलुकको ठूलो दल नेपाली कांग्रेस भड्खालोमा पर्ने खतराबाट जोगिएको छ।

मुलुकका हरेकजस्तो क्षेत्रमा बढ्दै गएको भ्रष्टाचारलाई नियन्त्रण तथा न्यूनीकरण गर्ने उद्देश्यका साथ नेकपा माओवादी केन्द्रका सांसद जनकराज जोशी नेतृत्वको सांसद टोलीले गतहप्ता संसद्मा दर्ता गराएको संकल्प प्रस्तावलाई पनि अर्को एक राम्रो कदमका रुपमा लिन सकिन्छ। प्रस्तावमा उल्लिखित सवाल सबैका लागि मर्मस्पर्शी हुनसक्छ। भ्रष्टाचारीका अगाडि सदाचारी सधैं निरीह बन्नुपर्ने अवस्था आएको तथा राजनीति, सरकारी र न्याय सेवामा चरम व्यापारीकरण भएकोले त्यसलाई रोक्नुपर्ने कुरा प्रस्तावमा छ। व्यवस्थापिका संसद्को नियमावली २०७३ परिच्छेद १५ को नियम ९९ देखि १०८ सम्मको अधीनमा रही संसद्मा सरकार र भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरुलाई निर्देशन दिन सो संकल्प प्रस्ताव दर्ता गरिएकोले अबचाहिँ भ्रष्टाचार नियन्त्रणको लागि केही पहल होला कि भन्ने झीनो आशा पलाएको छ।

मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्ने संस्था, निकाय र नियमहरु नै नभएको भने होइन, भ्रष्टाचारीका अगाडि त्यस्ता निकायहरु नै कमजोर बनाइएका वा बन्न पुगेकाले कारबाही अघि बढ्न नसकेका सयौं उदाहरण भेटिन्छन्। कर फछ्र्योट आयोगदेखि नेपाल आयल निगमसम्मका अनियमितालाई पछिल्ला ज्वलन्त उदाहरण मान्न सकिन्छ।

अबौं रुपियाँको कर छली, अनियमितता तथा भ्रष्टाचारको अभियोग लागी तारिकमा छुटेका कर फछ्र्योट आयोगका सदस्य सचिव चूडामणि शर्माको भ्रष्टाचार प्रकरण सेलाउन नपाउँदै नेपाल आयल निगमको जग्गा खरिदमा अनियमितता भएको प्रकरणले यतिखेर व्यापकता पाएको छ। गोपालबहादुर खड्का कार्यकारी निर्देशक रहेको निगमले तेल भण्डारणलगायतका प्रयोजनको लागि झापा, सर्लाही, चितवन र रुपन्देहीमा गरेको जग्गा खरिद कारोबारमा सवा अर्ब रुपियाँभन्दा बढी रकम अनियमितता भएका समाचारहरु शृङ्खलाबद्धरुपमा प्रकाशन/प्रसारणमार्फत सार्वजनिक भएका छन्। झापामा ४१ करोड, सर्लाहीमा १८ करोड, चितवनमा साढे २८ करोड र रुपन्देहीमा साढे ३८ करोड रुपियाँ घोटाला भएको छ तर विभागीय मन्त्री नै यस घटनाबाट पन्छिनका लागि आफूलाई केही पनि थाहा नभएको कुरा बताउँदै आउनुलाई कुनै पनि हालतमा स्वाभाविक रुपमा लिन सकिँदैन। व्यवस्थापिका संसद्को सार्वजनिक लेखा समितिले निगमको जग्गा खरिदमा अनियमितता भएको ठहरसहित दोषीमाथि कारबाहीको सिफारिश गरी पत्र पठाएकोमा आपूर्तिमन्त्री शिवकुमार मण्डलले आफूलाई उक्त विषयमा जानकारी नभएको बताएर पानीमाथिको ओभानो बन्ने प्रयास गरेर पदीय दायित्वबाट च्यूत भएका छन्। यसबारे पुनः संसद्मा निगमको जग्गा खरिद प्रकरण उठान गर्नुपर्ने देखिएको छ। जग्गाधनी र जनप्रतिनिधिहरुले सो बापतको कमिसन राज्यकोषमा जम्मा गर्नुपर्ने भनी गरेको मागलाई पनि सरकारले तत्काल टुंग्याउनुपर्ने आवश्यकता छ। पछिल्ला केही घटनाक्रमलाई लिएर गम्भीरतापूर्वक विश्लेषण गर्ने हो भने, राज्यका आशा लाग्दा निकायहरुप्रति जनताको दृष्टिकोण तथा विश्वासमा धमिरा लाग्ने अवस्था सिर्जना भएकोले भ्रष्टाचारीलाई कारबाही गर्ने आँट सरकारलगायत सम्बद्ध निकायहरुले गर्नै पर्दछ, ताकि भ्रष्टाचार नियन्त्रणका साथै ती निकायहरुप्रति जनताको विश्वास कायमै रहन सकोस्।

badript@gmail.com

## पाठक पत्र

### दशैं-तिहार आयो भन्छन्

हिन्दु धर्मावलम्बीहरुको महान् चाड दशैं-तिहार नजिकिँदै गरेको भान हुन थालेको छ। तर, अतीतमा दशैं-तिहारको छुट्टै रौनक हुन्थ्यो। महिनौंअघिदेखि गाउँ-शहरमा दशैंका गीत गुञ्जन्थे। हुने/नहुनेहरु कसरी दशैं-तिहार मनाउने भन्दै योजना बुन्थे। बाल्यकालमा दिनभरि लाहुने र परदेशी आउने बाटो, दोबाटो तथा भञ्ज्याङ कुरेर बसिन्थ्यो। काँधमा क्यासेट बोकेर गीत बजाउँदै आउँथे परदेशीहरु। भरियाहरुको ताँती हुन्थ्यो। हामीलाई रमाइलो लाथ्यो। हामी भञ्ज्याङको कुवामा परदेशी र बटुवालाई पानी पिलाउँथ्यौं र उनीहरुले गोजीभरि चकलेट दिन्थे। खुशी हुँदै साँझमा घर फर्कन्थ्यौं।

कठै ▯ ती दिनहरु सम्झँदा आज गहिरो निन्द्रामा देखेको सपनाझैं मीठो लाग्छ। जब दशैं-तिहार आयो भन्छन्, यही मीठो स्मृतिको ज्वारभाटा उठ्छ । बटुवार र परदेशी हिँड्ने त्यो भञ्ज्याङको बाटो अहिले सुनसान छ रे। चरो-मुसोबाहेक कोही हिँड्दैनन् रे। पहिला बटुवा बास माग्न आउँथे। तर, अहिले पानी पिलाएर गरिबले धर्म कमाउने रीति पनि हरायो। गाउँ-गाउँमा सडक सञ्जाल पुगेको छ। परदेशीहरु सुटुक्क घरभित्र छिर्छन्। दशैं-तिहारमा को आयो, को गयो ? थाहा नै पाइँदैन।

यो वर्ष पनि भूकम्पले दिएको शोकमाथि बाढी-पहिरोले थप थोक दिएको छ। सबै नेपाली शोकमा छन्। पहाडलाई भूकम्प र पहिरोले दिएको शोकमाथि तराई दुःखी छ र तराईलाई बाढीले दिएको शोकमाथि पहाड धेरै दुःखी छ। शायद अहिलेसम्मको यो सबैभन्दा ठूलो शोक होला, जुन शोकलाई आमजनताले अनुभूति गरेका छन्। त्यसैले केही सीमित व्यक्तिहरु दशैं आयो भन्छन् तर, गाउँ-शहरमा दशैं-तिहारको कुनै रौनक छैन।

*- अनिल नेपाली, गोकुलगंगा-५, रामेछाप*

### राहत सहयोग दुरूपयोग नहोस्

अन्तर्राष्ट्रिय मुलुक वा विदेशी मुलुकहरुको सरकारहरुबाट तथा दातृ संघसंस्थाहरुबाट नेपालमा भूकम्पपीडित र बाढी-पहिरोपीडितका नाममा दिइने राहत, अनुदान र सहयोगहरु वास्तविक रुपमा वास्तविक भूकम्पपीडित र बाढी-पहिरोपीडितसमक्ष प्रधानमन्त्री, मन्त्री, सांसद र नेताहरुबाट पुग्न पाउँदैन। यदि राहत र अनुदान भूकम्पपीडित र बाढी-पहिरोपीडितसमक्ष पुगे पनि देखावटीरुपमा मात्र पुग्छ। भूकम्पपीडित र बाढी-पहिरोपीडितका नामहरुमा आउने राहत, अनुदान र सहयोगहरुमा पनि व्यापक भ्रष्टाचार भइरहेको छ। यसतर्फ अन्तर्राष्ट्रिय मुलुकका सरकारहरु र दातृ संस्थाहरुले आफूहरुले नेपालमा बाढी-पहिरोपीडितका नाममा दिएका अनुदान र सहयोगहरु सदुपयोग भएको छ कि छैन भन्ने कुरातर्फ ध्यान दिन जरुरी छ।

भूकम्पपीडितको नाममा आएको राहत, त्रिपाल, जस्ता, खाद्यान्न र अन्य सहयोगहरुमा व्यापक भ्रष्टाचार भएको थियो। भूकम्पपीडितलाई आएको राहत हेलिकोप्टरबाट लैजाँदा हेलिकोप्टर चार्टर गरेपछि पीडितहरुलाई राहत दिँदा भूकम्पपीडितहरुबाट एक हजारका दरले असुली गरेका समाचारहरु पनि व्यापकरुपमा सुनियो। भूकम्पपीडितको नाममा आएको राहत भण्डारण गरेर राखिएको ठाउँमा खाद्यान्न कुहिएर नष्ट भएको थियो। विचरा भूकम्पपीडितलाई भण्डारण गरेर राखेको खाद्यान्न समयमा नै दिएको भए उनीहरुले आशिर्वाद दिने थिए। तर भ्रष्टाचारीहरुले भूकम्पपीडितका नाममा आएको राहतलाई दुरुपयोग गर्नसमेत पछि परेनन्।

प्रधानमन्त्री, मन्त्री, सांसद र नेताहरुले आफ्नो तर्फबाट भूकम्पपीडित र बाढी-पहिरोपीडितलाई सहयोग दिने कुरा त परै जाओस्, अन्य मुलुकबाट आएको राहत र अनुदान पनि दिन कन्जुस्याइँ गर्छन्, किन ? उनीहरुलाई आफ्नो लागि तलब, भत्ता वृद्धि र बढी भन्दा बढी सुविधाहरु कसरी लिने सोच मात्र छ। मुलुकमा बाढी-पहिरो गएको छ। प्रधानमन्त्री शेरबहादुर देउवालाई पचास सदस्यीय मन्त्रिमण्डल विस्तार गर्न आतुर भयो। अधिकत्तम मन्त्रिमण्डलको संख्या विस्तार गरेर राज्यकोष दुरुपयोग गर्ने हो ? हामीले तिरेको करलाई प्रधानमन्त्री, मन्त्री, सांसद र नेताहरुले दुरुपयोग गरिरहेका छन्। प्रधानमन्त्री, मन्त्री, सांसद र नेताहरुको नाजायज र गलत क्रियाकलाप र शैलीप्रति आवाज उठाउने र रोकथाम गर्ने कसले ?

चाइना सरकारबाट बाढी-पहिरोपीडितहरुको नाममा दिइएको दश करोड डलर र भारत सरकारबाट दिइएको दश अर्ब पनि तत्कालै बाढीपीडितहरुसमक्ष पुग्न पाउँदैन। यही रकम पनि तत्कालै पीडितसमक्ष पुग्न पाउने हो भने धेरै ठूलो राहत मिल्ने थियो। यसपालिको बाढी-पहिरोपीडितका नाममा आएको राहत र आर्थिक सहयोगमा दुरुपयोग नहोस् भन्न चाहन्छु।

*राकेशकुमार शर्मा, हेटौंडा-२, मकवानपुर*

### किन रोकिन्न पैसा असुल्न ?

सरकारले बूढीगण्डकी जलविद्युत् आयोजना बनाउने जिम्मा चिनियाँ कम्पनीलाई दिएको अवस्था छ। यसो भइरहँदा पनि उपभोक्ताबाट पैसा असुल्न अझै रोकिएको छैन। बूढीगण्डकी आयोजना बनाउन भन्दै सरकारले आर्थिक वर्ष ०७२/७३ जेठ १६ गतेबाट इन्धनमा कर लगायो। सोही करबाट संकलन भएको रकम आयोजनमा खर्च गर्ने बजेटमा उल्लेख पनि थियो। ०७३/७४ सम्म उक्त कर शीर्षकमा करिब ११ अर्ब संकलन भएको समाचार आमसञ्चारमाध्यममा आइसकेका छन। मैले यसअघि पनि समाचारपत्रमार्फत सचेत गराएको थिएँ। तर यो विषयको समाधान हुन सकेको छैन।

ऊर्जा मन्त्रालयले जेठ तेस्रो साता चिनियाँ कम्पनी चाइना गेजुवा वाटर पावर ग्रुप एन्ड कम्पनी (सीजीजीसी) लाई आयोजना निर्माण गर्न दिने सम्झौता पनि गऱ्यो। बूढीगण्डकी जलविद्युत् आयोजना इन्जिनियरिङ प्रोक्योरमेन्ट कन्स्ट्रक्सन एन्ड फाइनान्स (ईपीसीएफ) मोडलमा निर्माण गर्न ऊर्जा मन्त्रालय र सीजीजीसीबीच प्रारम्भिक सम्झौतापत्र (एमओयू) मा हस्ताक्षर भए पनि उपभोक्ताबाट रकम असुल्न रोकिएको छैन। अहिले पनि यो काम रोकिएको छैन। जलविद्युत् आयोजना बनाउने नाममा कर लगाउँदा हामीले स्वागत नै गरेका थियौं। तर, बूढीगण्डीलाई सरकारले नै अर्को कम्पनीलाई ठेक्का दिएको अवस्थामा निगमले प्रतिलिटर ५ रुपियाँ असुल्नु ठगी धन्दा हो। ठगी धन्दा तत्काल रोक्नुपर्छ। उपभोक्ताबाट ५ रुपियाँको दरले असुलेको रकम जनताको नाममा शेयरमा लगानी गर्नुपर्छ अथवा नेपाल सरकारको खातामा जानुपर्छ।

*निता पौडेल, काठमाडौं*

## सामाजिक सञ्जाल



विचार-विचारबीच बहस र विमर्श, वाद र प्रतिवाद, सहमति वा असहमति स्वाभाविक हो। तर वैमनष्यता हुन हुँदैन। विचार स्वतन्त्रताको आचरण र मान हुनुपर्छ।

**Nilamber Acharya @nilacharya**



भ्रष्टाचारीले उम्मेदवारी दिन पाउने प्रस्ताव कांग्रेसले फिर्ता लिएकोमा खासगरी रामचन्द्र पौडेललाई धन्यवाद। उनले पहिलोपल्ट अडान छाडेनन्।

**Laxmi @laxmi_ad**



मठ-मन्दिर बनायो, धारा-कुलो बनायो।
चर्को घाममा पत्थर कुटेर धूलो बनायो।
उसैलाई अछूतको उपमा दिन्छ यो समाज।
जसले घर बनायो, भित्रको चुलो बनायो।

**Dear Heàrt @Sndip_srkar**

{ नेपाल-चीन व्यापारको करिब ६० प्रतिशत हिस्सा गोन्जाओले ओगट्ने भन्सार विभागको तथ्यांक छ। तातोपानी नाका बन्द भएपछि ठूलो व्यापारिक कारोबार गोन्जाओबाट हुँदै आएको भन्सार विभागका सूचना अधिकारी कूलराज ज्ञवालीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'रसुवाको केरुङ नाकापछि अहिले ठूलो कारोबार गोन्जाओबाट हुँदै आएको छ।'





काठमाडौं बसन्तपुरमा आज कुमारी पूजामा सरिक एक बलिका। १०८ जना कुमारीलाई आज पूजा गरियो। नेवारी परम्पराअनुसार कुमारी पूजा गरेपछि ठूलो रोगले नछुने अरूको आँखा नलाग्ने विश्वास गरिन्छ।
*तस्वीर : उजोल डंगोल/काठमाडौं*

# ग्वान्झाओमा वाणिज्य दूतावास खुल्दै

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल-चीनबीचको महत्त्वपूर्ण व्यापारिक थलोका रूपमा विकास भएको चीनको ग्वान्झाओमा नेपालले औपचारिक रूपमा महावाणिज्य दूतावास शुभारम्भ गर्ने भएको छ। सरकारले ग्वान्झाओमा ४ वर्षअघि नै महावाणिज्य दूतावास स्थापना गर्ने निर्णय गरेको थियो।

दक्षिण चीनसँगको सम्पर्क र द्विपक्षीय व्यापारिक कारोबार सहज बनाउन तत्कालीन प्रधानमन्त्री सुशिल कोइराला नेतृत्वको सरकारले त्यहाँ वाणिज्य दूतावास खोल्ने निर्णय गरेको थियो।

नेपाल-चीन व्यापारको करिब ६० प्रतिशत हिस्सा गोन्जाओले ओगट्ने भन्सार विभागको तथ्यांक छ। तातोपानी नाका बन्द भएपछि ठूलो व्यापारिक कारोबार गोन्जाओबाट हुँदै आएको भन्सार विभागका सूचना अधिकारी कूलराज ज्ञवालीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'रसुवाको केरुङ नाकापछि अहिले ठूलो कारोबार गोन्जाओबाट हुँदै आएको छ।'

भोलि बुधबार चीन भ्रमणमा जाने तयारीमा रहनुभएका उप-प्रधान एवं परराष्ट्र मन्त्री कृष्णबहादुर महराले आगामी आइतबार वाणिज्य दूतावासको औपचारिक उद्घाटन गर्दै हुनुहुन्छ।

वाणिज्य मन्त्रालयका सह-सचिव रवि भट्टराई करिब एक वर्षयता ग्वान्झाओको बाणिज्य दूतका रूपमा कार्यरत हुनुहुन्छ। भ्रमणका क्रममा मन्त्री महराले ग्वान्झाओका उद्योगी/व्यवसायीसँग पनि भेटवार्ता गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ।

महरा चिनियाँ समकक्षी वाङ यीको औपचारिक निमन्त्रणामा बेइजिङ जाने तयारीमा जुट्नुभएको हो। यस क्रममा मन्त्री महराले चिनियाँ विदेशमन्त्री वाङसहित केही चिनियाँ उच्च नेताहरूसँग भेटवार्ता गर्ने बताइएको छ। तर तत्कालीन केपी ओली नेतृत्वको सरकारले चीनको सिचुवान प्रान्तको छेन्दुमा महावाणिज्य दूतावास स्थापना गर्ने निर्णय कार्यान्वयन गर्ने विषय भने अहिले प्राथमिकतामा नपरेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ।

'४ वर्ष अघिको निर्णय त बल्ल कार्यान्वयनमा आउँदै छ, छेन्दुबारेको निर्णय कार्यान्वयन हुन पक्कै केही समय लाग्ला' -सो मन्त्रालयका एक अधिकारीले भने।

चीनको सुझावअनुसार ओली नेतृत्वको सरकारले २०७१ माघ तेस्रो साता छेन्दुमा महावाणिज्य दूतावास स्थापना गर्ने निर्णय गरेको थियो। नेपाल-चीनबीचको पुरानो व्यापारिक थलो ल्हासामा यसअघि नै वाणिज्य दूतावास सञ्चालनमा रहेको छ। यससँगै भारतको कोलकत्ता, हङकङ, अमेरिकाको न्यूयोर्क र साउदी अरेबियाको जेद्दामा पनि नेपाली वाणिज्य दूतावास सञ्चालनमा छन्।

# असोज २ गते सार्वजनिक बिदा दिन आग्रह

काठमाडौं, (नेस)

निर्वाचन आयोगले यहीं असोज २ गते तेस्रो चरणमा प्रदेश नम्बर दुईका ८ जिल्लामा हुने स्थानीय तह निर्वाचनका दिन असोज २ गते सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई आग्रह गरेको छ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा सोमबार बसेको बैठकले तेस्रो चरणको स्थानीय तहको निर्वाचन हुने सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहटका सबै सरकारी तथा अर्द्धसरकारी कार्यालय र सार्वजनिक संस्थानमा असोज २ गते सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन गृह मन्त्रालयसँग आग्रह गर्ने निर्णय गरेको हो।

यसै गरी, आयोगले आगामी असोज २ गते निर्वाचन हुने ८ जिल्लाका सार्वजनिक एवं संस्थागत विद्यालय र क्याम्पसहरूमा यही भदौ २९ गतेदेखि असोज २ गतेसम्म पाँच दिन सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको छ।

निर्वाचनमा मतदान कार्य सञ्चालनका लागि तोकिएका अधिकांश मतदान केन्द्र विभिन्न सार्वजनिक एवं संस्थागत विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्थामा रहेकाले यही भदौ २९ गतेदेखि असोज २ गतेसम्म ती जिल्लाका सबै शैक्षिक संस्थामा सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन आयोगले आग्रह गरेको हो।

मतदानपछि पनि कुनै सार्वजनिक वा संस्थागत विद्यालय र क्याम्पसमा मतगणना हुने अवस्था आएमा मतगणना कार्य सम्पन्न नभएसम्म ती विद्यालय वा क्याम्पस भवन र परिसर उपलब्ध गराइदिने व्यवस्था मिलाउनसमेत शिक्षा मन्त्रालयलाई आयोगले अनुरोध गरेको छ।

यसै गरी, आगामी असोज २ गते तेस्रो चरणको स्थानीय तहको निर्वाचन हुने ८ जिल्लामा मतदान कार्य सञ्चालनका लागि मतदान केन्द्र तोकिएका गाउँपालिका तथा नगरपालिकाका, वडा कार्यालय, स्वास्थ्य चौकी, कृषि सेवा केन्द्रलगायतका सार्वजनिक भवन र परिसर उपलब्ध गराइदिनसमेत आयोगले सम्बन्धित निकायहरूसँग आग्रह गरेको छ।

# उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति



**नेपाल समाचारपत्र**
काठमाडौं

हात्तिवन सामाजिक सेवा केन्द्रको आयोजनामा स्व. अमृतमान श्रेष्ठ तथा श्रीमती पृथ्वीकुमारी श्रेष्ठबाट स्थापित केवल-जय-भगवती छात्रवृत्ति पुरस्कार वितरण सम्पन्न भएको छ।

युवा तथा खेलकुद मन्त्री राजेन्द्रकुमार केसीको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा सामुदायिक विद्यालयकातर्फबाट खोकना जनमाविका प्रज्ञा केसीले सर्वोकृष्ट छात्राका रूपमा छात्रवृत्ति पुरस्कार, साथै छात्र विधामा सेतीदेवी मावि सोखेलका विशाल कुँवर तथा सोही विद्यालयकै दीपकिरण बस्नेत बराबर जीपीए प्राप्त गरी पुरस्कृत हुनुभएको थियो।

संस्थागत विद्यालयकातर्फबाट छात्र तथा छात्रा दुवै विधाका उत्कृष्ट विद्यार्थी ग्रीनहिल माविका प्रकृति तामाङ तथा आशिष आचार्यले प्राप्त गरेका थिए।

दक्षिणकाली नगरपालिका-१ खहरेको केभिन रोहन स्मृति प्रतिष्ठानमा भएको उक्त कार्यक्रम विशिष्ट अतिथिका रूपमा दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेत, उपप्रमुख बसन्ती तामाङ, तथा विभिन्न क्याम्पस तथा विद्यालयका प्रमुखको सहभागिता रहेको थियो।

नगरप्रमुख बस्नेतले केवल-जय-भगवतीछात्रवृत्ति पुरस्कार वास्तवमै राम्रो र सह्रानीय कार्य भएको बताउँदै यस किसिमको सहयोगबाट नगरपालिकाको विकासमा ठुलो टेवापुग्ने र यस्ता सहयोग अन्य विधाहरूमा पनि गर्नका लागि आह्वान गर्नुभएको थियो।

प्रमुख अतिथि मन्त्री केसीले सामाजिक काम भनेको वास्तवमै जटिल कार्य भएको बताउँदै विशुद्ध सामाजिक काम गर्न सफल भएकोमा हात्तिवन सामाजिक सेवा केन्द्र तथा केवल जय भगवती गुठीलाई धन्यवाद दिनुभयो।

# पुरस्कार पाउने कर्मचारीको नामावली टुंगो लाग्यो

काठमाडौं, (नेस)

सरकारले निजामती सेवा पुरस्कार पाउने सरकारी कर्मचारीहरूको नामावली टुंगो लगाएको छ। सोमबार मन्त्रिपरिषद् बैठकले पुरस्कार सिफारिस समितिबाट प्राप्त नामावली टुंगो लगाएको हो।

पुरस्कार पाउनेहरूमा दिपक सुवेदी, डिल्लीराज घिमिरे, केवलप्रसाद भण्डारी, प्रेमलाल लामिछाने, इन्द्रप्रसाद आचार्य, जीवनराज सेढाईं, जगन्नाथ बराल, लक्ष्मीदत्त कैनी, प्रल्हादकुमार योगी, अनिल खनाललगायत रहेको सरकारका प्रवक्ता एवम् सूचना तथा सञ्चारमन्त्री मोहन बस्नेतले जानकारी दिनुभयो।

सरकारले निजामती सेवा पुरस्कार छनोट गर्न मुख्य सचिव राजेन्द्रकिशोर क्षेत्रीको नेतृत्वमा समिति नै गठन गरेको थियो। उत्कृष्ट कार्य सम्पादन गरेको आधारमा कर्मचारीहरूलाई पुरस्कारका लागि हरेक वर्ष छनोट गरिन्छ।

प्रत्येक वर्ष निजामती सेवा दिवसको अवसरमा आयोजना हुने विशेष कार्यक्रममा पुरस्कार प्रदान गरिन्छ। यस वर्ष निजामती सेवा दिवस यहीं भदौ २२ गते परेको छ।

# बाढीपीडितलाई १ लाख ३१ हजार सहयोग

भक्तपुर, (नेस)

एभरेस्ट इंगलिस स्कुल मिवाछें, भक्तपुरका शिक्षक, विद्यार्थी तथा कर्मचारीले तराईका बाढीपहिरोका कारण घरवारविहीन भएकाहरूका लागि १ लाख १ हजार १ सय ११ रुपियाँ सहयोग गरेका छन्।

यसै गरी सोही विद्यालयमा सञ्चालित एभरेस्ट स्काउट इकाइबाट पनि थप ३० हजार गरी १ लाख ३१ हजार १ सय ११ रुपियाँ प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा पठाइएको छ।

एभरेस्ट इंगलिस स्कुलका संस्थापक प्रधानाध्यापक भक्त राजभण्डारी, उप-प्रधानाध्यापक एभरेस्ट स्काउट इकाइकी अध्यक्ष कमलादेवी अमात्य राजभण्डारी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामगोपाल कर्माचार्यले सो रकम जिल्ला दैवीप्रकोप उद्धार कोषका अध्यक्ष एवम् भक्तपुरका प्रमुख जिल्ला अधिकारी द्रोणप्रसाद पोखरेललाई सोमबार हस्तान्तरण गर्नुभयो।

विद्यालयले केही दिनअघि फिड नेपालमार्फत १० हजार तथा लायन्स क्लब, ललितपुरमार्फत बाढीपीडितका लागि भनी ७ हजार रुपियाँ सहयोग गरेको विद्यालयले जनाएको छ।


**राष्ट्रिय खेलकुद परिषद्**
त्रिपुरेश्वर काठमाण्डौं

**उत्पादक वा आधिकारिक बिक्रेतालाई सूचिकृत हुने सम्बन्धी सूचना**

राष्ट्रिय खेलकुद परिषद् लाई आवश्यक पर्ने निम्न अनुसारको खेल पूर्वाधार निर्माण सामाग्रिहरूको बिक्री गर्न चाहने इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संम्भव भए नमुना समेत संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस परिषदको कार्यालयमा निबेदन वा nscengineeringsection@gmail.com मा पठाई सूचिकृत हुन यो सूचना प्रकाशन गिरएको छ ।

| S.N. | Description of Materials |
|---|---|
| 1. | Roof covering materials for indoor hall, stadium |
| 2. | Athletic Synthetic Tracks |
| 3. | Indoor and outdoor Sports Flooring materials |
| 4. | Seating or Modular seating for inddor hall and stadium |
| 5. | prefab structure |


## सिनेमा कर्नर











**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्यलाभ, परिवार-सुख, उत्तम भोजनको अवसर, सुख-सन्तोष।
**वृष** : कार्य सिद्धि, शारीरिक स्वस्थता, हर्षविभोर, सुखानुभूति।
**मिथुन** : राज्य सुख, यश-कीर्ति, शुभ मांगलिक यात्रा, विविध लाभ।
**कर्कट** : रोगको सम्भावना, धन हानि, कार्यमा बाधा-व्यवधान आउने।
**सिंह** : धन प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान पाइने।
**कन्या** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक कार्यमा विजय, पारिवारिक सुख।
**तुला** : कार्य सफल, सन्तान सुख, धन प्राप्ति, शुभ समाचार श्रवण।
**वृश्चिक** : अपच, ग्यास्ट्रिक आदिको सम्भावना, विवाद, दौडधुप।
**धनु** : द्रव्यलाभ, मान-सम्मान, पराक्रम-उन्नतिको अवसर, कार्य सफल।
**मकर** : धनलाभ, मानसिक सन्तुष्टि, सुख-सन्तोष, उपलब्धिमूलक कार्य।
**कुम्भ** : खाद्यसामग्री वा उपहारादि वस्तु प्राप्ति, उत्तम भोजन, भाग्योदय।
**मीन** : धन नोक्सानी, रोग, दुर्घटना, चोटपटकको भय, वादविवाद।

# नेपाल

कालीगण्डकीको किनारमा रहेको कुश्मा नगरपालिका-१ स्थित मालढुंगाका माझी परिवार रातभर जाग्राम बस्न बाध्य भएका हुन्। गत वर्ष बस्तीमाथिको पहाडबाट पहिरो खसेर घरवार गुमाएकाहरू पुनः यस वर्ष कालीगण्डकीको बहाव बढेपछि समस्यामा परेका हुन्।

# वडा कार्यालयमा वडा सचिव नहुँदा समस्या

वीरबहादुर बम, मुगु




११ वडा रहेको सोरु गाउँपालिकामा सबै वडा कार्यालयमा वडा सचिव नहुँदा समस्या देखिएको छ। असारको महिना घर बिदामा गएका वडा सचिव कार्यालयमा नफर्किएपछि वडाका काम सहजरूपमा सञ्चालन हुन सकेका छैनन्। असार महिनामा वडा नं. ३ का सचिव हस्तबहादुर शाही वडा नं. ३ भिईबाट हिँडेको २ महिना बित्न लाग्दा पनि वडामा नपुग्दा जन्म, मृत्यु र विवाहलगायतका काम गर्न समस्या भएको स्थानीयबासी गोठे लावडले बताए।

सदरमुकाम गमगढीबाट विकट सोरु गाउँपालिकामा वडा त के गाउँपालिकामा समेत कर्मचारी नहुँदा सर्वसाधारर्णले पञ्जाधिकारीसम्बन्धी कामका लागि २ दिन हिँडेर सदरमुकाम गमगढी पुगेर वडा सचिव जो भेटिन्छन् तिनीबाट जन्म, मृत्यु र विवाह दर्ताको काम गराइ लामो झन्झट बेहोर्नुपरेको सोरु गाउँपालिकाका सर्वसाधारणको गुनासो रहेको छ।

हामीले वडा कार्यालय कुरिरहेका छौं तर २ महिनादेखि वडा सचिव वडामा नआउँदा हामी विकासे कामका सिफारिस, सरकारी र गैरसरकारी कार्यालयले आयोजना गरेका कार्यक्रममा सभाध्यक्ष लाग्नुबाहेक अरू कुनै काम हामीबाट हुँदैन। जन्म, मृत्यु र विवाह दर्ता र नागरिकता, राहदानीका लागि आउने जोकोहीलाई वडा सचिव आउनुभएको छैन, सचिव आएपछि आउनुहोस् हतार छ भने सदरमुकाम जानुहोस् भन्दै सेवाग्राहीलाई हामीले भन्नुपर्दा हामीलाई पनि दुःख लाग्ने जनप्रतिनिधि आउँदा पनि उस्तै समस्या भनेर स्थानीयबासी रिसाउने गरेको वडा नं. ३ का अध्यक्ष लालु धामी बताउँछन्।

'स्थानीय चुनावपछि गाउँका विद्यालय, स्वास्थ चौकीमा केही नियमितता आए पनि वडा सचिव वडामा नआउने छोरीको जन्मदर्ता नभएर कक्षा १० को फर्म छुट्न लागिसक्यो जिल्लामा पनि सचिव छैनन् भन्छन्। गाउँका धेरै विद्यार्थी जन्मदर्ता छैन कोही जिल्लामा गएर पनि सचिव नभएको भनेर रित्तै फर्किए सचिव वडा कार्यालयमा छिटो ल्याउन वडा अध्यक्ष्यले पहल गर्नुपर्‍यो' -नन्दा धामीले गाउँमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रमा बताइन्।

जननिर्वाचित जनप्रतिनिधिसँगै नयाँ सजिएका भवन र पदाधिकारी मात्र वडा कार्यालयमा दिनहुँ उपस्थित हुन्छन्। स्थानीय काम होला भनेर आउँछन् तर वडा अध्यक्ष्यले वडा सचिव नभएको भनेर सर्वसाधारणलाई फर्काएपछि स्थानीयका आशा अपेक्षामा समेत निराशा छाएको छ। 'सोरु गाउँपालिकाको सबै वडाको समस्या वडा सचिव नभएपछि या त सदरमुकाम धाउनु या त सचिवको प्रतीक्षा गर्नु' -वडा नं १ का सर्वसाधारण पुरन शाही बताउनुहुन्छ।

'हामीले विगतदेखि गाविस सचिव गाउँमा बस्ने वातावरण बनाउँदा पनि गाविस कार्यालय नभएको भन्दै गाविस सचिवले सदरमुकाममा बसेर कामकाज गरे तर हाल सिंहदरबारको अधिकार गाउँमा आइसकेपछि सचिव फेरि सदरमुकाममा किन बस्नुपर्‍यो? त्यस्ता सचिवलाई स्थानीय सरकारले कारबाही गर्नुपर्‍यो' -मुगुका पूर्वसभासद् नवराज धामी बताउनुहुन्छ।

सचिव गाउँमा नभएपछि र सोरु गाउँपालिका समेतमा कर्मचारी नभई सम्पर्क कार्यालय सदरमुकाममा स्थापना भई त्यहीं कामकाज हुँदै आएपछि स्थानीयबासीको काम सम्पन्न गर्न जनप्रतिनिधिसमेत सचिव खोज्दै सदरमुकाममै बस्नुपर्ने वडा कार्यालय गाउँमा फेरि नाम मात्रको अवस्था आउन सक्ने वडा अध्यक्षको भनाइ छ। 'केही दिन भयो तलतिरबाट आएको केही दिनमा आफ्नो वडामा जाने' -वडा नं ३ वा वडा सचिव हस्तबहादुर शाहीले सदरमुकाममा बताए।

वडा कार्यालयमा स्थानीय स्रोतबाट बेहोर्ने गरी कार्यालय सहयोगी, प्राविधिक र सहलेखापाल भए पनि वडा सचिवले गर्ने कामको अख्तियारी कुनै पनि कर्मचारीलाई नहुँदा स्थानीयबासीमा वडाको नियमित काममा समस्या देखिँदै आएको छ।

## बस्तीनजिकै कालीगण्डकीको बहाव

# मालढुंगाका माझी त्रसित

दुर्गाप्रसाद शर्मा, पर्वत



निरन्तरको वर्षाका कारण कालीगण्डकी नदीको बहाव बढेर बस्तीसम्म आइपुगेपछि यहाँको एक माझी बस्तीका बासिन्दा त्रसित बनेका छन्।

कालीगण्डकीको किनारमा रहेको कुश्मा नगरपालिका-१ स्थित मालढुंगाका माझी परिवार रातभर जाग्राम बस्न बाध्य भएका हुन्। गत वर्ष बस्तीमाथिको पहाडबाट पहिरो खसेर घरवार गुमाएकाहरू पुनः यस वर्ष कालीगण्डकीको बहाव बढेपछि समस्यामा परेका हुन्।

मालढुंगामा ६३ सुकुम्बासी परिवार र अन्य ४८ गरी १ सय ११ परिवार बसोबास गर्दै आएका छन्। तीमध्ये झन्डै ३० घरपरिवार कालीगण्डकी किनारको बालुवामा रहेका छन्। केही दिनदेखि लगातार परेको वर्षाका कारण एक्कासि नदीको बहाव उर्लिएपछि घर नै छाडेर छिमेकीकोमा गएर बस्नुपर्ने समस्या आएको स्थानीय गणेश माझीले जानकारी दिए। कति बेला पूरै घर बगाउने हो भन्ने चिन्ताले रातभर जाग्राम बस्नुपरेको उनले बताए।

अघिल्लो वर्षको असार ३ गते भूकम्पका कारण हल्लिएको पहाडबाट खसेको पहिरोले बस्ती पुरिएपछि उक्त बस्तीमा बस्नका लागि जोखिम बढ्दै गएको थियो।

स्थानीय सुकुम्बासी गणेश माझीले वर्षायाममा पानी पर्दा भीर, पहिरो र कालीगण्डकी नदी हेरेर बस्नुको अन्य विकल्प नभएको बताए। उनले भने- 'जाने ठाउँ अन्त कतै छैन, ढुक्कसँग बस्नु कहिल्यै पनि छैन।' पहिरो गएका बेला स्थानीय प्रशासन र सुरक्षा निकाय पुगेर सामान्य पन्छाउने काम गरे पनि वैकल्पिक उपाय नदेखाइदिएको उनले गुनासो गरे।

वर्षा हुँदाको दिनमा रातभर जाग्राम बस्नुपर्ने बाध्यता रहेको धनबहादुर माझीले बताए। उनले भने- 'बगरमा रहेको घर कति बेला बगाउने हो केही टुंगो छैन।' उनीहरूले वर्षेनी पुनर्बासको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने गरेको भए पनि अहिलेसम्म कुनै सुनुवाइ नभएको बताएका छन्।

उक्त बस्तीका अधिकांश परिवारको मुख्य पेसा बंगुरपालन र बालुवा निकाल्ने रहेको छ। बालुवामा निर्भर विपन्न आर्थिक अभावका कारण उक्त स्थानबाट स्थानान्तरण हुन नसकेका हुन्। उनीहरूले वैकल्पिक बासस्थानको व्यवस्था गरिदिन पनि सम्बन्धित निकायलाई माग गरेका छन्।

यता जिल्ला प्रशासन कार्यालय पर्वतले नदी किनारका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। मौसमको अवस्थालाई मध्यनजर गर्दै सतर्कता अपनाउन र विपत्ति आउने अवस्था देखिएमा प्रहरी प्रशासनलाई खबर गर्नसमेत आग्रह गरिएको कार्यालयले जनाएको छ।

उता दक्षिण पर्वतको सेतीवेणीमा पनि बहाव बढेको छ तर कालीगण्डकी जलविद्युत् परियोजनाको बाँधका सबै ढोका पूर्णरूपमा खोलिएकाले आत्तिनुपर्ने अवस्था नरहेको प्रहरीले जनाएको छ। वर्षा निरन्तर भएकाले परियोजनाका सबै ढोका खोलिएको बताइएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

जग्गा विक्रीमा
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५


# पोषणमा सुधार ल्याउन नयाँ कृषि आयोजना

नेपाल समाचारपत्र
वीरेन्द्रनगर

६ नम्बर प्रदेशका किसानको आम्दानी वृद्धि गर्न र कृषिलाई व्यवसायीकरण गर्नका लागि नयाँ कृषि आयोजना सञ्चालन हुने भएको छ।

स्थानीय समुदायलाई उच्च मूल्य कृषि वस्तुका मूल्य शृंखलामा आबद्ध गराउँदै बजारीकरण क्षमतामा सुधार ल्याई आयआर्जनमा वृद्धि गर्ने, रोजगारीको अवसर सृजना गर्ने र खाद्य सुरक्षामा सुधार ल्याउने आयोजनाको उद्देश्य छ।

६ अर्ब १२ करोड रुपियाँको लगानीमा सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला र रुकुम जिल्लामा कृषि क्षेत्र विकास आयोजना सञ्चालन हुन लागेको हो। ६ महिनाभित्रै शुरु हुने यो आयोजनाले छिन्चु-जाजरकोट-डोल्पा सडकखण्ड, सुर्खेत-जुम्ला, मुगु-कालिकोट सडकखण्ड, कालिकोट-हुम्ला-बाजुरा सडकखण्ड र मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रलाई समेट्नेछ।

आयोजनाले विशेष गरी किसानलाई मूल्य शृंखला विकास सुदृढीकरण, बजारसँग सम्बन्धित पूर्वाधार निर्माण, ग्रामीण कृषि सडक विस्तार, संकलनकेन्द्र स्थापना, भण्डार गृह, सिँचाइ आयोजनाजस्ता कार्यक्रममा सहयोग गर्ने छ। यस्तै वित्तीय सेवासम्बन्धी सहयोग, कृषिमैत्री ऋण प्रवाह, समुदायमा आधारित कृषि प्रसार सेवाको विस्तारमा पनि किसानलाई सहयोग गर्ने छ।

यसअघि सञ्चालन भएको उच्च मूल्य कृषि वस्तु विकास आयोजनाको उपलब्धी र सिकाइमा टेकेर कृषिक्षेत्र विकास आयोजना सञ्चालन हुन लागेको उच्च मूल्य वस्तु विकास आयोजनाका प्रमुख राजेन्द्रप्रसाद भारीले जानकारी दिनुभयो।

उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले खसीबोका, टिमुर, अदुवा, बेसार, बेमौसमी तरकारी, तरकारीको बीउ, स्याउजस्ता ७ वटा मूल्य शृंखलामा काम गर्दै आएको थियो।


## वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

मर्मत
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

उपलब्धी सुविधाहरू
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार
हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४, भदौ
मंगलबार
२०

जिल्लाबाट गाउँपालिकामा पुगेको राहत जनप्रतिनिधिले वितरण गर्नुको साटो कार्यालयमा थन्क्याएर राखेको पीडितको गुनासो रहेको छ। खडैयाका राजेन्दर कोरीले बाढी आएपछि चिउरा र चाउचाउबाहेक केही नपाएको बताउनुभयो।

# नेपाल

## भूकम्पपीडितको प्रश्न

# किस्ता कहिले आउँछ ?

सन्तोष अधिकारी, गोरखा



२०७२ वैशाख १२ गते गएको विनाशकारी भएको गएको अहिले दुई वर्षभन्दा बढी भइसक्यो। गोरखा पुनर्निर्माण गति लिन सकेको छैन। अनुदानको पहिलो किस्ता ५० हजार रुपियाँ लिएर घर बनाउन शुरू गरेका गोरखा गुम्दाका कान्छा गुरुङले अहिले घर बनाइसक्दासमेत दोस्रो र किस्ता पाएका छैनन्। गाउँमा इन्जिनियर नहुँदा उनको किस्ताका लागि सिफारिस नभएको हो।

'५० हजार बुझेर जग हाल्नेबित्तिकै दोस्रो किस्ता दिने भन्थ्यो', उनले भने- 'ऋण नै खोजेर भनेर नि मैले त घर नै बनाइसकें तै पनि दोस्रो तेस्रो किस्ता दिने सुर गर्दैन। घर हेरेर इन्जिनियरयले फाराम भरिदिनुपर्छ रे भन्छन् गाउँमा इन्जिनियर भए पो।' सरकारले निजी आवास निर्माणमा ३ किस्तामा रकम दिने निर्णय गरे पनि कतिपय घरहरू निर्माण भइसक्दा पनि पीडितले दोस्रो किस्ताको रकम पाएको छैनन्।

कतिपय ठाउँमा अनुगमन गर्न इन्जिनियर नै पुगेका छैनन् भने इन्जिनियर पुगेका ठाउँमा पनि ज्यामीको सामान्य त्रुटिलाई कारण देखाउँदै सिफारिस नबनाइदिएको पीडितको गुनासो छ। निजी घर पुनर्निर्माणसम्बन्धी मापदण्ड प्राधिकरणले परिमार्जन गरेकाले अनुदान पाउनेको संख्या बढ्ने सहरी विकास तथा भवन डिभिजन कार्यालयका प्रमुख इन्जिनियर रोशन श्रेष्ठले बताए। 'पहिलेभन्दा अलि खुकुलो खालको मापदण्ड आएको छ' -उनले भने। स्थानीय तहका जनप्रतिनिधिले सर्वसाधारणका घर पुनर्निर्माण गर्न गाउँगाउँमा अभियान सञ्चालन गर्नुपर्ने प्रजिअ जितेन्द्र बस्नेतले बताए।

गुम्दाका कान्छा गुरुङको जस्तै पीडा छ घ्याच्चोकका वीरबहादुर गुरुङको पनि। 'घर बनाइसकेर सोही घरमा बस्न थालेको चार महिना बितिसक्यो', उनले भने- 'तर पनि मैले पहिलो किस्ताबाहेक अरू पैसा कि पाइनँ मलाई नै थाहा छैन। ऋण काडेर घर बनाइयो साहुले माग्न थालिसक्यो। यता पैसा दिन शुरू गर्दैन।'

## साथीको हत्यारा एक वर्षपछि पक्राउ

संखुवासभा, (नेस)

संखुवासभाको खाँदबारीमा आफ्नै साथीको छुरी हानी हत्या गरी फरार रामबहादुर राईलाई १ वर्षपछाडि प्रहरीले पक्राउ गरेको छ। भोजपुर जिल्ला खाटाम्बा-५ घर भएका १६ वर्षीय सुवास तामाङको हत्या गरी २२ वर्षीय राई फरार रहेका थिए।

फरार राईलाई सोमबार सार्वजनिक गर्दै विशेष सुराकीको आधारमा कास्की जिल्लाको पोखरास्थित न्यु झरना गेस्ट हाउसमा कामदारका रूपमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको डीएसपी सन्तोष खड्काले बताउनुभयो।

सँगै एउटै कोठामा बस्ने साथीको हत्या गरी फरार रामबहादुर खाँदबारीबाट भोजपुर हुँदै लुकिछिपी भारतको हरियाणा भन्ने स्थानमा ६ महिना बसी पुन: पोखरामा आई काम गर्दै गरेको सूचनाका आधारमा प्रहरीले पोखराबाट पक्राउ गर्न सफल भएको बताउनुभयो।

## हत्याको विरोधमा प्रदर्शन

कालिकोट, (नेस)



जिल्लाको तिलागुफा नगरपालिका-५ का १९ वर्षीया मन्सरा न्यौपानेलाई भदौ १८ गते आठबीस नगरपालिका-८ का ३८ वर्षीय कृष्णबहादुर आले मगर, गाडी चालक वीरेन्द्रनगर नगरपालिका-१ का ३४ वर्षीय लक्ष्मीप्रसाद आचार्यले बलात्कारपछि हत्या गरेको भन्दै भदौ १९ गते कालिकोटका महिला नागरिक समाजले विरोध जुलुस प्रदर्शन गरेका छन्।

खिडकी ज्युला घटनाका दोषीलाई कारबाही गर, महिला कहिलेसम्म असुरक्षित भन्ने नाराका साथ विरोध जुलुस प्रदर्शन गरिएको छ।

गाडी चालक आचार्यकी भान्जी नाता पर्ने युवती न्यौपानेलाई घर पुऱ्याइदिन्छु भन्दै चार दिनअगाडि सुर्खेतबाट गाडीमा ल्याई बन्धक बनाई बलात्कार गरेको आरोप उनका मृतकका आफन्तले आरोप लगाएका छन्।

बलात्कारपछिहत्या गरेको अभियोगमा जिल्लाप्रहरी कार्यालय दैलेखमा उजुरी आएपछि आरोपित आले र आचार्यलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेको छ।

बलात्कारपछि बेहोस अवस्थाकी युवतीलाई मुखमा विष हालेर हत्या गरिएको आफन्तहरूको भनाइ रहेको छ।

## नेपालगन्जमा बाढीपीडितको प्रदर्शन

बाँके, (नेस)

बाँकेका बाढीपीडितले नेपालगन्जमा प्रदर्शन गरेका छन्।

सरकारले बाढीपीडितलाई राहत उपलब्ध नगराएको भन्दै पीडितले नेपालगन्जमा आक्रोश पोखेका छन्। गाउँगाउँबाट ट्याक्टरमा आएका बाढीपीडितले नेपालगन्जमा नाराजुलुस गरेका थिए। विस्थापितलाई गास, बास र कपासको व्यवस्था गर, तत्काल राहत उपलब्ध गराउ, बाँच्न पाउने अधिकार सुरक्षित गरलगायतका नारा लगाउँदै बाढीपीडित फुल्टेक्राबाट बजार परिक्रमा गरी जिल्ला प्रशासन कार्यालयमा पुगेका थिए।

जिल्लाबाट गाउँपालिकामा पुगेको राहत जनप्रतिनिधिले वितरण गर्नुको साटो कार्यालयमा थन्क्याएर राखेको पीडितको गुनासो रहेको छ। खडैयाका राजेन्दर कोरीले बाढी आएपछि चिउरा र चाउचाउबाहेक केही नपाएको बताउनुभयो। 'गाउँपालिकाको कार्यालयमा राहतको गोदाम नै लागेको छ, तर हामीलाई दिइएको छैन' -कोरीले भन्नुभयो।

होलिया, बेतहनी, गंगापुर, मटेहियाबाट आएका बाढीपीडितले आफ्ना वडा कार्यालयमा राहत थन्किएको बताएका छन्। 'चार किलो चामल, थोरै दाल र चिउरा दिएका थिए, त्यसपछि आएको सामान वडा कार्यालयमा थन्क्याएर राखिएको छ। वितरण गरिएको छैन' -गंगापुरका हमिद मुकेरीले भन्नुभयो।

बाढीपीडितले प्रमुख जिल्ला अधिकारी रमेश केसीसमक्ष जिल्लाबाट गएको राहत वितरण भए/नभएको वडा कार्यालयमा गएर अनुगमन गरिदिन अनुरोध गरेका छन्।

लक्ष्मणपुर बाँध पीडित संघर्ष समितिको ब्यानरमा सडकमा निस्केका बाढीपीडितले ७ बुँदे ज्ञापनपत्रपत्र बुझाएका छन्। संघर्ष समितिका संयोजक जगदीशबहादुर सिंह र सचिव राजकुमार शुक्लाले हस्ताक्षर गरेको ज्ञापनपत्रमा बाढीपीडितलाई राहत, क्षतिपूर्तिको माग गरिएको छ। बाढीपीडितले २०७१ सालको राहत उपलब्ध गराइदिन पनि आग्रह गरेका छन्।

ज्ञापनपत्र बुझेपछि प्रमुख जिल्ला अधिकारी केसीले सरकारी घोषणाको राहत प्याकेज एक हप्ताभित्र गाउँमा पुग्ने आश्वासन दिनुभयो। २०७१ का बाढीपीडितका लागि आएको रकम फ्रिज भएर गएको, यसपालिका बाढीपीडितलाई राहत प्याकेजलगायतका बारेमा आफूले सक्दो गर्ने प्रजिअ केसीले आश्वासन दिनुभयो।

बाढीपीडितलाई राहतका लागि संघर्ष समितिले यसअघि पनि ज्ञापनपत्र बुझाइसकेको थियो। त्यस बाबजुद राहतमा खासै प्रगति नभएपछि नेपालगन्जमा आएर प्रदर्शन गरेको हो। मृतकलाई क्षतिपूर्ति, घाइतेको उपचार, विस्थापितलाई उचित गास, बास, कपाससँगै पीडितलाई राहतको चर्को आवाज उठे पनि जनप्रतिनिधिले 'हैकम' जमाएको आरोप लागेको छ। 'बाढीपीडित भोकै छन्, अध्यक्षले भने गाउँपालिका कार्यालय र वडा कार्यालयमा राहत थुपारेर राखेको छ', समितिका सचिव शुक्लाले भन्नुभयो- 'त्यो त तत्काल वितरण गर्नुपर्‍यो नि।'

जिल्ला दैवी प्रकोप उद्धार समितिले अहिलेसम्म यो वर्षको बाढीपीडितको तथ्यांक निकाल्न सकेको छैन। गाउँगाउँबाट अधिक मात्रामा फर्जी नामावली आएकाले तथ्यांक निकाल्न झमेला परिरहेको छ। बाढी नै नभएको ठाउँबाट पनि नाम आएको छ। बाढी गएको ठाउँबाट पनि धेरै घरधुरी बढेर नाम आएको छ, स्रोतले भन्यो। वास्तविक बाढीपीडित नछुटून् र फर्जीले राहत नपाओस् भनेर लागिपरेको अधिकारीहरू बताउँछन्।

प्रदेश र संघको चुनाव नजिकिएकाले कतिपय नेताहरू पीडितमैत्री देखिने कोसिस पनि गरेका छन्। सोमबारकै बाढीपीडितको जुलुसमा प्रशासन कार्यालयमै आएर मिसिने नेताको तँछाडमछाड नै थियो। ज्ञापनपत्र बुझाउन थालेको ठाउँमा गएर फोटोमा देखिने प्रयास धेरै नेताले गरेका थिए। बाढीपीडित भोकभोकै हुँदा नेपालगन्जमा मस्ती गर्ने नेताहरू उनीहरूले आन्दोलन गरेर ज्ञापनपत्र बुझाउने बेलामा भने प्रकट हुने गरेका छन्।

गाउँपालिकाका प्रमुख र वडाध्यक्षहरूले पनि चुनावलाई मध्यनजर गरेर राहत वितरण गरेको स्रोतहरू बताउँछन्। आ-आफ्नो प्रभाव रहेको ठाउँमा जनप्रतिनिधि र नेताहरूले 'फोकस' गरेका छन्। जिल्लामा पहुँच भएका नेताहरूले पनि आफ्नो प्रभाव रहेको ठाउँमा राहत वितरण गरेका छन्। बैंकले सहकार्य गरेको राहत पनि नेताहरूले आफ्नो प्रभाव रहेको ठाउँमा वितरण गरेका छन्।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति: १९९३ मंसिर १५ गते
स्वर्गारोहण मिति: २०७४ भाद्र ९ गते

स्व . बमबहादुर श्रेष्ठ

यस पायोनियर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कार्यकारी सञ्चालक तथा हाम्रा मित्र श्री रुद्रप्रसाद श्रेष्ठज्यूका पूजनीय पिता

श्री बमबहादुर श्रेष्ठको

असामयिक निधन भएको आज १२औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

PISCO
पायोनियर बचत तथा ऋण सहकारी लि. परिवार
पिस इन्भेष्टमेण्ट प्रा. लि. परिवार

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: ई.सं १९३६/०३/०८
स्वर्गारोहण: बि. स. २०७४/०५/०८

स्व. देब बहादुर राजकर्णिकार

हाम्रा आत्मीय मित्र मणी राजकर्णिकारका पुजनिय पिता **देव बहादुर राजकर्णिकार**को असामयिक निधन भएको १३ औ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद् घडीमा शोकसन्तप्त परिवार प्रति समवेदना प्रकट गर्दछौं ।

देवेन्द्र बहादुर/बिन्दु प्रधान
उपेन्द्र राज/शोभा जोशी
नरेश बहादुर/ प्रमिला श्रेष्ठ
राम गोपाल/नीलम श्रेष्ठ
हरि गोपाल/ युकारी श्रेष्ठ
सरोज/वीणा राजकर्णिकार
सम्राट मान/प्रमिला जोशी
राजेश/प्रीया न्याछ्यों
नन्द किशोर/सानुमैया महर्जन
अनुप/भिमु मानन्धर
दिपक रत्न/ सबिना तुलाधर
विजय/सरला ताम्रकार
दिपक /रेविना श्रेष्ठ

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति वि.स.१९९२/११/२५
स्वर्गारोहण वि.स.२०७४/०५/०८

स्व. देववहादुर राजकर्णिकार

यस कम्पनीका सञ्चालक श्री नमि राजकर्णिकारको पुजनिय पिता श्री देववहादुर राजकर्णिकारको ८२ वर्षको उमेरमा असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

Lovely Banquet Pvt. Ltd.
&
Lotus Convention Centre Pvt. Ltd.
परिवार

राजा रंक सबै समान उसका, बैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : २०२८।२।३१
स्वर्गारोहण: २०७४।५।९

स्व. राजन कोइराला

धुलिखेल नगरपालिका वडा नं. २ का जननिर्वाचित वडा अध्यक्ष तथा धुलिखेल नगर कार्यपालिकाका सदस्य, मृदुभाषी, मिलनसार, समाजसेवी **राजन कोइराला**को अल्पायूमै असामयिक निधन भएको १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

अशोक व्याञ्जू — प्रमुख
विमला शर्मा — उपप्रमुख
महेश बराल — कार्यकारी अधिकृत
तथा
धुलिखेल नगरपालिका परिवार
धुलिखेल, काभ्रे

राजा रंक सबै समान उसका, बैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : २०२८।२।३१
स्वर्गारोहण: २०७४।५।९

स्व. राजन कोइराला

धुलिखेल नगरपालिका वडा नं. २ का जननिर्वाचित वडा अध्यक्ष तथा धुलिखेल नगर कार्यपालिकाका सदस्य, मृदुभाषी, मिलनसार, समाजसेवी **राजन कोइराला**को नर्भिक अस्पतालमा उपचारको क्रममा अल्पायूमै असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

***

टिकाबल्धभ सापकोटा — वडासदस्य
अर्जुन न्यौपाने — वडासदस्य
रसिला तामाङ्ग — वडासदस्य
गंगा वि.क. — वडासदस्य
नन्दकिशोर पासवान — वडासचिव
शुभद्रा भण्डारी — कर्मचारी
सुस्मिता पराजुली — कार्यालय सहयोगी

धुलिखेल नगरपालिका २ नं. वडा कार्यालय परिवार, रवि, काभ्रे

# विश्व

**चर्चा**

चीनको सियामेन शहरमा भइरहेको ब्रिक्स सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिंग र प्रधानमन्त्री नरेन्द्र मोदी। डोकलाम सीमा विवादपछि एकै थलोमा पुगेका दुई नेताको यो तस्वीरले सामाजिक सञ्जालमा विशेष चर्चा पाइरहेको छ।



**पलायन पीडा**

म्यान्मारको रखाइन प्रान्तमा सेनाको ज्यादती बढेपछि भाग्ने क्रममा अशक्त वृद्ध बोक्दै बंगलादेशतर्फ गइरहेका रोहिंग्या मुसलमान। पछिल्लो सैन्य कारबाहीमा ४ सयभन्दा बढी मुस्लिम मारिएको जनाइएको छ।





विश्व २ मिनेट

**बेलायत**

## सुकीलाई मलालाको अपिल

लन्डन, (एजेन्सी)

म्यान्मारमा जारी हिंसा र रोहिंग्या मुसलमान मारिएको समाचारलाई लिएर नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईले म्यानमारकी प्रजातन्त्रवादी नेतृ तथा देशका स्टेट काउन्सलर आङ सान सुकीलाई यस मामिलामा केही कदम चाल्न अपिल गरेकी छिन्। उनले ट्विटरमा म्यान्मारमा मुसलमानविरुद्ध जारी हिंसाको निन्दा गर्दै भनेकी छिन्- 'म्यान्मारमा रोहिंग्या मुसलमानमाथि जे भइरहेको छ, त्यसमा म दुःखी छु।' विगत केही वर्षदेखि नै उक्त दुःखद तथा लज्जास्पद व्यवहारको निन्दा गर्दै आइरहेको उल्लेख गर्दै मलालाले नोबेल शान्ति पुरस्कार विजेता सुकीबाट पनि त्यसको विरोध होस् भन्ने आफूले चाहेको बताइन्।

**पाकिस्तान**

## प्रविधि उत्कृष्ट

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानका परमाणु वैज्ञानिक डाक्टर अब्दुल कादिर खानले परमाणु प्रविधिको क्षेत्रमा उत्तर कोरिया पाकिस्तानभन्दा धेरैअगाडि रहेको बताउँदै चीन र रुसले उसलाई कहिल्यै एक्लो नछोड्ने बताए। बीबीसीसँगको वार्तामा कादिरले रुस र चीनले भियतनाम-अमेरिका युद्धमा पनि भियतनामलाई सहयोग गरेको बताए। उनले उत्तर कोरियाले परमाणु प्रविधि बनाउन सक्ने पनि दाबी गरे। आफूले उत्तर कोरिया र पाकिस्तानबीच क्षेप्यास्त्र कार्यक्रमलाई लिएर सम्पर्कका क्रममा विशेषज्ञसँग भेटघाट र सहकार्य गरेको उनले बताए। उत्तर कोरियाको प्रविधि पाकिस्तानको भन्दा धेरै राम्रो भएको कादिरले बताए।

**म्यान्मार**

## सुकीको आलोचना

यांगुन, (एजेन्सी)

संयुक्त राष्ट्र संघले हालै तयार गरेको म्यान्मारको मानव अधिकारसम्बन्धी प्रतिवेदनमा त्यहाँका प्रभावशाली प्रजातन्त्रवादी नेतृ आंग सान सुकीलाई रोहिंग्या मुस्लिम अल्पमतलाई रक्षा गर्न असफल भएको भन्दै आलोचना गरिएको छ। म्यान्मारको रखाइन राज्यको स्थिति निकै गम्भीर भएको र सुकीले गतिलो कदम उठाउनुपर्ने अवस्था आएको बताइएको छ। संयुक्त राष्ट्र संघको पछिल्लो तथ्यांकअनुसार हिंसा र असुरक्षाका कारण बंगलादेशतर्फ भागेर सरण लिन जाने रोहिंग्याको संख्या ८७ हजार पुगेको छ। सन् २०१६ को अक्टोरदेखि सो राज्यमा हिंसा शुरू भएको थियो।

**बेल्जियम**

## पाइलटको खोजी

ब्रसेल्स, (एजेन्सी)

हवाई अभ्यासका क्रममा एकजना पाइलट आफैले चलाइरहेको हेलिकोप्टरबाट खसेकाले बेल्जियन फौजले त्यहाँको पूर्वी भागमा उनको व्यापक खोजी गरिरहेका छन्। बेल्जियन सञ्चारमाध्यमले अगष्टा ए-१०९ हेलिकोप्टरबाट तीन जना सैनिकले प्यारासुट प्रयोग गरी हाम फालेको तथा पाइलट र को-पाइलटका लागि प्यारासुट नभएको जनाएको छ। को-पाइलटले तीनजना सैनिकलाई हाम फाल्न मदत गरेपछि आफूले पाइलटको सिट खाली र उनको झ्याल खुला देख्नासाथ आफूले कन्ट्रोलको जिम्मा लिएर सुरक्षित ढंगले हेलिकोप्टर अवतरण गराएको बताएका छन्।

**नवौं ब्रिक्स सम्मेलन**

# संयुक्त विज्ञप्तिमा आतंकवाद समूहको कडा निन्दा

सियामेन, (एजेन्सी)



दक्षिण पूर्वी चिनियाँ शहर सियामेनमा भइरहेको नवौं ब्रिक्स सम्मेलनमा सहभागी सदस्य राष्ट्र ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकाका राष्ट्राध्यक्षहरुले एक संयुक्त विज्ञप्ति जारी गरी पहिलोपटक पाकिस्तानमा सक्रिय रहेका आतंकवादी समूहको नामसहित आतंकवादको कडा निन्दा गरेका छन्।

उक्त विज्ञप्तिमा लस्कर ए ताइबा, जैस ए मोहम्मद र हक्कानी नेटवर्कजस्ता इस्लामिक कट्टरपन्थी समूहको नाम उल्लेख गरिएको जनाइएको छ। विज्ञप्तिमा आतंकवादविरुद्ध आपसी सहयोग मजबुत बनाउन प्रतिबद्धता व्यक्त गरिएको छ।

विज्ञप्तिमा अफगानिस्तान संकटका विषयमा 'अफगान नेतृत्व र अफगान स्वामित्व'को शान्ति तथा राष्ट्रिय मेलमिलापको अफगान जनताको प्रयास, अफगानिस्तानका लागि मस्कोको परामर्स प्रारुप 'हार्ट अफ एसिया इस्तानबुल प्रोसेस'लगायत हाल जारी रहेका अन्तर्राष्ट्रिय प्रयासमा ब्रिक्सको समर्थन रहने उल्लेख गरिएको छ।

ब्रिक्स सदस्य राष्ट्रले ४ वटा सहमतिमा हस्ताक्षर गरेका छन्। उनीहरुले सोमबार हस्ताक्षर गरेको सहमतिमा ब्रिक्स एक्सन एजेन्डा अन इकोनोमिक एन्ड ट्रेड कोअपरेसन, ब्रिक्स एक्सन प्लान फर इन्नोभेसन कोअपरेसन, स्ट्रेटेजिक फ्रेमवर्क अफ ब्रिक्स कस्टम्स कोअपरेसन, मेमेरान्डम अफ अन्डरस्टाडिङ बिटविन द ब्रिक्स बिजिनेस काउन्सिल र न्यु डेभेलपमेन्ट बैंक अन स्ट्रेटेजिक कोअपरेसन अर्थात् एनडीबी हुन्। एनडीबी ब्रिक्सले गठन गरेको बहुआयामिक विकास बैंक हो।

डोकलाम सीमा विवादका कारण तनावको स्थितिमा पुगेका चीन र भारतका नेताहरु सहभागी भएको यो पहिलो बैठक हो। सम्मेलनको केही दिनअगाडि मात्रै उक्त विवादस्पद क्षेत्रबाट दुवै देशले आआफ्ना सेना फिर्ता गरेका थिए। यद्यपि चीनले उक्त क्षेत्रबाट भारतीय सैनिक फिर्ता भएको र आफ्ना सैनिकले नियमित गस्ती गरिरहेको जनाएको थियो।

ब्रिक्स सम्मेलनका लागि आइतबार बन्दरगाह शहर सियामेन पुगेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई चिनियाँ राष्ट्रपति सी जिनपिंगले इन्टरनेसनल कन्फेरेन्स सेन्टरमा हात मिलाउँदै स्वागत गरेका थिए।

उनीहरुबीच मंगलबार सम्मेलनको समापनको दिन द्विपक्षीय वार्ता हुने जनाइएको छ।

शिखर सम्मेलनको आयोजक चीनका राष्ट्रपति सीले आइतबारको उद्घाटन सत्रमा ब्रिक्स राष्ट्रहरुबीच आपसी सहयोग विश्वमा महत्त्वपूर्ण परिवर्तन भइरहेको बेला झन महत्त्वपूर्ण हुने बताए।

सीले न्यु डेभेलपमेन्ट बैंक परियोजनाका लागि ४० लाख अमेरिकी डलर योगदान दिने बताए। चीनले ब्रिक्स आर्थिक तथा प्रविधि सहयोग योजनाका लागि ७ करोड ६४ लाख डलर दिने प्रतिबद्धता व्यक्त गरेको छ।

# 'उत्तर कोरियाले थप क्षेप्यास्त्र परीक्षण गर्ने संकेत'



सोल, (एजेन्सी)

दक्षिण कोरियाले सम्भवतः एउटा अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रलगायत उत्तर कोरियाले अन्य थुप्रै क्षेप्यास्त्र प्रक्षेपण गर्ने तयारी गरिरहेको जनाएको छ।

साथै सोलले केही दिनअघि उत्तरले हाइड्रोजन बमको परीक्षण गरेपछि आफूले विवादास्पद अमेरिकामा निर्मित थाड क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलाई सशक्त बनाइरहेको पनि दाबी गरेको छ।

उत्तरको हाइड्रोजन बम परीक्षणको जवाफमा दक्षिण कोरियाले प्रत्याक्रमण सैनिक अभ्यास गरेको छ। यसैबीच अमेरिकाले आफू र आफ्नो गठबन्धनलाई उत्तरबाट कुनै खतरा महसुस भएको खण्डमा बृहत् सैनिक प्रतिक्रिया दिइने चेतावनी दिएको छ।

उत्तरले आफूले परीक्षण गरेको हाइड्रोजन बमलाई लामो दूरीको क्षेप्यास्त्रमा प्रयोग गर्न सकिने दाबी गरेको थियो। प्योङयाङले पटकपटक अन्तर्राष्ट्रिय जगतको दबाब र संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को नाकाबन्दीको बेवास्ता गर्दै आणविक हतियार विकास र क्षेप्यास्त्र परीक्षण कार्य जारी राखेको छ।

विगत दुई महिनाभित्र मात्र उत्तर कोरियाले दुईवटा अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको छ। एउटा क्षेप्यास्त्र त जापानको भूभाग हुँदै प्रशान्त महासागरमा खसेको थियो। दक्षिण कोरियाली रक्षा मन्त्रालयका अधिकारी चांग क्युंग-सूले सोमबार संसद्लाई उत्तरले थप क्षेप्यास्त्र परीक्षण गर्ने सक्ने संकेत मिलेको जानकारी गराएका थिए।

# उरुग्वेमा इटालियन माफिया बोस पक्राउ

रोम, (एजेन्सी)



विगत २३ वर्षदेखि फरार रहेका इटालीका एकजना कुख्यात अपराधीमध्ये एकलाई उरुग्वेमा पक्राउ गरिएको छ। उनीमाथि माफियासँग आबद्ध रहेको तथा लागूऔषध ओसारपसार गरेको आरोप लगाइएको छ।

संगठित आपराधिक समूह ड्रान्घेटाका बोस बताइएका रोक्को मोराविटोलाई पुन्टा डेल एस्टे रिसोर्टमा गिरफ्तार गरिएको हो। उरुग्वेको प्रहरीले उनी विगत दश वर्षदेखि त्यहाँ नक्कली परिचय बनाएर बस्दै आएको जनाएको छ।

दक्षिण अमेरिकाबाट इटालीमा लागूऔषध तस्करीमा निकै कुख्यात यिनको उपनाम नै 'कोकिन किंग अफ मिलान' रहेको छ। ड्रान्घेटाले विश्वको अधिकांश कोकिन कारोबारमाथि आफ्नो नियन्त्रण राख्दै आएको छ। मोराविटोलाई ब्राजिलबाट सयौं किलोग्राम कोकिन इटाली छिराएको अभियोग लागेको छ।

उनी सन् २००२ मा उरुग्वे पुगेको अनुमान गरिएको छ। प्रहरीले उनलाई उरुग्वेको राजधानी मोन्टेभिडियोस्थित एउटा होटेलमा पक्राउ गरेको हो। तर अधिकारीहरुले उनी फ्रान्सिस्को क्यापेलेट्टोको नामबाट नक्कली ब्राजिलियन परिचयपत्र बनाएर पुन्टा डेल एस्टे रिसोर्टमा बस्दै आएको दाबी गरेका छन्। उनको निवासबाट प्रहरीले ९ एमएम बन्दुक, १३ वटा मोबाइल फोन र १ सय ५० वटा विभिन्न भेषमा खिचिएका पासपोर्ट साइजको तस्वीरहरु बरामद गरेको छ। उनकी पत्नीलाई पनि गिरफ्तार गरिएको छ।

तर उनका वकिलले सन् १९९४ देखि मोराविटोले सम्पूर्ण आपराधिक गतिविधि छाडेर सामान्य जीवन बिताउन थालेको बताएका छन्। उनलाई अहिले झुठो दस्तावेजहरु प्रयोग गरेको अभियोगमा उरुग्वेको कारगारमा थुनिएको छ। केही महिनापछि उनलाई इटालियन सरकारसमक्ष सुपुर्दगी गरिने बताइएको छ।

गत वर्ष इटालकि प्रहरीले अठार वर्षदेखि फरार रहेका ड्रान्घेटा माफिया बोस कालाब्रियाको पहाडी क्षेत्रको एउटा बंकरमा लुकिरहेको जनाएको थियो।

# राजकुमारीद्वारा विवाहका लागि शाही दर्जा त्याग

टोक्यो, (एजेन्सी)



जापानकी राजकुमारी माकोले एक सर्वसाधारण जापानी नागरिकसँग विवाह गर्ने भएकी छिन्। जापानका सम्राटबाट अनुमति प्राप्त भएपछि राजकुमारी माकोले आफ्नो विवाहको घोषणा गरेकी हुन्।

यो घोषणासँगै विवाहको लामो प्रक्रिया शुरू हुनेछ। राजकुमारी माकोको शाही पद पनि यस प्रक्रियामा समाप्त हुनेछ। जापानको एक विवादास्पद शाही कानुनअनुसार राजपरिवारका महिला सदस्यले आम नगारिकसँगको विवाहपछि आफ्नो शाही पद गुमाउनुपर्नेछ। तर कुनै पुरुष सदस्यले आम नागरिकसँग विवाह गरेमा उसको शाही पद भने कामय रहनेछ।

आइतबार प्रेससँगको वार्तामा राजकुमारी माकोले आफू की कोमुरोको सूर्यजस्तो मुस्कानबाट आकर्षित भएको बताइन्। माकोले भनिन्- 'मलाई बाल्यकालमै थाहा थियो कि विवाहपछि म आफ्नो शाही दर्जा गुमाउनेछु।'

उनले भने- 'मैले शाही परिवारका सदस्य रहेर शाही काममा सकेसम्म सम्भव सबै तरिकाबाट पालना गर्ने प्रयास गरेकी छु। म आफ्नो जीवन पनि मजाले बिताइरहेको थिएँ।'



राजकुमारी माकोका २५ वर्षीय प्रेमी कामुरो एउटा पुरानो ल फर्ममा काम गर्छन्। विश्वविद्यालयमा पढाइका क्रममा दुईजनाको भेट पाँच वर्ष पहिला भएको थियो। टेलिभिजनमा प्रसारित प्रेस सम्मेलनमा कोमुरोले आफूलाई राजकुमारी माकोले चन्द्रमा हेरेजस्तै चुपचाप हेरिरहने गरेको बताए।

२५ वर्षीया राजकुमारी माको राजकुमार फुमिहितोकी जेठी छोरी हुन्। विद्यावारिधि तहको पढाइ गरिरहेकी माको एक संग्रहालयमा शोधकर्ता पनि हुन्। राजकुमारी जुलाईमै आफ्नो विवाहको घोषणा गर्ने तयारीमा थिइन्। तर पश्चिम जापानमा भीषण वर्षाले गर्दा उत्पन्न विपत्तिका कारण विवाह रोकिएको थियो।

# फ्रान्समा बालिका अपहरण अनुसन्धान



पेरिस, (एजेन्सी)

फ्रान्सको फ्रेन्च आलपसमा आयोजित एउटा विवाह कार्यक्रममा एक नौ वर्षीया बालिकाको अपहरण भएको घटना सम्बन्धमा आशंकित एकजना पुरुषमाथि औपचारिक अनुसनधान शुरु गरिएको फ्रेन्च प्रहरीले सोमबार जनाएको छ।

सरकारी वकिलले हराइरहेकी मायलिज डि आराउजो नामक ती बालिकाको डीएनए उक्त पुरुषको कारको ड्यासबोर्डमा फेला परेको बताएका छन्। तर ती व्यक्तिले विवाह कार्यक्रमको राति आराउजो आफ्नो कारमा रहेको स्वीकारे पनि यसबाट उनी हराउनुमा आफू दोषी हुने प्रमाणित हुन नसक्ने बताएका छन्।

उनी अन्तिम पटक २७ अगस्टमा ग्रेनोबलदेखि उत्तरमा पर्ने पोन्ट डि बयुभोइसिनको एउटा चिल्ड्रेन्स एरियामा देखिएको बताइएको छ। प्रहरी, खोजी तथा उद्धार टोली, तैराकी तथा गुफो विशेषज्ञहरुलाई सो क्षेत्रमा उनको खोजीका लागि परिचालन गरिएको स्थानीय सञ्चारमाध्मले जनाएको छ।

यी आशंकित व्यक्ति गत साता सो विवाह कार्यक्रममा हिरासतमा लिइएका दुईजना पाहुनामध्ये एक हुन्।

आइतबार यी ३४ वर्षीय पुरुषलाई सरकारी वकिलले १५ वर्षमुनिका नाबालकलाई अवैध ढंगले अपहरण गरेको अभियोग लगाएको छ।

बनेपा नगरपालिकाले भाडामा लगाएका पसल कबोलहरू दलाली गर्दै १० लाखसम्ममा बिक्री भएको खुलासा भएको छ। नगर पालिकाले २ वर्षका लागि ४ हजारदेखि ७ हजारसम्म भाडा तोकेर दिएका पसल कबोलहरू ४ वर्ष भइसक्दासमेत सोही रकममा भाडामा बसिरहेका छन्।

# रुकुमको तातोपानी संरक्षणको पखाइमा

धनवीर दाहाल, रुकुम



यो वर्षात्को समयमा पनि हिउँद महिनाको जस्तो सफा पानी बगिरहन्छ। झट्ट हेर्दा साह्रै चिसोजस्तो लाग्ने पानी छुनेबित्तिकै पोल्ने गर्दछ। तपाईंलाई विश्वास नलाग्न सक्छ तर यो सत्य हो। रुकुमको सिस्ने गाउँपालिका-४ मा परापूर्वकालदेखि तातोपानी कलकल बगिरहेको छ।

पूर्वी रुकुमको सिस्ने गाउँपालिका-४ पोखराकी जयकुमारी केसीलाई यति बेला आफ्नो ठाउँमा रहेको तातोपानीको मुहान पुरिने हो कि भन्ने चिन्ताले सताउन थालेको छ।

रुकुमको गहनाको रूपमा रहेको तातोपानी मुहान क्षेत्र सानीभेरी नदीको बहावको कारण पुरिनसक्ने भन्दै जयकुमारीले संरक्षणका लागि पटकपटक सरोकारवालालाई अनुरोध गरिसकेको बताउँछिन्। उनीमात्र होइन यतिबेला पोखराबासी आफ्नो ठाउँमा रहेको तातो पानीको मुहान पुरिनसक्ने खतरा रहेकाले संरक्षणका लागि जोडदार माग गरिरहेका छन्। यति बेला सानीभेरी नदीको छेउमा रहेको ऐतिहासिक तातोपानी क्षेत्र ओझलमा पर्न थालेको छ।

परापूर्वकालदेखि नै प्रसिद्ध तातो पानीको नामले चिनिएको उक्त स्थानको उचित संरक्षण र कुनै व्यवस्थापन नहुँदा नदी बगरको माटोले पुरिने अवस्थामा पुगेको छ। सानोभेरी नदीछेउको किनारमै रहेको पूर्वी रुकुमको पोखरामा अवस्थित तातोपानी क्षेत्रलाई आन्तकि र बाह्य पर्यटनका लागि एक ऐतिहासिक स्थानका रूपमा लिने गरिन्छ। तर, पछिल्लो समय तातेपानी क्षेत्र संरक्षणका लागि कुनै विशेष अभियान नचलाइँदा तातोपानीको मुहान पुरिएर जाने अवस्थामा रहेको छ। प्राकृतिकरूपमा आफैं उत्पत्ति भएको तातोपानी पिउने र नुहाउने गर्नाले विभिन्न रोगसमेत निको हुने विश्वासले बर्सेनि तातोपानी क्षेत्रमा देश-विदेशबाट पर्यटक आउने गर्दछन्।

वर्षा शुरू भएपछि २ महिनाजति सानोभेरी नदिको बहावले तातोपानीको केही भाग पुरिने भएकाले कतै तातो पानी नै नरहने हो कि भन्ने चिन्ताले आफूहरूलाई पिरोल्ने गरेको स्थानीय रामचन्द्र खड्काले बताए। नदीको बहाव बढ्दा कम हुने र बहाव घद्दा बढ्दै जाने तातोपानीको मुहान नेपालकै सन्दर्भमा संरक्षण गर्न आवश्यक रहेकाले आम्दानीको स्रोत बन्नसक्ने खड्काको भनाइ छ।

२ वर्षअघि तातोपानी संरक्षणका लागि तत्कालीन जिल्ला विकास समिति, रुकुमको सामान्य आर्थिक सहयोगमा तटबन्ध निर्माण गरेर कुवा र धारा निर्माण गरिएको थियो। तर, त्यो सबै बालुवामा पानी खनाएजस्तै भएकाले हाल तातो पानी क्षेत्र बगरमा परिणत भएको छ।

धार्मिक मान्यतासहित पर्यटकीय इतिहास बनाएको तातोपानी मूल संरक्षणका लागि भन्दै यसपटक भने सिस्ने गाउँपालिकाले थोरै बजेट विनियोजन गरेको सिस्ने गाउँपालिकाकी अध्यक्ष कुमारी बरालले बताइन्।

यसअघि रुकुम जिल्ला एउटै हुँदा समग्र जिल्लाको पहिचान बनाएको पोखराको तातोपानी क्षेत्रलाई रुकुमकै ऐतिहासिक स्थलको रूपमा लिने गरिन्थ्यो। स्थानीयबासीले बेलाबखत सरोकारवाला निकायलाई संरक्षणका लागि सहयोग गर्न आग्रह गर्दा पनि त्यसतर्फ भने सबै बेखबर बनेका छन्। पर्यटनका लागि प्रसस्त सम्भावना बोकेको तातोपानी संरक्षणका लागि पहल गर्न जरुरी देखिन्छ।

# ४ हजार भाडा, बिक्री १० लाखमा

मोतीराम तिमल्सिना, काभ्रे

बनेपा नगरपालिकाले भाडामा लगाएका पसल कबोलहरू दलाली गर्दै १० लाखसम्ममा बिक्री भएको खुलासा भएको छ। नगर पालिकाले २ वर्षका लागि ४ हजारदेखि ७ हजारसम्म भाडा तोकेर दिएका पसल कबोलहरू ४ वर्ष भइसक्दासमेत सोही रकममा भाडामा बसिरहेका छन्।

साउन ६ गते राति नगर पालिकासँग भाडामै लिएको पसल कबोलभित्र दाहाल परिवारका चार जनाले सामूहिक आत्महत्या गरेपछि बन्द रहेको सटर ८ लाखमा खरिद-बिक्री भएको छ।

'५ हजार ५ सय रुपियाँ भाडा तोकेको उक्त पसल नगरपालिकाको सहमतिबिना खरिद-बिक्री गर्न पाइँदैन', बनेपा नगरपालिकाका उपप्रमुख रेखा सापकोटा दाहालले भनिन्- 'गौतम भोजनालय राखिएको नगरपालिकाले भाडामा लगाएको सटरको बारेमा आएको उजुरीका बारेमा छानविन शुरू भएको छ।'

नगरपालिकाले भाडामा लगाएका सबै सटरको पुनः नवीकरण र भाडा पुनरावलोकन गर्ने तयारी गरेको छ। तत्कालीन कार्यकारी अधिकृत सुरथ पोखरेलको कार्यकालमा तय गरेको भाडादर ४ वर्ष बितिसक्दासमेत कायमै रहेको छ। ४ वर्षअघि पसल कबोल हेरेर ४ हजारदेखि ७ हजारसम्म भाडा कायम गरिएको थियो।

नगरपालिकाले पसल लिने व्यक्तिसँग व्यक्ति-व्यक्तिले सम्झौता गरेका छन्। गौतम भोजनालय पूजा गौतमका नाममा दर्ता गरिएको थियो।

नगरपालिकालाई जानकारी नै नदिई पूजाका बाबु झम्कप्रसाद गौतमले सिन्धुपाल्चोक घर भएका एक युवकलाई ८ लाखमा बिक्री गरेपछि रहस्य खुलेको हो।

बसपार्कका सबै सटर यसरी नै बिक्री हुने गरेका छन्। नगर पालिकालाई तिर्नुपर्ने भाडासमेत नतिर्ने व्यवसायीहरूले पसल कबोल भने वर्षैपिच्छे मूल्य बढाएर बिक्री गर्दै आएका हुन्।

नगरपालिकामा जनप्रतिनिधि नभएको मौका छोपी व्यवसायीले वर्षौंदेखि भाडासमेत तिरेका छैनन्। 'हामीले सबै व्यवसायीलाई पुनः नवीकरण र सम्झौताका लागि पत्र पठाएका छौं, केही सम्पर्कमा आएका छन् केहीले सम्पर्क नै गरेका छैनन्', नगरपालिकाका अधिकृत ध्रुवराज नेपालले भने- 'जनप्रतिनिधि आइसकेको अवस्था छ, छिट्टै हामी भाडा पुनवरावलोकन गरी सम्झौताका लागि बोलाउने तयारीमा छौं।' गौतम भोजनालय पूजा गौतमका नाममा छ। उनले कसरी बिक्री गरिन् त्यसका बारेमा समेत बुझ्न दुवै पक्षलाई नगर पालिकामा झिकाइएको छ।

साउन ६ गते शुक्रबार राति टुकुचा नाला घर भई बनेपामा गौतम भोजनालय सञ्चालन गर्दै आएका हरिभक्त दाहाल, उनको श्रीमती हरिमाया दाहाल, छोरा राजाराम दाहाल, छोरी रञ्जना दाहाल मृत अवस्थामा भेटिएका थिए।

# जन्मनेबित्तिकै शिशुको हत्या

पर्वत, (नेस)

अवैध गर्भधारण गरी ९ महिनासम्म कोखमा पालेको बच्चालाई जन्मनेबित्तिकै आमाले नै हत्या गरेको पुष्टि भएको छ।

पर्वत जिल्लाको कुस्मा नगरपालिका-१ पाङमा साउन १६ गते बिहान मृत अवस्थामा फेला परेको नवजात शिशुलाई आमाले नै हत्या गरेको पुष्टि भएको हो।

पर्वतको कुस्मा नगरपालिका-१ पाङ सिधाली बस्ने १७ वर्षीया अम्बिका कँडेलले शिशुलाई साउन १६ गते बिहान साढे २ बजे चर्पीमा जन्म दिएपछि नाभी तानेर हत्या गरेकी हुन्। उनले शिशुलाई हत्या गरेपछि आफ्नै घरपछाडि झाडीमा फालेको स्वीकार गरेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। हत्या आरोपी कँडेल अविवाहित हुन्।

अम्बिकाले कुस्मा नगरपालिका-३ बस्ने वर्ष २५ को दुर्गा विकको अवैध गर्भधारण गरेकी थिइन्। दुर्गा विकले घरमा पसल सञ्चालन गर्दै आएका थिए। पसलमा चाउचाउ किन्न जाने क्रममा दुई जनाका बीचमा पटक-पटक अवैध यौन सम्बन्ध कायम हुँदै आएको थियो। स्थानीय विद्यालयमा ७ कक्षामा पढ्दै आएकी अम्बिकाले आमालाई आफ्नो नियमितरूपमा महिनावारी हुँदै आएको भनेर ढाँटिरहेकी थिए।

# न्याय मरेमा राष्ट्र नै ध्वस्त हुन्छ : प्रधानन्यायाधीश

अछाम, (नेस)

प्रधानन्यायाधीश गोपाल पराजुलीले न्याय मर्‍यो भने राष्ट्र नै ध्वस्त हुने बताउनुभएको छ। जिल्ला अदालत, अछामको नवनिर्मित भवनको सोमबार एक भव्य समारोहका बीच उद्घाटन गर्दै प्रधानन्यायाधीश पराजुलीले यस्तो बताउनुभएको हो।

उच्च अदालत, दीपायलका मुख्य न्यायाधीश प्रकाशप्रसाद ढुंगानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिको आशनबाट बोल्दै पराजुलीले न्याय भएमा मात्र राष्ट्रिय एकता कायम हुने बताउनुभयो। उहाँले न्याय मानिसका लागि अपरिहार्य रहेकोसमेत प्रस्ट पार्नुभयो।

कार्यक्रममा बोल्दै उच्च अदालत, दीपायलका मुख्य न्यायाधीश प्रकाशप्रसाद ढुंगानाले सबै न्यायकर्मी मन, वचन र कर्मले समर्पित भएमा कोही पनि नागरिक न्याय प्राप्त गर्नबाट वञ्चित हुन नपर्ने बताउनुभयो।

# होटलमा काम गर्ने बालकको उद्धार

नेपाल समाचारपत्र

दोलखा

जिल्लालाई बालश्रममुक्त घोषणा गर्ने अभियानको क्रममा अहिले जिल्ला बाल कल्याण समिति दोलखाले सदरमुकाम चरिकोटको विभिन्न होटलको अनुगमन गरी बालबालिकालाई काममा लगाएको भेटिए उनीहरूको उद्धार गर्दै आएको छ। सोही क्रममा सदरमुकाम चरिकोटमा रहेको पारिवारिक होटल एन्ड रेस्टुरेन्टमा विगत ८ महिनादेखि काम गर्द आएका एक बालकलाई आज उद्धार गरिएको जिल्ला बाल कल्याण समिति दोलखाले जनाएको छ।

जिल्ला बाल कल्याण समिति, जिल्ला प्रहरी कार्यालय दोलखा र बालबालिकाको क्षेत्रमा काम गदै आएका विभिन्न संघ-संस्था तथा सरोकारवालाको सहयोगमा उक्त होटलमा काम गर्दै आउनुभएको कालिञ्चोक गाउँपालिकाको एक बालकलाई उद्धार गरिएको जिल्ला बाल कल्याण समिति, दोलखाका सूचना व्यवस्थापक शान्ति खड्काले जानकारी दिनुभएको छ।

## सुरक्षा...

ठमेलमा रहेको होटल काठमाडौं वानकाका सञ्चालकद्वय चिनियाँ नागरिक वेन र पानले उक्त सुन काठमाडौं भित्र्याएको र उक्त सुन लिन भारतीय नागरिक शिवम् पटेल र रानी वर्मा ठमेलमा बसेको भए पनि उनीहरूले सुन रिसिभ गर्न नपाउँदै महानगरीय अपराध महाशाखाको टोलीले पक्राउ गरेको थियो।

एक हप्ताअघि तिब्बतको केरुङमा आएको १ सय ३० किलो सुन नेपाल प्रवेश गर्न लागेको सुराकी पाएका रसुवाका एक युवकले उक्त सुन तस्करीको बारेमा अनुसन्धान शुरु गरेका थिए। तिब्बत र नेपालको सीमानाका केरुङबाट नेपाल भित्रिएको उक्त सुन बिनाचेकजाँच राजधानी आइपुगेको उनले नेपाल समाचारपत्रलाई जानकारी दिए।

रसुवागढी नाकाबाट काठमाडौं आएको बा१७च ६४२७ नम्बरको टाटा स्ट्रोम गाडी बिनाचेक राजधानी भित्रिएको थियो। रसुवागढीबाट काठमाडौं भित्रिएको उक्त गाडी १४ स्थानमा चेकजाँच गर्ने प्वाइन्ट भए पनि कहींकतै उक्त गाडी चेक भएको थिएन। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको ठाउँ-ठाउँमा चेकिङ प्वाइन्ट भए पनि कुनै ठाउँमा पनि उक्त गाडी चेकजाँच भएको पाइँदैन। नेपाली सेनाको लाङटाङ राष्ट्रिय निकुञ्जको धुञ्चेमा चेक प्वाइन्ट रहेको र त्यहाँ खटिएका सेनाको टोलीले कडारूपमा अन्य गाडीको चेक गर्ने गरेको भए पनि ८८ किलो सुन आएको उक्त गाडीलाई सामान्य चेकजाँच गरेर छाडेको उनले जानकारी दिए। सेनाको धुञ्चे चेकप्वाइन्टमा कडा निगरानी हुने गरेको भए पनि चेकप्वाइन्टमा खटिएका नेपाली सेनाका जाँचकीले सामान्य चेक गरेर उक्त गाडीलाई छाडेको पनि उनले जानकारी दिए।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुखहरूलाई प्रभावमा पारेर उक्त सुन काठमाडौं भित्रिएको पत्ता लागेको छ। १ सय ३० किलो सुन नेपाल भित्रँदै गरेको सुराकी पाएपछि पिछा गर्दै आएका ती युवकले भने- 'बिनाचेकजाँच राजधानी भित्रने तयारीमा रहेको उक्त गाडीलाई सादा पोशाकमा रहेका प्रहरीले नुवाकोटको पीपलटारबाट पिछा गरेका थिए। उनीहरूले पिछा गरेको सो गाडी बिनाचेक राजधानी प्रवेश गरेको थियो। प्रहरी टोलीले आइतबार राति नै गाडी नियन्त्रणमा लिने प्रयास गरेको थियो तर उक्त गाडीमा सुन भए/नभएको एकिन नभएपछि आइतबार बिहानमात्रै प्रहरीले छापा मारेको थियो। गाडीमा ८८ किलो मात्रै सुन फेला परेपछि ४२ केजी सुन थियो कि थिएन भन्ने बारेमा थप शंका पैदा भएको छ।

महानगरीय अपराध महाशाखाले उक्त सुन बरामद गरेपछि महानगरीय आयुक्तको कार्यालयबीच खटपट शुरु भएको छ। आयुक्त कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्द र महाशाखाका प्रमुख एसएसपी दिवेश लोहनीबीच सुनको विषयलाई लिएर कटुता शुरु भएको छ।

सोमबार महाशाखाका घुमुवा र आयुक्त कार्यालयका घुमुवाबीच सार्वजनिकस्थलमा नै सुनको सुराकीको बारेमा भनाभन भएको थियो। घुमुवाबीच भनाभन भएपछि महाशाखाका उच्च अधिकारीले घुमुवाको विवाद मिलाएका थिए।

## भ्रष्टाचारीले...

यसअघि विधेयकको दफा १० प्रस्ताव भनिएको थियो 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दलसम्बन्धी संघीय कानुनबमोजिम राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त नगर्ने दलको तर्फबाट कुनै पनि उम्मेदवार निर्वाचित हुने छैनन्।'

तर, पारित भएको विधेयकमा भनिएको छ- 'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुनेछन्। तर, राष्ट्रिय दलको मान्यता पाउन प्रत्यक्षतर्फ कम्तीमा एक सिट र समानुपातिकतर्फ तीन प्रतिशत मत ल्याउनुपर्ने प्रावधान राजनीतिक दलसम्बन्धी ऐनमा व्यवस्था गरिएको छ।

सोमबारको व्यवस्थापिका संसद्को दोस्रो बैठकमा प्रतिनिधिसभा र प्रदेशसभासम्बन्धी विधेयक राज्य व्यवस्था समितिका सभापति दिलबहादुर घर्तीले पेस गर्नुभएको थियो। विधयेक पारित गर्न प्रस्ताव गृहमन्त्री जनार्दन शर्माले संसद्मा पेस गर्नुभएको थियो। विधयेक पारितसँगै आगामी मंसिर १० र २१ गतेका लागि घोषणा गरिएका निर्वाचनको बाटो खुलेको छ।

## अहिलेसम्मकै...

'हामी प्रारम्भिक अनुसन्धानमा नै छौं, सबै विवरण आएको छैन।' उहाँले संगठित अपराधीहरू संलग्न रहेको जानकारी दिनुभयो। महाशाखाका एसपी नरेन्द्रप्रसाद उप्रेतीले घटनामा संलग्न रहेको आशंकामा केही संलग्न रहेको व्यक्तिलाई पक्राउ गर्न प्रहरी परिचालन गरिएको जानकारी दिनुभयो।

बरामद गरिएको सुन एक किलोको साना बिस्कुट आकारमा प्लास्टिकले प्याप गरिएको थियो। चीन-तिब्बत हुँदै नेपालको रसुवाको केरुङ नाका तथा सिन्धुपाल्चोकको तातोपानी नाकाबाट अवैध तरिकाले सुन भित्र्याई नेपालका विभिन्न स्थान तथा भारतमासमेत लगी बिक्री-वितरण गर्ने कार्यमा सक्रिय भएको सूचना प्राप्त भएपछि प्रहरीले अनुसन्धानलाई तीव्र बनाएको छ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रमुख डीआइजी पुष्कर कार्कीले सानो आकारको सुन लुकाउन सजिलो हुने भएकाले तस्करी बढेको बताउँदै भन्नुभयो- 'सुन तस्करी हुन थालेको छ, गम्भीररूपमा अध्ययन गरी जरैसम्म पत्ता लगाउने प्रयास गरिरहेका छौं।'

उहाँले कहाँसम्म 'कनेक्सन' रहेको छ भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिनुभयो। प्रहरी प्रवक्ता डीआईजी मनोज न्यौपानेले सुन तस्करको घटना बढेको नभई प्रहरी सक्रियता बढेको बताउनुभयो।

उहाँले भन्नुभयो- 'तस्करलाई पक्राउ गर्न प्रहरीले सक्रियता देखाउन थालेको छ, हामी विभिन्न नाकाबाट सुन भित्र्याउनेलाई पक्राउ गर्नेछौं।' उहाँले राजधानीबाट लगातार सुन बरामद भएको विषयमा अनुसन्धान भइरहेको जानकारी दिनुभयो। प्रहरीका अनुसार २०६९/०७० मा ८३ किलो, २०७०/७१ मा ८९ किलो, २०७१/०७२ मा १ सय ११ किलो, २०७२/०७३ मा ६८ किलो, २०७३/०७४ मा ९१ गरी ४ सय ४२ किलो सुन बरामद गरिएको छ।

**नेपाल सरकार**
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय

**तम्घास-सिमलटारी-प्यूठान सडक आयोजना**

तम्घास, गुल्मी
**प्रकाशित मिति: २०७४/०५/२०**

यस आयोजनाबाट मिति २०७४/०२/०९ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. २७-०७३/७४ वमोजिम बोलपत्र आह्वान गरिएकोमा तपशिलमा उल्लेखित ठेक्काहरुको अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम छनौट भएका उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपशिल**

| S.N. | Contract Identification Number | Description and Location of Works | Name and Address of Minimum Evaluated Substantially Responsive Bidder | Bid Amount, NRs. (Excluding VAT and PS) |
|---|---|---|---|---|
| 1. | TSPRP/3371574/073/74-186 | Construction of Motorable Bridge over Malagiri Khola along Tamghas Khamsepani Nayaganu Nadi Suryatari Road, Gulmi . | M/S Panta- Basuri -Sunil Samir JV, Gulmi | 37,678,627.00 |
| 2. | TSPRP/3371574/073/74-188 | Construction of Chaurasi Pul ka mukh Pul (motorable) along Amarpur Dhurkot Rajasthal Road, Gulmi . | M/S Mahadev Khimti- Shrestha-Sunil Samir JV, Gulmi | 52,314,898.25 |
| 3. | TSPRP/3371574/073/74-189 | Construction of Motorable Bridge Over Daram Khola Link of Arlangkot 1 and Righa 6, Gulmi | M/S Hari Hari Nirman Sew Pvt. Ltd., Kathmandu | 58,153,009.50 |

आयोजना प्रमुख



# अर्थ

पसलले बिल बिजक नभएको, ओभर बिलिङ गरेको, वास्तविक मूल्यमा अत्यधिक वृद्धि गरी दशैं छुट गरिएको भेटिएकाले शिलबन्दी गरिएको हो।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E  EARTHQUAKE RESISTANT REBAR  Fe 500  NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।




# खरिद मूल्यभन्दा कयौं गुणा बढीमा समान बिक्री

## दरबारमार्गका चार पसलमा शिलबन्दी

नेपाल समाचारपत्र

काठमाडौं

दरबारमार्गमा अन्तर्राष्ट्रिय ब्रान्डको नाममा खरिद मूल्यको कयौं गुणाभन्दा बढी मूल्यमा सामान बेच्ने गरेको पाइएको छ। सोमबार आपूर्तिमन्त्री शिवकुमार मण्डलको नेतृत्वमा गरिएको अनुगमनका क्रममा २६ सय रुपियाँमा खरिद गरी अन्तर्राष्ट्रिय ब्रान्डको भन्दै २६ हजार रुपियाँसम्ममा बेच्ने गरेको पाइएको हो।

सोमबार मन्त्री मण्डल नेतृत्व टोलीले उपभोक्ता ठगी गरेको भेटिएका कारण दरबारमार्गका चार पसलमा शिलबन्दी गरिएको छ। आपूर्ति मन्त्रालयले दरबारमार्गमा स्टोर वान, ब्रेटली, पुमा र नाइक गरी अन्तर्राष्ट्रिय ब्राण्डका सामान बेच्ने चार पसल शिलबन्दी गरेको हो। मन्त्रालयका अनुसार नाइकले ४ हजार ७ सयको खरिद बिलको जुत्ता २६ हजार ९ सय ९० रुपियाँमा र २ हजार ६ सय रुपियाँको सामान २६ हजार रुपियाँमा बिक्री गर्ने गरेका छन्।

त्यस्तै सामान्य बजारभाउभन्दा कयौं गुणा बढी अर्थात १ सय रुपियाँ खरिद मूल्य भएको चप्पल २५ सयमा बिक्री गरिँदै आएको खुलनमा आएको छ। त्यसैगरी नर्थ फेसमा १३ हजारको सामान बेचेर ४ हजारको बिल काटेको भेटिएको थियो। सोमबार आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले ती पसलमा शिलबन्दी गरेको हो। खरिद र बिक्री मूल्यमा धेरै अन्तर राखेको ती पसललाई सबै कारोबारको कागजातसहित तीन दिनभित्र उपस्थित हुन मन्त्रालयले निर्देशन दिएको छ।



ती पसलले बिल बिजक नभएको, ओभर बिलिङ गरेको, वास्तविक मूल्यमा अत्यधिक वृद्धि गरी दशैं छुट गरिएको भेटिएकाले शिलबन्दी गरिएको आपूर्तिमन्त्री शिवकुमार मण्डलले बताउनुभयो। मण्डलले उपभोक्ताले महँगो सामान बाध्यात्मक तरिकाले किन्नुपर्ने र जनताका समस्याभन्दा पनि व्यवसायीको मनपरी भएकाले समाजमा विकृति ल्याएकाले अनुगमन आएको आपूर्तिमन्त्री शिवकुमार मण्डलको भनाइ छ।

मन्त्री मण्डलले व्यवसायी र उपभोक्ताको बीचमा समन्वय गरी जनता ठगिने कार्यलाई नियन्त्रण गरिने पनि विश्वास दिलाउनुभयो। अनुगमनका क्रममा उहाँले भन्नुभयो-'नियम र कानुनले भेटेको कानुनसम्मत तरिकाले हुने प्रकारको हदसम्मको कारबाही हामी गर्छौं।' निर्दोष व्यवसायीलाई हाम्रो अनुगमनको कारणले व्यवसायमा कुनै दखल नहुने तर दोषीलाई कुनै पनि प्रकारको क्षमा नगरिने उहाँको भनाइ छ।

यसैबीच दरबारमार्गसँगै कमलपोखरीको सिटी सेन्टर, ठमेलको नर्थ फेसलगायतमा पनि आपूर्ति विभागले अुनगमन गरेको छ। अनुगमनका क्रममा आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक कुमार दाहालले कालोबजारी ऐनमा २० प्रतिशतभन्दा बढी नाफा खान नपाइने व्यवस्था रहेको बताउनुभयो। उहाँले पसलले अत्याधिक नाफा खाने गरेको भेटिएकाले उनीहरूलाई कालोबजारी ऐन अनुसार कारबाही गरिने पनि बताउनुभयो।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ भदौ २० सेप्टेम्बर ५ २०१७

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।१९ | १०२।७९ |
| युरो १ का रु. | १२१।६९ | १२२।४० |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।३३ | १३३।११ |
| स्विस फ्रन्क १ का रु. | १०६।६७ | १०७।३० |
| अस्ट्रलियन डलर १ का रु. | ८१।३० | ८१।७७ |
| क्यानाडियन डलर १ का रु. | ८२।३१ | ८२।७९ |
| सिङ्गापुर डलर १ का रु. | ७५।३० | ७५।७४ |
| जापानी यन १० का रु. | ९।३२ | ९।३७ |
| चिनियाँ युआन १ का रु. | १५।६५ | १५।७४ |
| साउदी अरब रियाल १ का रु. | २७।२५ | २७।४१ |
| कतारी रियाल १ का रु. | २७।७१ | २७।८७ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०८ | ३।१० |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८२ | २७।९८ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९३ | २४।०७ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०४ | ९।१० |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।८४ |
| डनिस क्रानर १ का रु. | १६।३६ |
| हङकङ डलर १ का रु. | १३।०६ |

नोटः वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# गोदरेजमा नगद छुट




काठमाडौं, (नेस)

घरायसी सामग्रीको ब्रान्ड गोदरेजले दशैं तिहारको उपलक्ष्यमा आकर्षक नगद छुट अफर ल्याएको छ। यो सरल आकर्षक नगद छुट अफर गोदरेजका सम्पूर्ण घरायसी सामग्री रेफ्रिजेरेटर, वासिङ मेसिन र माइक्रो वेभको खरिदमा प्राप्त गर्न सकिने छ। उक्त योजना भदौ १९ गतेदेखि नेपाल भरि सीमित अवधिसम्म लागू गरिएको छ। विश्वस्तरीय डिजाइन र सुविधा सम्पन्न उत्पादनहरूको लागि गोदरेजले लामो समयदेखि नेपाली ग्राहकको आवश्यकता अनुसारको उत्पादनमा विश्वसनियता प्राप्त गरेको छ। ५० वर्षभन्दा पुरानो उक्त ब्रान्डका रेफ्रिजेरेटर नेपाली ग्राहकको पहिलो रोजाइमा पर्छ। नेपालका लागि गोदरेज ब्रान्डको आधिकारिक बिक्रेता चौधरी ग्रुपअन्तर्गत ईओएल प्राइभेट लिमिटेड रहेको छ।

# कलर्सको क्यास ब्याक अफर

काठमाडौं, (नेस)

कलर्स मोबाइलले पर्वोत्सव उपहार योजनाअन्तर्गत शत प्रतिशत 'क्यास ब्याक अफर' ल्याएको छ।

यो योजना कलर्स मोबाइलका प्राइड मोबाइल सिरिज पि ४५, पि ५५ सेल्फी र पि ७० सेल्फीयुको खरिदमा मात्र लागू गरिएको कम्पनीले जनाएको छ।

योजनाअनुसार हरेक हप्ता ५० जना विजेताको नाम उद्घोष गरिनेछ। विजेताले शतप्रतिशत नगद फिर्ताका साथै कलर्स मोबाइलको तर्फबाट अन्य आकर्षक उपहार प्राप्त गर्नेछन्।

नयाा शृखंलाका यी फोनमा फोन उत्कृष्ट क्यामरा रहेको कम्पनीको भनाइ छ। पि ४५ को अग्रभागमा २ मेगापिक्सेल र पछाडि ५ मेगापिक्सेलको क्यामेरा छ भने पि ५५ सेल्फी अग्रभागमा भएको २ मेगापिक्सेल र पछाडि भागमा रहेको ५ मेगापिक्सेल क्यामेरा तथा दुवैतिर फ्ल्यासले गर्दा चर्चित रहेको छ। त्यस्तै पि ७० सेल्फी युको दुवै साइडमा ८ मेगापिक्सेल क्यामेरा सहित फ्ल्यास जडान गरिएको छ।




उपहार योजना घोषणा गर्दै टेलिटकका सीईओ सञ्जय अग्रवाल कलर्स मोबाइल सुपथ मूल्य र बिक्रीपछिको सर्भिसका लागि परिचित रहँदै आएको बताउनुभयो। उहाँले यो पूर्वमय अवसरमा कलर्स मोबाइल आफ्ना ग्राहकलाई आफन्तजनसँगको सामिप्यतालाई आत्मीय बनाउ उनीहरूसँग उत्कृष्ट गुणस्तरको फोनमार्फत् कुराकानी गराउन चाहने बताउनुभयो।

# विद्युत्को गुनासो सुन्न टोल फ्रि सेवा

काठमाडौं, (नेस)

नेपाल विद्युत प्राधिकरणले पूवाह गर्ने सेवामा जनताका गुनासो सुन्न 'टोल फ्रि' नम्बर सञ्चालनमा आएको छ।

ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीले सोमबार ११५१ नम्बरमा आएको पहिलो फोन उठाएर सेवा सुचारु गर्नुभएको हो। टोल फ्रि नम्बरमा जनताले मन्त्रालय र मातहतका निकायबारे आफूलाई लागेको गुनासो टिपाउन सक्ने मन्त्री शाहीले बताउनुभयो। मन्त्री शाहीले भन्नुभयो- 'जनताको विद्युत्सम्बन्धी समस्या सिधैं मन्त्रालयमा आइपुगोस् र समाधानका लागि काम गर्न सजिलो होस भनेर हामीले टोल फ्रि सेवा शुरू गरेका हौं। कुनै गाउँमा बिजुलीको पोल नपुगेको, मिटर नपाएको जस्ता गुनासा बोकेर जनता मन्त्रालय धाउनुपर्ने बाध्यता अन्त्य भएको छ।' टोल फ्रि नम्बर २४सै घण्टा सुचारु रहने मन्त्रालयले जनाएको छ।

सोही कार्यक्रममा मन्त्रालयले मोबाइल एप्लिकेसनसमेत सार्वजनिक गरेको छ। नेपाल विद्युत प्राधिकरणको वेवसाइटबाट 'एनइए अफिसियल' एप्लिकेसन डाउनलोड गरी ऊर्जा मन्त्रालय र प्राधिकरणको बारेमा जानकारी पाउन सकिने जनाइएको छ। एप्लिकेसनबाट आफू बसेको ठाउँमा बिजुलीको अवस्था, लोडसेडिङ हुने वा नहुने सम्पूर्ण जानकारी पाउन सकिने जनाइएको छ।

# नेपालमा भित्रियो जापानी प्रविधिको इँट्टा

काठमाडौं, (नेस)

सुपर इको ब्रिक्स इन्नोभेसन (सेबी) प्रालिले जापानिज प्रविधिको 'ईको ५०००' इट्टा बजारमा ल्याएको छ। प्रज्वलन नगरिकनै निर्माण गरिने यस्तो प्रविधिको इँट्टा विकसित मुलुकमा प्रयोगमा भए पनि नेपालमा भने पहिलोपटक भित्रिएको हो। वातावरणीय प्रभाव कम प्रदुषणयुक्त र सुरक्षाका हिसाबले बढी टिकाउ भएका कारण विकसित मुलुकमा यस्तो प्रविधिको इँट्टा प्रयोग हुने गरेको छ। नेपालमा पनि नयाँ प्रविधिको इँट्टा भित्राएको सेबीले भक्तपुरको बागेश्वरीमा सय रोपनी जग्गामा उद्योग निर्माण गरिएको छ। नेपालमा रहेका अन्य इँट्टाभट्टाभन्दा फरक गुणस्तर र न्यून वातावरणीय प्रभावका कारण नेपाली बजारमा चाँडै नै लोकिप्रिय हुने सेबीका अध्यक्ष प्रकाश गिरीले बताउनुभयो।

सेबी प्रालि नेपाल र विदेशी निजी क्षेत्रको लगानी रहेको पहिलो सिमेन्ट कम्पनी हो। हाल नेपालमा उत्पादन हुने इँट्टाहरूलाई उत्पादनका क्रममा प्रज्वलन गर्नुपर्ने हुँदा उत्सर्जित धुँवाले वातारण प्रदुषित हुने गरेको छ। काठमाडौं उपत्यकामात्र हाल १ सय २५ वटा इँट्टाभट्टा रहेका छन् भने यसले उपत्यकामा देखिएको प्रदुषणको ११ प्रतिशत इँट्टाभट्टाबाट हुने गरेको छ। तर, जापानी प्रविधिबाट निर्माण गरिएको र जापानले कायम गरेको गुणस्तर नेपालमा पनि कायम गरिएको हुँदा सुरक्षाका दृष्टिकोणले पनि सबल रहेको अध्यक्ष गिरीले बताउनुभयो।

उक्त इँट्टा सोमबार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको हो। जनसंख्या तथा वातावरण मन्त्री मिथिला चौधरी, अर्थ राज्यमन्त्री उदय समशेर राणा र नेपालका लागि जापानी राजदूत मासासी ओगावाको सहभागिता इँटा सार्वजनिक कार्यक्रममा वातावरणमन्त्री चौधरीले भूकम्पपछिका संरचना सुरक्षित निर्माण र पुनर्निर्माण गर्न नयाँ प्रविधि र प्रयोगको आस्यकता रहेको बताउनुभयो। मन्त्री चौधरीले भन्नुभयो-'वातावरणमैत्री उद्योगलाई सरकारले प्रवर्द्धन गर्ने कुरामा हामी कटिबद्ध छ र इको ब्रिक्सका उत्पादनको हकमा यसले वातावरण प्रदुषण नियन्त्रण, विदेशी मुद्राको सञ्चिति र सुरक्षित निर्माणमा सहयोग पुग्नेछ।' अर्थ राज्यमन्त्री राणाले नेपालमा विदेशी लगानी भित्राउँदा प्रकृया झन्झटिलो रहेको र त्यसलाई सहज बनाउन आफूले आवश्यक पहल गर्ने बताउनुभयो। नेपालका लागि जापानी राजदूत ओगावाले नेपालमा जापानी प्रविधिका इँट्टा भित्रिएको र उक्त प्रविधिले न्यून प्रदुषण उत्सर्जन गर्ने र वातावरणमैत्री भएका कारण पछिल्लो समय लोकप्रिय बन्दै गएको बताउनुभयो।

# नेपाली बजारमा 'स्पेस उड' फर्निचर

काठमाडौं, (नेस)

नेपालमा भारतीय फर्निचर उत्पादक कम्पनी 'स्पेस उड' फर्निचरको बिक्री वितरण शुरू भएको छ। उक्त कम्पनीको फर्निचर केडिया अर्गनाइजेसनले नेपाली बजारमा ल्याएको हो। यस मोडर्न लिभिङ फर्निचर ब्रान्डले एकै छानाबाट फर्निचरका विभिन्न गुणस्तरीय उत्पादन ग्राहकमाझ उपलब्ध गराएको छ।

केडिया अर्गनाइजेसनले 'स्पेस उड' कम्पनीको किचेन, बेडरुम, अफिस फर्निचर तथा सम्पूर्ण अफिस सजावटका लागि आवश्यक सबै किसिमका सामान उपलब्ध गराएको हो। 'स्पेस उड' का उत्पादन नवीनतम प्रविधि, चुस्त फिटिङ तथा वातावरणमैत्री रहेको कम्पनीको दाबी छ।

'स्पेस उड' फर्निचर २५ वर्षको फर्निचर निर्माण इन्जिनियरको विशेष अनुभव भएको, अति आरमदायी तथा उच्च गुणस्तरयुक्त उत्पादन आफनै ल्यावमा परीक्षण गरी जापानीज सहकार्यमा उत्पादन गरिएका उत्पादन हो।

'स्पेस उड' फर्निचरको लेमिनेसन, प्यानल प्रोसेसिङ, मेम्ब्रेन प्रेसिङ तथा पाउडर कोटिङ सिस्टम अन्यभन्दा नवीनतम तथा फरक रहेको छ। तालिम प्राप्त डिजायनर, गुणस्तरीय कच्चा पदार्थ तथा अन्तर्राष्ट्रिय फिटिङ प्रविधि नै यसको प्रमुख आकर्षण हुन्।

# SHARE MARKET

## 4 SEPTEMBER MONDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 33009.00 | 439.00 | 426.00 | 430.00 | -7.00 |
| 2 | Api Power Company Ltd. | 4327.00 | 618.00 | 594.00 | 601.00 | -9.00 |
| 3 | Arun Finance Limited | 395.00 | 180.00 | 174.00 | 174.00 | -7.00 |
| 4 | Arun Kabeli Power Ltd. | 5940.00 | 362.00 | 345.00 | 362.00 | 8.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8226.00 | 220.00 | 212.00 | 213.00 | -11.00 |
| 6 | Asian Life Insurance Co. Limited | 8672.00 | 1555.00 | 1500.00 | 1508.00 | -47.00 |
| 7 | Bank of Kathmandu Ltd. | 32246.00 | 435.00 | 423.00 | 424.00 | -11.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 90.00 | 232.00 | 224.00 | 226.00 | -10.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1322.00 | 268.00 | 260.00 | 260.00 | -3.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 50.00 | 6900.00 | 6900.00 | 6900.00 | -100.00 |
| 11 | Butwal Power Company Limited | 1871.00 | 630.00 | 624.00 | 625.00 | -15.00 |
| 12 | Central Finance Co. Ltd. | 1997.00 | 182.00 | 175.00 | 178.00 | 0.00 |
| 13 | Century Commercial Bank Ltd. | 34272.00 | 233.00 | 220.00 | 227.00 | -2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 10338.00 | 1700.00 | 1655.00 | 1660.00 | -40.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 1582.00 | 192.00 | 186.00 | 186.00 | -9.00 |
| 16 | Chilime Hydropower Company Limited | 6857.00 | 798.00 | 762.00 | 766.00 | -7.00 |
| 17 | Citizen Bank International Limited | 27409.00 | 303.00 | 294.00 | 294.00 | -6.00 |
| 18 | Citizen Investment Trust | 2069.00 | 3745.00 | 3600.00 | 3683.00 | 3.00 |
| 19 | Civil Bank Ltd | 36778.00 | 237.00 | 227.00 | 230.00 | -7.00 |
| 20 | Civil Bank Ltd Promoter Share | 10915.00 | 131.00 | 131.00 | 131.00 | 0.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 1071.00 | 1314.00 | 1280.00 | 1282.00 | -7.00 |
| 22 | Deprosc Development Bank Limited | 8156.00 | 1377.00 | 1333.00 | 1337.00 | -43.00 |
| 23 | Deva Bikas Bank Limited | 25369.00 | 263.00 | 252.00 | 255.00 | -4.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 92.00 | 161.00 | 158.00 | 161.00 | -3.00 |
| 25 | Everest Bank Limited | 10524.00 | 1300.00 | 1260.00 | 1266.00 | -33.00 |
| 26 | Everest Insurance Co. Ltd. | 2125.00 | 2729.00 | 2651.00 | 2670.00 | -60.00 |
| 27 | Excel Development Bank Ltd. | 20385.00 | 701.00 | 656.00 | 656.00 | -34.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 31123.00 | 1090.00 | 1030.00 | 1049.00 | 14.00 |
| 29 | First Mic. Fin. Dev. Bank Ltd. Pro. Share | 12567.00 | 600.00 | 600.00 | 600.00 | 0.00 |
| 30 | Forward Com.Mic. Bittiya Sanstha Ltd. | 1129.00 | 3770.00 | 3705.00 | 3731.00 | -44.00 |
| 31 | Gandaki Bikas Bank Limited | 12009.00 | 383.00 | 372.00 | 376.00 | 0.00 |
| 32 | Garima Bikas Bank Limited | 8890.00 | 266.00 | 259.00 | 260.00 | -7.00 |
| 33 | General Finance Ltd. | 500.00 | 140.00 | 138.00 | 140.00 | 0.00 |
| 34 | Global IME Bank Limited | 18881.00 | 382.00 | 370.00 | 371.00 | -7.00 |
| 35 | Green Development Bank Ltd. | 422.00 | 590.00 | 565.00 | 565.00 | -16.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 282.00 | 263.00 | 262.00 | 262.00 | -1.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 2280.00 | 1096.00 | 1070.00 | 1080.00 | -10.00 |
| 38 | Gurkhas Finance Ltd. | 16514.00 | 194.00 | 191.00 | 191.00 | -4.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 2450.00 | 211.00 | 200.00 | 200.00 | -15.00 |
| 40 | Himalayan Bank Limited | 5104.00 | 886.00 | 856.00 | 864.00 | -21.00 |
| 41 | Himalayan Distillery Limited | 150.00 | 1461.00 | 1440.00 | 1440.00 | -50.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 4924.00 | 772.00 | 765.00 | 765.00 | -7.00 |
| 43 | Himalayan Power Partner Ltd. | 29749.00 | 422.00 | 392.00 | 420.00 | -3.00 |
| 44 | ICFC Finance Limited | 4188.00 | 270.00 | 265.00 | 269.00 | -1.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 8635.00 | 183.00 | 178.00 | 179.00 | -1.00 |
| 46 | Janaki Finance Ltd. | 685.00 | 272.00 | 263.00 | 263.00 | -4.00 |
| 47 | Janata Bank Nepal Ltd. | 34992.00 | 261.00 | 250.00 | 254.00 | -7.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 422.00 | 3950.00 | 3880.00 | 3900.00 | -81.00 |
| 49 | Jyoti Bikas Bank Limited | 10130.00 | 191.00 | 184.00 | 186.00 | -4.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 3598.00 | 310.00 | 297.00 | 303.00 | -5.00 |
| 51 | Kalika Microcredit Dev. Bank Ltd. | 2283.00 | 2150.00 | 2041.00 | 2101.00 | -59.00 |
| 52 | Kanchan Development Bank Limited | 500.00 | 250.00 | 250.00 | 250.00 | -5.00 |
| 53 | Kankai Bikas Bank Ltd. | 810.00 | 211.00 | 210.00 | 210.00 | -3.00 |
| 54 | Karnali Development Bank Limited | 313.00 | 282.00 | 282.00 | 282.00 | 1.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 2628.00 | 175.00 | 160.00 | 165.00 | -11.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 211.00 | 2700.00 | 2660.00 | 2660.00 | -16.00 |
| 57 | Kumari Bank Limited | 27914.00 | 305.00 | 292.00 | 293.00 | -7.00 |
| 58 | Laxmi Bank Limited | 11055.00 | 340.00 | 335.00 | 336.00 | -3.00 |
| 59 | Laxmi Equity Fund | 2500.00 | 10.20 | 10.20 | 10.20 | 0.05 |
| 60 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 4139.00 | 2100.00 | 2010.00 | 2022.00 | 1.00 |
| 61 | Life Insurance Co. Nepal | 2333.00 | 2254.00 | 2191.00 | 2191.00 | -53.00 |
| 62 | Lumbini Bikas Bank Ltd. | 15033.00 | 213.00 | 206.00 | 208.00 | -3.00 |
| 63 | Lumbini General Insurance Co. Ltd. | 5076.00 | 969.00 | 940.00 | 951.00 | -6.00 |
| 64 | Machhapuchhre Bank Limited | 29345.00 | 327.00 | 319.00 | 323.00 | -2.00 |
| 65 | Mahalaxmi Bikas Bank Ltd. | 124846.00 | 239.00 | 225.00 | 230.00 | 0.00 |
| 66 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 347.00 | 1125.00 | 1072.00 | 1090.00 | -37.00 |
| 67 | Manjushree Finance Ltd. | 2574.00 | 154.00 | 148.00 | 148.00 | -1.00 |
| 68 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1490.00 | 2324.00 | 2261.00 | 2300.00 | -25.00 |
| 69 | Mirmire Microfinance Dev. Bank Ltd. | 385.00 | 3350.00 | 3305.00 | 3305.00 | -95.00 |
| 70 | Miteri Development Bank Limited | 1057.00 | 536.00 | 526.00 | 527.00 | -16.00 |
| 71 | Mithila LaghuBitta Bikas Bank Ltd. | 1053.00 | 1310.00 | 1281.00 | 1300.00 | 3.00 |
| 72 | Muktinath Bikas Bank Ltd. | 9751.00 | 629.00 | 605.00 | 610.00 | -16.00 |
| 73 | Nabil Balance Fund 1 | 43513.00 | 18.15 | 17.79 | 17.79 | -0.01 |
| 74 | Nabil Bank Limited | 13365.00 | 1701.00 | 1640.00 | 1665.00 | -35.00 |
| 75 | NABIL Bank Limited Promotor Share | 7519.00 | 1226.00 | 1195.00 | 1222.00 | 2.00 |
| 76 | Nabil Equity Fund | 37358.00 | 10.15 | 9.90 | 10.14 | -0.01 |
| 77 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1839.00 | 3840.00 | 3730.00 | 3815.00 | -35.00 |
| 78 | National Hydro Power Company Limited | 14610.00 | 141.00 | 136.00 | 137.00 | -4.00 |
| 79 | National Life Insurance Co. Ltd. | 3825.00 | 1947.00 | 1911.00 | 1911.00 | -25.00 |
| 80 | National Microfinance Bittiya Sanstha Ltd. | 1114.00 | 3630.00 | 3595.00 | 3612.00 | -7.00 |
| 81 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 1310.00 | 2900.00 | 2780.00 | 2790.00 | -117.00 |
| 82 | NB Insurance Co. Ltd. | 2755.00 | 1263.00 | 1220.00 | 1259.00 | 29.00 |
| 83 | Neco Insurance Co. Ltd. | 6740.00 | 1098.00 | 1040.00 | 1070.00 | -25.00 |
| 84 | Nepal Bangladesh Bank Limited | 31999.00 | 337.00 | 330.00 | 332.00 | -6.00 |
| 85 | Nepal Bank Limited | 19999.00 | 359.00 | 344.00 | 351.00 | -1.00 |
| 86 | Nepal Community Dev. Bank Ltd. | 213.00 | 322.00 | 304.00 | 322.00 | 12.00 |
| 87 | Nepal Credit And Com. Bank Limited | 54940.00 | 370.00 | 358.00 | 358.00 | -7.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 4275.00 | 705.00 | 695.00 | 700.00 | -5.00 |
| 89 | Nepal Grameen Bikas Bank Ltd. | 9374.00 | 765.00 | 718.00 | 732.00 | -23.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 7780.00 | 1439.00 | 1390.00 | 1400.00 | -24.00 |
| 91 | Nepal Investment Bank Limited | 27029.00 | 767.00 | 755.00 | 757.00 | -7.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 6511.00 | 675.00 | 651.00 | 664.00 | -6.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 14544.00 | 2080.00 | 2016.00 | 2040.00 | -20.00 |
| 94 | Nepal SBI Bank Limited | 9138.00 | 864.00 | 842.00 | 846.00 | -19.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 6015.00 | 1400.00 | 1341.00 | 1350.00 | -50.00 |
| 96 | Ngadi Group Power Ltd. | 2617.00 | 290.00 | 270.00 | 290.00 | 18.00 |
| 97 | NIBL Pragati Fund | 1010.00 | 10.20 | 10.20 | 10.20 | -0.10 |
| 98 | NIC Asia Bank Ltd. | 23965.00 | 365.00 | 344.00 | 346.00 | -22.00 |
| 99 | Nirdhan Utthan Bank Limited | 9191.00 | 2340.00 | 2249.00 | 2273.00 | -47.00 |
| 100 | NLG Insurance Company Ltd. | 4020.00 | 1600.00 | 1551.00 | 1580.00 | -20.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 819.00 | 2850.00 | 2813.00 | 2830.00 | -40.00 |
| 102 | NMB Bank Limited | 15259.00 | 500.00 | 478.00 | 478.00 | -22.00 |
| 103 | NMB Hybrid Fund L-1 | 750.00 | 10.00 | 9.95 | 9.95 | -0.08 |
| 104 | NMB Sulav Investment Fund-1 | 138710.00 | 14.00 | 13.80 | 13.80 | -0.25 |
| 105 | Om Development Bank Ltd. | 2212.00 | 400.00 | 391.00 | 396.00 | -9.00 |
| 106 | Oriental Hotels Limited | 899.00 | 889.00 | 855.00 | 873.00 | 1.00 |
| 107 | Pokhara Finance Ltd. | 222.00 | 234.00 | 234.00 | 234.00 | -2.00 |
| 108 | Prabhu Bank Limited | 27778.00 | 385.00 | 370.00 | 372.00 | -3.00 |
| 109 | Prabhu Insurance Ltd. | 12443.00 | 1165.00 | 1125.00 | 1125.00 | -29.00 |
| 110 | Premier Insurance Co. Ltd. | 3235.00 | 1725.00 | 1685.00 | 1686.00 | -29.00 |
| 111 | Prime Commercial Bank Ltd. | 38470.00 | 435.00 | 418.00 | 422.00 | -10.00 |
| 112 | Prime Life Insurance Company Limited | 7491.00 | 2054.00 | 1922.00 | 1979.00 | -58.00 |
| 113 | ProgressiveFinance Limited | 1740.00 | 218.00 | 202.00 | 202.00 | -14.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 1019.00 | 1510.00 | 1480.00 | 1480.00 | -33.00 |
| 115 | Purnima Bikas Bank Ltd. | 1070.00 | 300.00 | 294.00 | 294.00 | -7.00 |
| 116 | Rastriya Beema Company Limited | 157.00 | 16510.00 | 16200.00 | 16250.00 | -260.00 |
| 117 | Rastriya Beema Co. Limited Pro. Share | 533.00 | 15198.00 | 14510.00 | 14520.00 | -380.00 |
| 118 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 819.00 | 2130.00 | 2100.00 | 2100.00 | 4.00 |
| 119 | Reliance Finance Ltd. | 863.00 | 211.00 | 207.00 | 207.00 | -8.00 |
| 120 | Ridi Hydropower Dev.Company Ltd. | 1246.00 | 171.00 | 162.00 | 163.00 | -8.00 |
| 121 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1741.00 | 1217.00 | 1129.00 | 1217.00 | 110.00 |
| 122 | Rural Microfinance Dev. Centre Ltd. | 2891.00 | 804.00 | 775.00 | 786.00 | -18.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 3658.00 | 1750.00 | 1700.00 | 1705.00 | -27.00 |
| 124 | Sana Kisan Bikas Bank Ltd | 6764.00 | 1630.00 | 1568.00 | 1583.00 | -17.00 |
| 125 | Sanima Bank Limited | 47944.00 | 404.00 | 392.00 | 396.00 | -1.00 |
| 126 | Sanima Mai Hydropower Ltd. | 5683.00 | 539.00 | 525.00 | 535.00 | 0.00 |
| 127 | Saptakoshi Development Bank Ltd. | 1195.00 | 187.00 | 178.00 | 178.00 | -12.00 |
| 128 | Shangrila Development Bank Ltd. | 16651.00 | 380.00 | 367.00 | 367.00 | -8.00 |
| 129 | Shikhar Insurance Co. Ltd. | 4710.00 | 2040.00 | 1975.00 | 1995.00 | -32.00 |
| 130 | Shine Resunga Development Bank Ltd. | 2631.00 | 415.00 | 405.00 | 410.00 | -3.00 |
| 131 | Shree Investment Finance Co. Ltd. | 730.00 | 470.00 | 461.00 | 461.00 | -17.00 |
| 132 | Shrijana Finance (Bittaya Sanstha) | 10.00 | 559.00 | 559.00 | 559.00 | -1.00 |
| 133 | Siddhartha Bank Limited | 14621.00 | 431.00 | 412.00 | 422.00 | -4.00 |
| 134 | Siddhartha Insurance Ltd. | 2671.00 | 1570.00 | 1535.00 | 1540.00 | 0.00 |
| 135 | Sindhu Bikash Bank Ltd | 1757.00 | 190.00 | 186.00 | 186.00 | -1.00 |
| 136 | Soaltee Hotel Limited | 9936.00 | 372.00 | 361.00 | 363.00 | -2.00 |
| 137 | Standard Chartered Bank Limited | 13038.00 | 2243.00 | 2197.00 | 2201.00 | -40.00 |
| 138 | Summit Micro Finance Dev. Bank Ltd. | 2035.00 | 2170.00 | 2100.00 | 2100.00 | -70.00 |
| 139 | Sunrise Bank Limited | 11335.00 | 339.00 | 331.00 | 337.00 | 0.00 |
| 140 | Surya Life Insurance Company Limited | 4885.00 | 1020.00 | 966.00 | 990.00 | -14.00 |
| 141 | Swabalamban Bikas Bank Limited | 2535.00 | 1845.00 | 1771.00 | 1800.00 | -20.00 |
| 142 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 5377.00 | 2530.00 | 2460.00 | 2485.00 | -44.00 |

Total Amount Rs. 842,920,034 Total Quantity 1,570,731 Total No of Transactions 9,241

२०७४, भदौ
मंगलबार
२०

२०४६ सालदेखि २०७४ सालसम्म सबै प्रकारका सवारी गरी कुल २७ लाख ५६ हजार ४ सय २२ सवारी दर्ता भएको तथ्यांक यातायात विभागसँग छ। विभागको तथ्यां्क अनुसार तीमध्ये सबैभन्दा बढी बागमती अञ्चल कार्यालयमा मात्रै २०४६ देखि २०७४ सम्म १० लाख ४२ हजार ८ सय ५६ वटा साना तथा ठूला सवारी साधन दर्ता भएको देखिन्छ।




# PRESS RELEASE

## टेलिकमको मोबाइल सेवा चेपेडाँडामा

काठमाडौं, (नेस)

नेपाल टेलिकमले सिन्धुपाल्चोक जिल्लाको चेपेडाँडामा जीएसएम मोबाइल बीटीएस साइट सञ्चालनमा ल्याई सेवा उपलब्ध गराउन थालेको छ। यसबाट सो क्षेत्रका विकट स्थानमा पनि जीएसएम मोबाइल सेवाको पहुँच पुगेको छ। यसअघि ती स्थानमा सीडीएमए प्रविधिका मोबाइल मात्र सञ्चालनमा थिए। चेपेडाँडाको बीटीएस साइट सञ्चालनपश्चात सिन्धुपाल्चोक जिल्लाका साविकका सेलाङ, गोल्चे, पाङताङ, गुम्बा, बराम्ची, जलबीरे र हगाम गाविसमा जीएसएम मोबाइल सेवाको पहुँच विस्तार भएको छ।

यो क्षेत्रमा पहिलेदेखि नै करिब ४ हजार ग्राहकहरूले सीडीएमए प्रविधिको फोन सेवा उपभोग गरिरहेकोमा अब जीएसएम मोबाइलको पहुँच विस्तारपश्चात् थप सेवाग्राहीहरू पनि लाभान्वित हुने भएका छन्। गोल्चे र गुम्बा गाविस चीनको सीमानासम्म जोडिएका छन्। दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने नेपाल सरकारको नीतिअनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो। प्रतिफल कम आउने र तुलनात्मकरूपमा लगानी बढी हुने स्थानहरूमा समेत समान रूपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिदै सो स्थानमा हालै उपकरण जडान गरी नेपाल टेलिकमले सेवा सञ्चालनमा ल्याएको जनाएको छ।

## सिटिजन्स बैंकको छहरामा नयाँ शाखा

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले ६१औं शाखा नवलपरासीको भूमहीमा स्थापना गरेको छ। सोमबार बैंकका नायब कार्यकारी अधिकृत गणेशराज पोखरेलले शाखा उद्घाटन गर्नुभएको थियो। नयाँ शाखासँगै सिटिजन्स बैंक इन्टरनेसनलले ६१ वटा शाखा, ५९ वटा एटीएम र ९७ वटा शाखारहित बैंकिङ सेवाबाट करिब ३ लाख ५० ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ। शाखा उद्घाटन कार्यक्रममा बैंकका नायब कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकका सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय वाकवाणी माध्यामिकलाई एक थान कम्प्युटर तथा रामनगर बजार विकास मितिलाई १५ वटा डस्बिन हस्तान्तरण गर्नुभएको थियो।

## दिगो पाइलाद्वारा खुत्रुके वितरण

काठमाडौं, (नेस)

आर्थिक रूपले विपन्न तथा असाहय नेपाली युवाको सहायताका निमित्त नेपालमा सञ्चालित विशुद्ध सामाजिक संस्था, दिगो पाइला (दिपा) ले हालै संस्थाको संक्षिप्त चिनारी तथा खुत्रुके वितरण कार्यक्रम सम्पन्न गरेको छ। विशेषत: संस्थाले सञ्चालन गर्ने विभिन्न किसिमका सामाजिक कार्यको लागि आर्थिक स्रोत संकलनका लागि उक्त कार्यक्रम आयोजना गरिएको संस्थाले जनाएको छ। चिनारी तथा खुत्रुके वितरण कार्यक्रमले आफ्नो संस्थाको बारेमा धेरै महानुभवले जानकारी पाउने र आर्थिक सहयोग समेत संकलन हुने कुरामा संस्था आशावादी रहेको स्थाकी अध्यक्ष दिपा भट्टराईले बताउनुभयो। उहाँले आगामी दिनमा संस्थाको उद्देश्यअनुरूप नेपालका विभिन्न स्थानमा यस्तै सामाजिक कार्य सञ्चालन गर्दै जाने भट्टराईको प्रतिबद्धता छ। दिगो पाइला नेपालका असाहय एवम् विपन्न युवाहरूको हकहितका लागि कार्य गर्ने गैरनाफामूलक सामाजिक संस्था हो। ससंस्थाले घरेलु हिंसा र यौन दुर्व्यवहारका शिकार भएका किशोरीको शिक्षा, कानुनी परामर्श, व्यावसायिक एवम् सीप विकासका तालिम, कानुनी एवम् आर्थिक सहयोग जस्ता कार्यलाई प्रमुख उद्देश्य बनाएको छ।

## युनिलिभरको २५ वर्ष पूरा

काठमाडौं, (नेस)

युनिलिभर नेपाल लिमिटेड नेपालले आफ्नो २५औं वार्षिक उत्सव मनाएको छ। वार्षिकोत्सवको अवसरमा युनिलिभरले ११ र १२ कक्षामा अध्ययनरत १० जना विपन्न परिवारका छात्रालाई दुई वर्षका लागि छात्रवृत्ति प्रदान गर्ने भएको छ।

युनिलिभरका प्रमुख कार्यकारी अधिकृत पौल पोलम्यानले छात्रवृत्ति प्रदान गर्नका लागि माइती नेपालसँगको सहकार्यमा स्थापित 'फेयर एन्ड लभ्ली फाउन्डेशन' को पनि उद्घाटन गर्नुभयो। उक्त फाउन्डेसनमार्फत् माइती नेपालको संरक्षणमा रहेका महिलाले युनिलिभरको मूल्य श्रृंखलामा रोजगारको अवसर पाउन सकुन भन्ने हेतुले उनीहरूलाई व्यावसायिक सीप सम्बन्धी तालिम प्रदान गर्नेछ।

पोलम्यानले नेपालमा युनिलिभरको व्यवसायलाई थप बलियो बनाउन एवम् स्थिर, प्रतिस्पर्धात्मक, नाफामुलक र जिम्मेवारीयुक्त वृद्धिलाई निरन्तरता दिने प्रयासका रूपमा कम्पनी रहेको बताउनुभयो। 'युनिलिभर नेपालले पारेको सबैभन्दा ठूलो प्रभाव यसको उद्देश्य निर्देशित ब्रान्डको अभियान हो। युनिलिभर नेपालले 'स्वस्थ र सक्षम नेपाल' नामको अभियानअन्र्तगत उद्देश्य निर्देशित ब्रान्डहरूमार्फत स्वास्थ्य र जीवनयापनमा सुधार ल्याउने र जीवनस्तर उकास्ने उद्देश्य राख्दछ।' -उहाँले भन्नुभयो। युनिलिभर नेपाल स्थानीय उत्पादक कम्पनीमध्ये एक ठूलो कम्पनी हो। जसको एउटा उत्पादन एकाई र चार वटा प्याकेजिङ गर्ने सह एकाईहरू छन्। कम्पनीले २ सय ४३ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ भने यसको मुल्य श्रृंखलामा आबद्ध २० हजारभन्दा बढीलाई अप्रत्यक्ष रोजगारी प्रदान गरेको छ। प्रमुख कार्यकारी अधिकृत पोलम्यानल लगायत युनिलिभर दक्षिण एशियाका कार्यकारी उपाध्याक्ष सञ्जीव मेहता तथा युनिलिभर नेपालका अध्यक्ष प्रदीप बनर्जी पनि हुनुहुन्छ।

# सडक विस्तार सुस्त, सवारी साधन थपिएको थपियै

नेपाल समाचारपत्र

काठमाडौं

नेपालमा सडक विस्तार सुस्त गतिमा छ। तर, सवारी साधन थपिने क्रम भने तीव्र गतिमा भइरहेको तथ्यांकले देखिएको छ। पछिल्ला वर्षमा वार्षिक औसत ७ सय किलोमिटर कालोपत्रे सडक बन्ने गरेको भए पनि वार्षिक सवारी दर्ता भने औसतमा ४ लाख रहेका छन्।

यातायात विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षमा नेपालभर ४ लाख ४४ हजार २ सय ५९ सवारी साधन दर्ता हुँदा करिब ७ सय किलोमिटरमात्रै सडक निर्माण भएको छ। त्यस्तै सडक विस्तार तथा भत्केका सडक पुनर्निर्माण, मर्मत तथा सडक फराकिलो बनाउने काम पनि उस्तै सुस्त छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सूचना अधिकारि विष्णुप्रसाद शर्माका अनुसार गत आर्थिक वर्षमा ७२ पुल निर्माण भए भने भने वार्षिक ७ सय किलोमिटर नयाँ कालोपत्रे सडक थपिए। तर, सवारी चाप भने कहालीलाग्दो छ।

नयाँ सवारी साधन थपिने क्रममा १२औं नाडा अटो शोमा मात्रै १६ सय मोटरसाइकल तथा स्कुटर बुकिङ भए छन्। त्यस्तै एक हजारका हाराहारीमा चार पांग्रे सवारीसाधन बुकिङ भए। छ दिनकै अवधिमा करिब ३ अर्बको दुई पांग्रे तथा चार पांग्रे सवारी साधन र पार्टपूर्जाको बिक्री तथा बुकिङ हुँदा सीमित सडकमा भार थपिएको स्पष्ट देखिन्छ। यस क्षेत्रको व्यवसायमा संलग्न व्यवसायी नेपालको अटोमोबाइल क्षेत्रमा सम्पूर्ण लगानी निजी क्षेत्रको रहेको व्यवसायी बताउँछन्। अटो क्षेत्र अर्थतन्त्रमा देशकै सबैभन्दा धेरै योगदान पुऱ्याउनेमध्ये एक रहेको पनि उनीहरूको दाबी छ। यो क्षेत्रमा प्रत्येक वर्ष २० देखि ३० प्रतिशतले वृद्धि भइरहेको नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालका अध्यक्ष अञ्जन श्रेष्ठको भनाइ छ।

नेपालमा सवारीसम्बन्धी तथ्यांकले नेपालको दयनीय अवस्थालाई चित्रण गर्छ। सडक तथा ट्राफिक व्यवस्थापनमा सीमित जनशक्ति, कम दक्ष प्राविधिक तथा प्रविधि र स्रोतका बाबजुत सवारी थपिँदा मारमा भने तिनै ट्राफिक र श्रमिक पर्ने गरेका छन्। तथ्यांकमा हेर्दा उपत्यकामा ७ लाख सवारी साधन रहेका छन् भने त्यसलाई व्यवस्थापन गर्न उपत्यकामा १२ सय ९० ट्राफिक जनशक्ति सञ्चालित रहेको महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथले जनाएको छ।

२०४६ सालदेखि २०७४ सालसम्म सबै प्रकारका सवारी गरी कुल २७ लाख ५६ हजार ४ सय २२ सवारी दर्ता भएको तथ्यांक यातायात विभागसँग छ। विभागको तथ्यां्क अनुसार तीमध्ये सबैभन्दा बढी बागमती अञ्चल कार्यालयमा मात्रै २०४६ देखि २०७४ सम्म १० लाख ४२ हजार ८ सय ५६ वटा साना तथा ठूला सवारी साधन दर्ता भएको देखिन्छ।

> 'गत आर्थिक वर्षमा नेपालभर ४ लाख ४४ हजार २ सय ५९ सवारी साधन दर्ता हुँदा करिब ७ सय किलोमिटरमात्रै सडक निर्माण भएको छ।'

त्यस्तै दुईपांग्रे सवारी साधनको मात्रै संख्या ८ लाख १७ हजार ४ सय ७३ रहेको छ। सवारीसाधन भित्रिएपछि त्यसवापत सरकारले हरेक वर्ष संकलन गर्ने करको रकम पनि ठूलै छ। ठूलो मात्रामा राजस्व उठाए पनि सो रकम सडक विस्तारमा तथा यातायात व्यवस्थापनमा सकारात्मक रूपमा खर्च हुन नसकेको सर्वसाधारणको गुनासो छ। 'हामीबाट सरकारले करोडौं रकम राजस्व उठाउँछ। त्यो रकम सर्वसाधारणको हितमा खर्च हुन नसक्दा हामी मारमा पर्ने गरेका छौं।' थानकोट निवासी सुस्मिता तुलाधरले भनिन्। 'यसको परिणाम हामी धुलो, हिलो, र खाल्डैखाल्डा भएको सडकमा हिड्नुपर्छ। गाडीको अवस्था त बिग्रिन्छ नै, मानव स्वास्थ्यमा पनि यसको प्रतिकूल असर छ।'

यातायात व्यवस्था विभागका अनुसार आर्थिक वर्ष २०७३/७४ मा मात्रै सवारी साधनबाट २० अर्ब ३२ करोड २९ लाख ६२ हजार रुपियाँ राजस्व संकलन भएको छ। यो राजस्व विभागले विभिन्न सडक कर र सेवा दस्तुरलगायतका करवापत गरेको हो। त्यस्तै २०७२/७३ मा १३ अर्ब ८१ करोड ३९ लाख २९ हजार, आव २०७१/७२ मा १२ अर्ब १५ करोड ५४ लाख ९० हजार रुपियाँ राजस्व संकलन भएको थियो।

यता भन्सार विभागको तथ्यांकले आर्थिक वर्ष २०७३/७४ मा ७९ अर्ब ४९ करोड ९३ लाख रुपियाँ बराबरको सवारी साधन तथा पार्टपूर्जा आयात भएको देखाउँछ। त्यस्तै २०७४/७५ को पहिलो महिनामा मात्रै ५ अर्ब ८० करोड ५८ लाख ९६ हजार रुपियाँको सवारी साधन र त्यसका पार्टपूर्जाको आयात भएको छ।

सरकारले सवारी राजस्वमा सवारी साधन कर, सडक निर्माण तथा सम्भार दस्तुर, सवारीचालक अनुमतिपत्र र सवारी इजाजत दस्तुर, यातायात क्षेत्रको आम्दानी, प्रशाननिक दण्ड जरिवाना र प्रशासनिक सेवा कर उठाउँदै आएको छ। सार्वजनिक सवारीको भन्सार दर कम भए पनि अन्य साना सवारीको भन्दा दर सवारी मूल्यको २ सय ४० प्रतिशतसम्म भन्सार लाग्दै आएको छ।

त्यस्तै दुईपांग्रे सवारीमा भने करिब ८० प्रतिशत भन्सार लाग्ने गरेको छ। सरकारले यस्ता सवारीलाई विलासिताको साधनको रूपमा राखेको छ। तथ्यांकअनुसार अटोमोबाइलमा प्रयोग हुने पेट्रोलियम पदार्थमा ८८ दशमलव १ प्रतिशतले वृद्धि भई १ सय १२ दशमलव शून्य २ अर्ब रुपियाँ, यातायातका साधन र तीनका पार्टपूर्जामा ३० दशमलव ५ प्रतिशतले वृद्धि भई ७३ दशमलव ७२ अर्ब रुपियाँको आयात भएको छ।

## गौरिका र दीपेन्द्रसहित पाँच जना पिपुल्स च्वाईस्मा




काठमाडौं, (नेस)

'पिपुल्स च्वाईस् अवार्ड' पल्सर स्पोर्टस् अवार्डको आठ विधामध्ये एक हो। पिपुल्स च्वाईस् अवार्डको विजेता एसएमएस भोटिङको आधारमा छनोट गरिन्छ। यसवर्षको पिपुल्स च्वाईस् अवार्डमा युवा स्वीमिङ खेलाडी गौरिका सिंह, क्रिकेटर दीपेन्द्र सिंह ऐरी, लामो दूरी धाविका कान्छीमाया कोजू, फुटबल खेलाडी सुजल श्रेष्ठ र जुडोकी फुपू ल्हामु सँग प्रतिस्पर्धा गर्दैछन्।

सन् २०१६ रियो ओलम्किमा ११ वर्षमै सहभागी जनाएकी गौरिका सिंहले ३३ वटा राष्ट्रिय किर्तिमान भंग गरेकी छिन्। त्यस्तै युवा क्रिकेट खेलाडी दीपेन्द्र सिंह ऐरी २०७३ सालमा नेपाली टिमका लागि ४ अर्धसतक सहित सर्वाधिक ३ सय ५७ रन बनाएका खेलाडी हुन्।

कान्छीमाया कोजु हाफ म्याराथन र म्यारथनमा राष्ट्रिय कीर्तिमानधारी खेलाडी हुन् । उनी कान्छी माया कोजू सातौं राट्रिय खेलकुदमा दुई स्वर्ण तथा एक रजत पदक विजेता खेलाडी हुन्। त्यसैगरी जुडोकी फुपु ल्हामू शेर्पा सन् २०१६ रियो ओलम्पिकमा सहभगी भएकी थिइन्। उनी सत्रौं एसियन जुनिएर जुडो च्याम्पियनसिपको काँस्य पदक विजेता हुन्।

फुटबलर सुजल श्रेष्ठ नेपालले एएफसी सोलिडरिटी कप जित्दा नेपाली टिमका महत्त्वपूर्ण सदस्य थिए। उनी नेपालको मनाङ-मर्स्याङ्दी क्लबले विभिन्न प्रतियोगिता जित्दा सोही टिमका मुख्य खेलाडी थिए।

## एलजीको नयाँ अफर

काडमाडौं, (नेस)

एलजी ब्रान्डले दशैं तिहार तथा छठको शुभ अवसरमा 'हजुरको पर्व हाम्रो प्रविधि' भन्ने नाराका साथ नयाा योजना ल्याएको छ। एलजीका हरेक सामग्रीको खरिदमा नि:शुल्क उपहार, ३० प्रतिशतसम्मको छुट र एलईडी टिभीको खरिदमा दुई वर्षसम्मको फुल वारेन्टी दिने कम्पनीले जनाएको छ।

सबै ओलेड टिभी र ६० इन्चभन्दा माथिका युएचडी टिभीमा ३७ हजार ९९० मूल्य पर्ने एसएच पाइभ साउन्ड बार, ४९ र ५५ इन्च युएचडी टिभीमा १५ हजार ९० मूल्य पर्ने म्युजिक फ्लो, ४३ इन्च युएचडी टिभी र ४९




तथा ५५ इन्चका स्मार्ट टिभीमा ११ हजार ५९० मूल्यपर्ने एलएच ६४ बी अडियो सिस्टम र ४३ स्मार्ट र ४३ इन्चभन्दा माथिका नर्मल एलईडी टिभीमा ७ हजार १९० मूल्य पर्ने पीएच वान ब्लुटूथ स्पिकर पक्का उपहार स्वरूप राखिएको कम्पनीले जनाएको छ।

साइड बाई साइड, डोर इन डोर, बटम फ्रिजर रेफ्रिजेरेटरहरूको खरिदमा १३ हजार १९० मूल्य पर्ने माइक्रोवेभ ओभन, चेष्ट फ्रिजर र डबल डोर रेफ्रिजेरेटरको खरिदमा ३ हजार ३३० मूल्य पर्ने मिक्सर ग्राइन्डर पक्का उपहारको रूपमा राखिएको छ। त्यसैगरी फ्रन्ट लोड वासिङ मेसिनमा ३ हजार ४४० मूल्य पर्ने सुपर कुकर र टप लोड अनि सेमि अटोमेटिक वासिङ मेसिनमा १ हजार ११० मूल्य पर्ने कडाई राखिएको छ। डिस्वासरमा १ हजार ५ सय मूल्य बराबरको फ्रि डिटरजेन्ट, माइक्रोवेभ ओभनमा २ हजार मूल्यपर्ने कुकिङ किट, र एसीको खरिदमा मूल्य २ हजार ५ सय मूल्य बराबरको फ्रि इन्स्टलेशन जस्ता आकर्षक उपहार प्राप्त गर्न सकिने भन्दै यो योजना भदौ १९ गतेदेखि सीमित अवधिको लागि मात्र लागू गरिएको कम्पनीले जनाएको छ ।

## निर्माण व्यवसायीको साधारणसभा सम्पन्न

काठमाडौं, (नेस)

काठमाडौं घोषणापत्र जारी गर्दै नेपाल निर्माण व्यवसायी महासंघको १९औं साधारणसभा राजधानीमा सम्पन्न भएको छ। साधारण सभाले ५ करोड रुपियाँसम्मका निर्माण कार्य बिना योग्यता सहभागी हुने व्यवस्थाका लागि पहल गर्ने निर्णय गरेको छ। साथै उपभोक्ता समितिबाट गरिदै आएको एक करोड रुपियाँसम्मका निर्माण कार्यको सिलिङलाई घटाएर ६० लाख गर्ने निर्णय पनि साधारणसभाले गरेको छ। निर्माण व्यवसाय ऐन २०५५ र नियमावली २०५६ तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ लगायतलाई संशोधन गरी पूर्ण व्यवसायीमैत्री बनाउन पहल गर्ने निर्णय पनि साधारणसभामा भएको छ।

**साधारण शेयरमा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा **श्री बलराम रौनियार** (परिचय नं. ११४४२) को नाममा रहेको प्रमाणपत्र नं. ११४२८ कित्ता २० र **श्री आनन्द रौनियार** (परिचय नं. ११४३९) को नाममा रहेको प्रमाणपत्र नं. ११४२५ कित्ता २० शेयर प्रमाणपत्रहरु हराएको वा फेला नपरेको हुँदा सो को बदलामा अर्को शेयर प्रमाणपत्र जारी गरी पाउँ भनी निवेदन प्राप्त भएको हुँदा उक्त साधारण शेयरमा उल्लेखित निवेदक बाहेक अन्य कसैको हकदावी भए सो को सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस कम्पनीमा हकदावी गर्नुहुन अनुरोध गर्दछौं । अन्यथा उल्लेखित निवेदकहरुको माग दावी बमोजिम नयाँ प्रमाणपत्र जारी भैजानेछ । म्यादभित्र तथा रीतपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुनेछैन ।

युनियन फाइनान्स लिमिटेड
UNION FINANCE LIMITED
"सि" एण्ड "डी" ब्लक, पहिलो तल्ला फोर स्क्वायर कम्प्लेक्स, नारायणचौर, नक्साल काठमाडौं
फोन:४४२७०९१,४४२९३३७,४४२४६५४,४४३५१३३ फयाक्स : ४४४५४४२

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोन: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्स: ९७७-१-४४२१७७९
E-mail: info@shreefinance.com.np

**परिवर्तित ब्याजदर**
(२०७४ भाद्र २० गते देखि लागू हुने)

**निक्षेप**

| क) मुद्दती निक्षेप | बार्षिक ब्याजदर |
|---|---|
| ३ महिने | ९.५०% |
| १ बर्षे | १०.००%-१०.५०%* |
| २ बर्षे | ९.५०%-१०.००%* |
| ३ देखि ४ बर्षे | ९.५०%-९.७५%* |
| ५ वर्ष वा सो भन्दा बढी | आपसी समझदारीमा |
| ख) संस्थागत निक्षेप | ४.००%-८.००%* |
| ग) बचत निक्षेप | |
| साधारण बचत खाता | ६.५०-८.००%* |
| छिमेक बचत खाता | ६.५०-८.००%* |
| शेयरधनी बचत खाता | ६.५०-८.००%* |
| प्रिमियम बचत खाता | ७.५०-८.५०%* |
| वेष्ट बचत खाता | ६.५०-७.००%* |
| घ) रकम गुणक निक्षेप | ९ वर्ष पछि दोब्बर* |

*शर्तहरु लागू हुने छन् ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**बैंक अफ काठमाण्डू लिमिटेडको संस्थापक शेयरधनीहरुलाई सूचना**

यस बैंक अफ काठमाण्डू लिमिटेडको संस्थापक शेयरधनीहरू मध्ये संस्थापक शेयरधनीश्री सुजन प्रधान (१३०१११००००४४५२५) ले आफ्नो नाममा दर्ता कायम रहेको संस्थापक शेयर मध्ये ३०,००० कित्ता संस्थापक शेयर बिक्रि गर्ने इच्छा गर्नु भएकोले उक्त शेयर खरिद गर्न चाहनु हुने यस बैंकको संस्थापक शेयरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस बैंकको कम्पनी सचिवको कार्यालयमा सम्पर्क गर्नु हुनको लागी यो सूचना प्रकाशित गरिएकोछ । उक्त म्याद भित्र कसैले सम्पर्क गर्न नआउनु भएमा उक्त संस्थापक शेयर कानून बमोजिम बिक्रि भएर जानेछ र सो उपर कसैको दावी उजूर वाजूर नलागने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**हेटौंडा शाखाको ३५ दिने सार्वजनिक सूचना**

महाबिर साह रौनियारको नाति, बिक्रम साह रौनियारको छोरा, श्रीमति सिमरन देबि साहको पति जिल्ला बारा, जितपूर सिमरा उपमहानगरपालिका वडा नं. ७ बस्ने बर्ष ३२ को सन्तोष साहको नाममा यस बैंकको हेटौंडा शाखामा खाता नं.०१०४०००६०८८१५२४ को बचत खाता रहेकोमा खाताबाला सन्तोष साहको मिति २०७४/०२/२३ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, जितपूर सिमरा उपमहानगरपालिका वडा नं. ७, बाराको मिति २०७४/०३/१५ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. सन्तोष साहको पत्नी श्रीमति सीमरनदेवी साहले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लागने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको हेटौंडा शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**गोंगबु शाखाको ३५ दिने सार्वजनिक सूचना**

बाजेको नाम थाहा नभएको राम कुमार राईको छोरी, हरिराम राईको पत्नी मोरङ जिल्ला, रतुवामाई गाउँपालिका वडा नं. ५ बस्ने बर्ष ४० की श्रीमति उमा राईको नाममा यस बैंकको गोंगबु शाखामा खाता नं. ०२११४००००११०६५२४ को बचत खाता रहेकोमा खाताबाला श्रीमति उमा राईको मिति २०७४/०२/१२ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, रतुवामाई गाउँपालिका मोरङको मिति २०७४/०३/०५ गतेको मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. श्रीमति उमा राईको पति हरिराम राईले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लागने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको गोंगबु शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।




# आठ खेलाडी सम्मानित

काठमाडौं, (नेस)

युवा तथा खेलकुद मन्त्रालयले विभिन्न ७ खेलका ८ खेलाडीलाई खेलकुद राष्ट्रिय प्रतिभा सम्मान-२०७४ बाट सम्मान गरेको छ। सम्मानित हुने खेलाडीमा एथ्लेटिक्सका हरिकुमार रिमाल, फुटबलका किरण चेम्जोङ, पारा तेक्वान्दोकी सीता भण्डारी, जुडोकी मनिता श्रेष्ठ प्रधान, आर्चरीका जितबहादुर मोक्तान, ब्याडमिन्टनकी नङ्शल तामाङ तथा भलिबलका इमबहादुर राना मगर र प्रतिभा माली रहेका छन्। भलिबलका दुवै खेलाडीले समान ५०-५० हजार तथा बाँकीले जनही १ लाखसहित सम्मानपत्र पाए।

सम्मानित प्रशिक्षक ब्याडमिन्टनका किरण थापा र करातेका दीपक श्रेष्ठले जनही १ लाख रुपियाँसहित सम्मानपत्र पाए। उत्कृष्ट खेल संघका रुपमा सम्मान गरिएको नेपाल भारोत्तोलन संघलाई पनि १ लाख दिइयो।

यसैगरी आर्थिक वर्ष २०७३/७४ सालमा भएका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल खेलाडीलाई पनि नगदसहित सम्मान गरियो। उक्त आर्थिक वर्षमा पदक प्राप्त गर्न सफल ३ सय १६ खेलाडीलाई नगदसहित सम्मान गरिएको राखेपअन्तर्गत खेलकुद विकास विभागका प्रशासकीय अधिकृत चन्द्रकुमार राईले जनाएका छन्।

सो अवधिमा नेपाली खेलाडीले विभिन्न खेलको व्यक्तिगत स्पर्धामा १ सय ३ स्वर्ण, ८४ रजत र ७५ कांस्य तथा टिम स्पर्धामा २८ रजत र २४ कांस्य पदक राष्ट्रलाई दिलाएका थिए। व्यक्तिगत र टिममा स्वर्ण जित्नेलाई १५ हजार, रजतलाई ८ हजार र कांस्यलाई ४ हजारका दरले नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो।

यस्तै खेल पत्रकारहरू नेपाल टेलिभिजनका राजु सिलवाल, न्युज २४ का मुकुन्द दाहाल, नागरिक दैनिकका अजय फुयाल, बीबीसी नेपाली सेवाका निरञ्जन राजवंशी, नेपाल लाइभ अनलाइनका नवीन अर्याल तथा कान्तिपुर दैनिकका हिमेशरत्न वज्राचार्य सम्मानित भए। उनीहरूलाई जनही १० हजार र सम्मानपत्र प्रदान गरियो।




# अंकका लागि नै खेल्छौं : कोजी



ताजिकिस्तानविरुद्धको खेल हुनुअघिको पत्रकार सम्मेलनमा बोल्दै नेपालका प्रशिक्षक ग्योटोकु कोजी। साथमा नेपाली कप्तान विराज महर्जन (बायाँ)। तस्वीर : उजोल डंगोल/काठमाडौं

नेपाल समाचारपत्र
काठमाडौं

एएफसी एसियन कप २०१९ छनोटअन्तर्गत आज नेपालले समूहको तेस्रो खेल खेल्दै छ। एन्फा मैदानमा हुने खेलमा नेपालले पाहुना टोली ताजिकिस्तानविरुद्ध खेल्नेछ। समूहमा एक अंकसहित तेस्रो स्थानमा रहेको नेपालका लागि यो खेल जित्नैका लागि खेल्नुपर्ने हुन्छ। त्यसो त समूहमा ताजिकिस्तानले अंक जोडेको छैन।

नेपालका प्रमुख प्रशिक्षक ग्योटोकु कोजीले जितकै लागि खेल्ने लक्ष्य लिएको सोमबार प्रिम्याच पत्रकार सम्मेलनमा बताए। उनले भने- 'नजिते पनि हामी अंकका लागि नै खेल्नेछौं। मैले ताजिकिस्तानको खेल हेरेको छु र उनीहरूको प्रदर्शनको पनि विश्लेषण गर्न पाएको छु। तर उनीहरूले त्यही स्तरमा खेल्नेछन् भन्नु पनि आवश्यक छैन। उनीहरू खेलेअनुसार नै हाम्रो रणनीति र योजना हुनेछ।'

उता ताजिकिस्तानका प्रशिक्षक फुजाएलोभ खाकिमले पनि जितकै लागि खेल्ने बताएका थिए। उनले भने- 'हामीले नेपालको यमनविरुद्धको खेल हेरेका छौं। उनीहरूले सानदार प्रदर्शन दिएका थिए। अंक ल्याउन दुवै टोलीका लागि खेल चुनौतीपूर्ण हुनेछ। हामी घरबाहिर खेलिए पनि हामीमाथि दबाब छैन हामी खोलेर खेल्न सक्छौं।'

## घरहरा

### कमिसन खान जोडतोड



अहिलेसम्मकै इतिहासमा नेपाल प्रहरीले ठूलो परिमाणको सुन बरामद गर्‍यो। सुन कसले कहाँबाट कसरी ल्यायो यो खोजीका पाटो होला। तर सुन समातिएपछि कमिसनका लागि उपत्याकाभरिका प्रहरी कार्यालयबाट नाम टिपाउनेको लर्को लागेको देखेर धरहरा तीनछक परेको छ भन्या। महागनरीय आयुक्तदेखि सिपाहीसम्मले अपराध महाशाखाका हाकिमलाई सुराकीमा नाम राखिदिन दिएको नजानिँदो दबाब भने धरहराले देखेको छ। पैसाका लागि महादेवका तीन नेत्र भनेझैं अहिलेका मेट्रोका हाकिमसाब अलि अगाडि नै छन् भन्ने धरहराले सुन्ने गरेको थियो। यो हो कि होइन, भगवान् जानून् कि मेट्राका हाकिम नै जानून्। जसले काम गरेको हो, उसैले त्यसको सुविधा पाउनुपर्ने हो। तर प्रहरी मात्र होइन, राजस्व अनुसन्धान विभागका कर्मचारीले समेत भाग खोज्ने गरेको सुन्दा धरहरालाई लाज लागेर आउँछ। हैन यो कस्तो चाला हो? बसी बसी पनि कमिसन खानु त पक्कै हजम हुँदैन होला। कि कसो त पाठकवृन्द?

## खेल सङ्क्षेप

### जेष्ठ ब्याडमिन्टनमा ८ विधा

काठमाडौं, (नेस)

बुधबारदेखि शुरु हुने दोस्रो जेष्ठ राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगितामा कुल आठ विधामा प्रतिस्पर्धा गराइने सोमबार पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ। वसुन्धरास्थित जेष्ठ ब्याडमिन्टन एकेडेमीको कोर्टमा हुने प्रतियोगितामा पुरुष एकल, पुरुष जोडी, महिला एकल, मिश्रित जोडी, यू-१७ पुरुष र महिला एकल, ३५ वर्ष र ४५ वर्षमाथिको मास्टर गरी कुल ८ विधामा प्रतिस्पर्धा गराइने भएको हो।

### सेब र रेडिअन्ट क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

सेब, रेडिअन्ट र महामञ्जुश्री छैटौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। सेबले पिपुल्स एकेडेमीलाई ३८-१८, रेडिअन्टले होलीभिजनलाई ४१-२२ तथा महामञ्जुश्रीले जेनिथलाई २६-१२ ले पराजित गरे।

### सेन्ट जेभियर विजयी

काठमाडौं, (नेस)

सेन्ट जेभियरले बृहस्पति कप अन्तरविद्यालय सेभेन ए साइड फुटबल प्रतियोगिताको ब्वाइजमा दोहोरो जित हात पारेको छ। सेन्ट जेभियरले रोजबडलाई ४-० तथा केएमसीलाई ५-२ गोलले पराजित गर्‍यो। ब्वाइजकै अन्य खेलमा नेपाल पुलिस स्कुलले विद्या संस्कारलाई २-० तथा रोजबडले केएमसीलाई ४-० गोलले हराए।

### न्यु समिट र जेभियरलाई उपाधि



काठमाडौं, (नेस)

न्यु समिट र जेभियर इन्टरनेसनल कलेजले आठौं बर्नहार्ट कप अन्तरकलेज बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन्। न्यु समिट ब्वाइज तथा जेभियर गर्ल्समा च्याम्पियन बने। आयोजक काठमाडौं बर्नहार्ट कलेजको कोर्टमा भएको ब्वाइज फाइनलमा न्यु समिटले गोल्डेनगेट इन्टरनेसनल कलेजलाई ७०-४९ ले पराजित गर्‍यो। टोलीका विशाल मानन्धरले १८ अंक जोडे। गर्ल्सको उपाधि भिडन्तमा जेभियरले साइपाल एकेडेमीलाई ३२-२९ ले हरायो। टोलीकी सुष्मा गौतमले १२ स्कोर गरिन्।

# मान्डुमा एनटीए टिम च्याम्पियन

काठमाडौं, (नेस)

नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए)ले प्रथम मान्डु इन्डोर तेक्वान्दो च्याम्पियनसिपको उपाधि ५ स्वर्ण, २ रजत र २ कांस्यसहित टिम च्याम्पियनको उपाधि उचालेको छ।

मान्डु तेक्वान्दो डोजाङ र मान्डु एकेडेमीद्वारा संयुक्त आयोजित प्रतियोगितामा मान्डु एकेडेमी ४ स्वर्ण, ३ रजत र २ कांस्यसहित दोस्रो भयो। तेस्रो स्थानमा रहेको तारा सदनले ३ स्वर्ण, १ रजत र १ कांस्य हासिल गर्‍यो।

# मुगुरुजा र सारापोभा बाहिरिए

न्युयोर्क, (एजेन्सी)

विम्बल्डन च्याम्पियन गार्बिन मुगुरुजा न्युयोर्कमा जारी यूएस ओपन टेनिसको चौथो चरणबाट बाहिरिएकी छन्।

मुगुरुजा आइतबार भएको खेलमा चेक रिपब्लिककी पेट्रा किटोभासँग ७-६, ६-३ ले हारेकी हुन्। पहिलो सेटमा ४-१ ले अग्रता लिएर राम्रो स्थितिमा रहे पनि उनले हार बेहोर्नुपर्‍यो। योसँगै उनको विश्व नम्बर एक हुने आशामा पनि धक्का लाग्ने सक्ने भएको छ। किटोभाले पहिलो सेट टाइब्रेकसम्म तानेर ७-३ स्कोरले आफ्नो पक्षमा पारेपछि नै उनको चुनौती कमजोर भएको थियो। दोस्रो सेट एक सर्भिस ब्रेकमै किटोभाले जितेकी थिइन्। यो किटोभाको न्युयोर्कमा दुई वर्षपछि अन्तिम आठको यात्रासमेत हो।



पेट्रा किटोभा

२७ वर्षीया किटोभा गत डिसेम्बरमा आफ्नै घरमा छुराको आक्रमणमा परेकी थिइन्। स्वस्थ भएपछि उनी यसै मेमा कोर्टमा फर्केकी थिइन्। किटोभाको बायाँ हातमा ठूलै घाउ भएको थियो। गत साता मात्रै पनि सो घाउ सामान्य नभएको बताइएको थियो। उनको सामना अन्तिम आठमा भेनस विलियम्ससँग हुनेछ। रसियन खेलाडी मारिया सारापोभा पनि आइतबार राति नै यूएस ओपनको चौथो चरणबाटै बिदा भइन्। सारापोभालाई लात्भियाकी एनास्टासिया सेभास्टोभाले ५-७, ६-४, ६-२ ले पाखा लगाएकी थिइन्। सारापोभाले डोपिङमा परेर १५ महिना निलम्बित भएर वाइल्ड कार्डमार्फत पहिलो पटक ग्रान्डस्लाम प्रतियोगितामा सहभागिता जनाएकी थिइन्।

# सामाखुसी शीर्ष स्थानमा

RedBull NATIONAL FUTSAL LEAGUE CHAMPIONSHIP 2074

काठमाडौं, (नेस)

सामाखुसी फुटसल जारी रेडबुल फुटसल लिगअन्तर्गत समूह 'बी'को शीर्ष स्थानमा रहेको छ। सामाखुसीले सोमबार भएको खेलमा रजीनी फुटसललाई रोमाञ्चक तरिकाले ८-७ गोल अन्तरले हराएर शीर्ष स्थानमा रहेको हो। यस्तै चौर रिक्रिएसनलमा भएका खेलमा शंखमूल फुटसलले फुटसल भिलेजलाई ७-० गोलअन्तरले हराएको थियो।

यसैगरी स्टुप फुटसलले चौर रिक्रिएसनललाई ९-३ गोलअन्तरले पराजित गर्‍यो। जबकि रेभ फुटसलले ढुकु हबको चुनौती ६-५ गोलअन्तरले पन्छाएको थियो। यस्तै किक अफले खुमलटार युवा क्लबमाथि १०-४ गोलअन्तरले जित दर्ता गरेको थियो। हरिसिद्धि फुटसलले बीजी ब्रदर्सलाई ७-६ गोलअन्तरले किनारा लगाउँदा खालीबारी फुटसल क्लबको जित्ने आशा धनयन्त्री फुटसलले क्षीण तुल्याइदिएको थियो।

# बेल्जियम विश्वकपमा छनोट

लन्डन, (एजेन्सी)

बेल्जियम युरोपेली छनोटबाट सन् २०१८ को रसियामा आयोजना हुने फिफा विश्वकपमा छनोट भएको छ।

समूह 'एच'अन्तर्गत आइतबार राति भएको खेलमा ग्रिसलाई २-१ गोलअन्तरले हराउँदै बेल्जियमले विश्वकपमा स्थान पक्का गरेको हो। यससँगै बेल्जियम विश्वकपमा छनोट हुने छैटौं राष्ट्र बन्यो। त्यस्तै समूहमा २२ अंक बटुलेको बेल्जियम युरोपेली क्षेत्रबाट विश्वकपमा छनोट हुने दोस्रो राष्ट्रसमेत हो। यसअघि रसिया आयोजकका रुपमा स्वतः छनोट भइसकेको छ। अन्यमा मेक्सिको, ब्राजिल, इरान र जापान पनि आ-आफ्नो क्षेत्रबाट विश्वकपमा पुगेका हुन्।

बेल्जियमलाई विश्वकप यात्रा तय गराउने खेलमा जान भर्टोनघेन र रोमेलु लुकाकुले १/१ गोल गरेका थिए। पहिलो हाफसम्म गोलविहीन बनेको उक्त खेलको ७०औं मिनेटमा जान भर्टोनघेनले गोल गर्दै बेल्जियमलाई शुरुआती अग्रता दिलाए। तर त्यसको ३ मिनेटपछि नै रोड्रिग्वेसले बराबरी गोल गर्दै ग्रिसलाई खेलमा फर्काए। त्यसको १ मिनेट नबित्दै स्टार खेलाडी रोमेलु लुकाकुले गोल गर्दै बेल्जियमलाई २-१ ले अगाडि पारे।

**फ्रान्स शीर्षमै**

आइतबारै भएको युरोपेली क्षेत्रको समूह 'ए'को खेलमा फ्रान्सले लक्जेम्बर्गसँग गोलरहित बराबरी खेल्दै अंक बाँडेको छ। समूहको अर्को खेलमा नेदरल्यान्ड्सले बुल्गेरियालाई ३-१ ले हरायो। उक्त खेलमा नेदरल्यान्ड्सका लागि डेभि प्रपरले दुई तथा आर्येन रोबेनले एक गोल गरेका थिए। यसै समूहमा रहेको स्विडेनले पनि बेलारुसलाई ४-० ले सहजै पराजित गरेको छ। फ्रान्स १७ अंकसहित समूहको शीर्ष स्थानमा यथावत् रहेको छ। यस्तै स्विडेन १६ अंकसहित दोस्रो स्थानमा रहँदा १३ अंक जोडेका नेदरल्यान्ड्स समूहको तेस्रो स्थानमा छ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ